# जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८०

## (District Disaster Preparedness and Response Plan, 2080)

### (पाँचौं अद्यावधिक संस्करण)




- खोज तथा उद्धार, समन्वय
- सुचना विश्लेषण तथा समन्वय
- खाद्य, कृषि तथा आपूर्ति व्यवस्थापन
- आपत्कालीन शिविर आवास तथा गैह्रखाद्य व्यवस्थापन
- स्वास्थ्य तथा पोषण
- खानेपानी सरसफाई तथा स्वच्छता
- सामाजिक सुरक्षा तथा आपत्कालीन संरक्षण
- शिक्षा
- राहत, पुन:निर्माण /पुन:स्थापना


प्रकाशक

जिल्ला विपद् व्यवस्थापन समिति, रूकुम (पूर्वी भाग)




## जिल्ला बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० रूकुम (पूर्वी भाग)
(District Disaster Preparedness and Response Plan, 2080 Rukum (Eastern part)


| | | |
|---|---|---|
| दस्तावेज | : | जिल्ला बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७५, रूकुम (पूर्वी भाग) को पाँचौ अध्यावधिक कार्य २०८० असार (२०८०/०८१ का लागि) |
| सल्लाहकार | : | माधव प्रसाद शर्मा - प्रमुख जिल्ला अधिकारी |
| प्रकाशक | : | जिल्ला बिपद् व्यवस्थापन समिति, रूकुम (पूर्वी भाग) |
| प्रकाशन मिति | : | २०८० श्रावण |
| व्यवस्थापन | : | जिल्ला बिपद् व्यवस्थापन समिति, रूकुम (पूर्वी भाग) |
| सर्वाधिकार | : | ©प्रकाशकमा |

**जिल्ला बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० प्रकाशनको लागि**

| | | |
|---|---|---|
| प्राविधिक सहयोग | : | सन्तोष ढकाल - नेपाल रेडक्रस सोसाइटी |
| | | शिव प्रसाद अधिकारी - UMN Rukum (Eastern part) Cluster |
| | | भुवन सेजुवाल - UNFPA |
| आर्थिक सहयोग | : | नेपाल रेडक्रस सोसाइटी, संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (UNFPA) र यूएमएन रूकुम कलष्टर |

### जिल्ला बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० अद्यावधिक कार्यदल

| | | |
|---|---|---|
| संयोजक | : | हिरालाल आचार्य - स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय रूकुम (पूर्वी भाग) |
| सदस्य | : | गणेश पाण्डे - प्र.नि. जिल्ला प्रहरी कार्यालय रूकुम (पूर्वी भाग) |
| सदस्य | : | सत्य कुमार बुढाथोकी - स.प्र.नि. सशस्त्र प्रहरी बल आश्रित गुल्म रूकुम (पूर्वी भाग) |
| सदस्य | : | रविन्द्र बुढाक्षेत्री - नि.जि.स.अ., जिल्ला समन्वय समितिको कार्यालय |
| सदस्य | : | नारायण प्रसाद चौधरी - कार्यालय प्रमुख, स्वास्थ्य कार्यालय रूकुम (पूर्वी भाग) |
| सदस्य | : | प्रकाश न्यौपाने - कार्यालय प्रमुख, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय रूकुम (पूर्वी भाग) |
| सदस्य | : | तिलक गौतम - कार्यालय प्रमुख, शिक्षा विकास तथा समन्वय ईकाइ रूकुम (पूर्वी भाग) |
| सदस्य | : | पिताम्बर बस्नेत - कार्यालय प्रमुख, एकीकृत कृषि तथा पशुपंक्षि विकास कार्यालय रूकुम |
| सदस्य | : | दिपक खड्का - कार्यालय प्रमुख, सडक पूर्वाधार विकास कार्यालय रूकुम (पूर्वी भाग) |
| सदस्य | : | विकास विक्रम शाह - प्र.प्र.अ. सिस्ने गाउँपालिका रूकुम (पूर्वी भाग) |
| सदस्य | : | रमेश कुमार राई - ब.अ.स. राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय रूकुम (पूर्वी भाग) |
| सदस्य | : | भुवन सेजुवाल - जिल्ला कार्यक्रम अधिकृत, UNFPA रूकुम (पूर्वी भाग) |
| सदस्य | : | शिव प्रसाद अधिकारी - Cluster Lead, UMN Rukum (Eastern part) Cluster |
| सदस्य | : | सर्जना कार्की - उपाध्यक्ष, पत्रकार महासङ्घ रूकुम (पूर्वी भाग) |
| सदस्य | : | प्रतिष्णा राजभण्डारी - संयोजक, जुनियर युवा रेडक्रस सर्कल त्रि.ज.मा.वि. छिप्रिदह |
| सदस्य सचिव | : | सन्तोष ढकाल - कार्यक्रम अधिकृत, नेपाल रेडक्रस सोसाइटी रूकुम (पूर्वी भाग) जिल्ला शाखा |



## विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम को संरचना




## जिल्ला बिपद् व्यवस्थापन समितिको गठन प्रक्रिया :

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| जिल्ला समन्वय समितिको प्रतिनिधि | सदस्य |
| जिल्ला भित्रका स्थानीय तहका प्रमुख वा अध्यक्ष | सदस्य |
| जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरू | सदस्य |
| स्वास्थ्य सम्बन्धी विषय हेर्ने जिल्ला स्थित कार्यालयको प्रमुख | सदस्य |
| जिल्ला स्थित पूर्वाधार तथा सामाजिक विकाससँग सम्बन्धित कार्यालयका प्रमुखहरू | सदस्य |
| राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका जिल्ला स्थित प्रमुख वा प्रतिनिधिहरू | सदस्य |
| नेपाल रेडक्रस सोसाइटीको जिल्ला स्थित प्रमुख | सदस्य |
| गैह्रसरकारी संस्था महासङ्घको जिल्ला स्थित प्रमुख | सदस्य |
| नेपाल पत्रकार महासङ्घको जिल्ला स्थित प्रमुख | सदस्य |
| उद्योग वाणिज्य महासङ्घको जिल्ला स्थित प्रमुख | सदस्य |
| प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत | सदस्य सचिव |

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
रूकुम (पूर्वी भाग)

प्र.जि.अ-फोन नं: ०८८-४१३०६५
प्रशासन शाखा-फोन नं. ०८८-४१३०८३
नागरिकता शाखा-फोन नं. ०८८-४१३१३०
ईमेलः daorukumeast76@gmail.com

प.सं. ०८०/०८१ (प्रशासन)
च.नं.

## मन्तव्य

नेपाल मौसमी, भौगोलिक, प्राकृतिक आदि क्षेत्रमा विविधतायुक्त देश हो । सामान्यतया नेपालमा असारदेखि असोजसम्मको झण्डै सय दिन मनसुन सक्रीय हुन्छ । यहाँ पहिरो, बाढी, कटान, डुबान, चट्याङ, हिमपात, तुसारो, सितलहर, सर्पदंश, झाडापखाला, डेंगु कालाज्वर, टाइफाइड जस्ता पानीजन्य प्रकोपहरू र सडक दुर्घटनाका कारण मानवीय क्षतिका साथै ठुलो भौतिक क्षती हुने गरेको छ । बाढी, पहिरो, लगायतका बिपद्बाट संवेदनशील पूर्वधार तथा आधारभूत सेवाहरू अवरूद्ध हुने, आवतजावत बन्द हुने र जनजीवन प्रभावित हुने गरेको छ । नेपालमा वार्षिक रूपमा बिपद्बाट प्रभावित हुने जनसङ्ख्या तथा आर्थिक क्षतिको ठुलो हिस्सा मनसुनजन्य बिपद् रहेको छ ।

अझ खासगरी यस प्रकारको बिपद्ले सङ्कटासन्न अवस्थामा रहेका समुदायका महिला, बालबालिकाहरु, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक र कमजोर आर्थिक अवस्था भएका नागरिकहरु बढी प्रभावित भएको देखिन्छ । मानवीय क्रियाकलाप तथा अन्य कारणहरूबाट जलवायु परिवर्तनको असरले बिपद्का ठूला र भयानक लक्षणहरु देखा पर्न सक्ने र जसको समयमा नै सावधानीपूर्वक व्यवस्थापन गर्न पूर्वतयारी गर्न सकिएन भने भविष्यमा अत्यन्त ठूलो क्षती व्यहोर्नु पर्ने हुन्छ । यसैक्रममा नेपाल सरकारले बिपद् जोखिम न्यूनीकरण तथा बिपद् ब्यवस्थापन ऐन, २०७४ (संशोधन २०७५) अनुसार प्रत्येक जिल्लामा जिल्ला बिपद् व्यवस्थापन समिति गठन गरी मौसमजन्य प्रकोपका कारणले निम्तिने बिपद्का घटनाहरूलाई कम गर्न र बिपद्को समयमा प्रतिकार्यमा सहयोग पुऱ्याउन जिल्ला बिपद् व्यवस्थापन समितिले प्रत्येक वर्ष बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना नियमित रूपमा निर्माण तथा अद्यावधिक गर्ने गरेको छ ।

नेपाल सरकार गृह मन्त्रालयले बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ तथा जिल्ला बिपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६९, बिपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, राष्ट्रिय बिपद् प्रतिकार्य कार्यढाँचा २०७५, बिपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० को अवधारणागत ढाँचा समेत तयार गरी लागु गरेको छ । उक्त मार्गदर्शनहरूमा आधारित रहेर यस जिल्लाको बिपद् व्यवस्थापनका सम्बन्धमा जिल्ला बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० निर्माण गरी लागु गर्नुपर्ने आवश्यकता महशुस गरी जिल्ला बिपद् व्यवस्थापन समितिबाट स्वीकृत गरी जिल्ला बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० प्रकाशन गरिएको छ । यस कार्यमा जिल्ला बिपद् व्यवस्थापन समिति रूकुम (पूर्वी भाग) को नेतृत्व र जिल्लामा क्रियाशील अगुवा सहयोगी संस्थाहरू **Nepal Red Cross Society, UNFPA, UMN RUKUM East CLUSTER** लगायतका **राष्ट्रिय/अन्तर्राष्ट्रिय गैह्र** सरकारी सङ्घ संस्थाहरूको आर्थिक तथा प्राविधिक सहयोग रहेको छ । यस योजनालाई मूर्तरूप दिनका लागि जिल्ला बिपद् व्यवस्थापन समिति रूकुम (पूर्वी भाग) को मिति **२०७९ चैत्र २२** गते बसेको बैठकको निर्णय बमोजिम बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, **२०८० तयार गर्नका लागि गठन गरिएको मस्यौदा** तर्जुमा समिति, जिल्ला समन्वय समिति, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरु, सुरक्षा निकाय, सञ्चार माध्यम, उद्योग वाणिज्य सङ्घ, जिल्ला बिपद् व्यवस्थापन समितिका सदस्यहरु साथै जिल्लामा क्रियाशील सरकारी **कार्यालय, राष्ट्रिय/अन्तर्राष्ट्रिय** गैह्रसरकारी सङ्घ संस्था तथा यस जिल्ला बिपद् प्रतिकार्य योजना, **२०८०** तयार पार्नमा सहयोग पुऱ्याउनुहुने सम्पूर्णमा हार्दिक धन्यवाद् दिन चाहन्छु । यस योजना अनुसार स्थानीय तह, क्षेत्रगत निकाय, जिम्मेवार पक्ष, सरोकारवाला निकाय लगायत नागरिक समाजबाट जिल्लाको बिपद् व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरेको छु । साथै बिपद्का समयमा हुन सक्ने जनधनको क्षती न्यूनीकरण गर्न यस योजनाले मद्दत गर्ने अपेक्षा गरेको छु । अन्त्यमा, यस कार्ययोजना निर्माणमा खटीनु हुने कार्यदलका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू, विवरण उपलब्ध गराउने निकाय, संस्था, व्यक्तिहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै यस जिल्ला बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यन्वयनका लागि सम्पूर्ण सरोकारवाला निकाय तथा पदाधिकारीहरूबाट तोकिएको जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह हुनेछ भन्ने विश्वास लिएको छु ।

(**माधवप्रसाद शर्मा**)
प्रमुख जिल्ला अधिकारी
एवं
अध्यक्ष, जिल्ला बिपद् व्यवस्थापन समिति रूकुम (पूर्वी भाग)

**Nepal Red Cross Society**
**Rukum East District Chapter**

Kamaldaha, Sisne RM-5 Rukumkot
Rukum East
Phone: 9857857099
E-mail: rukumeast.dc@nrcs.org
Website: www.nrcs.org

Ref No.............

## मन्तब्य

नेपालमा बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी, शीतलहर, चट्याङ्ग जस्ता विपद्बाट प्रत्येक वर्ष ठूलो जनधनको क्षति हुने गरेको छ । अझ खासगरी यसप्रकारको विपद्हरूले संकटासन्न अवस्थामा रहेका महिला तथा बालबालिकाहरू, अपाङ्गता भएका ब्यक्तिहरू, जेष्ठ नागरिकहरूलाई बढि मात्रामा असर पुगेको देखिन्छ । मानवीय क्रियाकलाप तथा अन्य कारणहरू एवं जलवायु परिवर्तनको प्रभावले विपद्का अझै खतरनाक र ठूला लक्षणहरू देखा पर्न सक्ने र जसको समयमा नै सावधानीपूर्वक ब्यवस्थापन तथा पूर्वतयारी गर्न सकिएन भने भविष्यमा अत्यन्त ठूला विपद्हरू आउन सक्ने सम्भावना रहेको देखिन्छ ।

यसै क्रममा नेपाल सरकारले बिपद् जोखिम न्यूनीकरण तथा बिपद् ब्यवस्थापन ऐन २०७४ (संशोधन २०७५) अनुसार प्रत्येक जिल्लामा जिल्ला बिपद् ब्यवस्थापन समितिको गठन गरी विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माण तथा अद्ययावधिक गर्ने कार्य गर्दै आइरहेको छ । नेपाल सरकार गृह मन्त्रालयले विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन जिल्ला तह २०६७ (updated draft 2075) तथा जिल्ला विपद् ब्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६९, विपद् जोखिम न्यूनिकरण राष्ट्रिय नीति २०७५, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७५, विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० को अवधारणागत ढाँचामा तयार गरेको छ । उक्त मार्गदर्शनमा आधारित रहेर रूकुम (पूर्वी भाग) जिल्लामा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७५ निर्माण गरिएको र समयक्रमसँगै सो योजनालाई अद्ययाबधिक गर्नुपर्ने आवश्यकता महसुस गरी जिल्ला विपद् ब्यवस्थापन समितिवाट स्विकृत गरी जिल्ला विपद् पूर्ब तयारी तथा प्रतिकार्य योजना २०७५ को पाँचौ अद्यावधिक २०८० प्रकाशनमा ल्याइएको छ । यस कार्यमा जिल्ला बिपद् ब्यवस्थापन समिति रूकुम (पूर्वी भाग) को नेतृत्व र यस क्षेत्रमा जिल्ला अगुवा सहयोगी संस्था (District Lead Support Agency-DLSA) नेपाल रेडक्रस सोसाइटी, रूकुम पूर्व जिल्ला शाखाको आर्थिक तथा प्राविधिक सहयोगमा अद्यावधिक भएको यस योजनालाई मूर्तरूप दिनका लागी जिल्ला शाखामा कार्यरत कार्यक्रम अधिकृत सन्तोष ढकाल, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण कार्यदल, विभिन्न विषयगत कार्यालयहरू, जिल्ला समन्वय समिति, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, स्थानीय तहका प्रमुखहरू, सुरक्षा निकायका प्रमुखहरू, पत्रकार महासंघ, रूकुम पूर्व जिल्ला उद्योग बाणिज्य संघ, जिल्लामा क्रियाशिल संघसस्थाहरू, बिभिन्न सञ्चार माध्यम लगायत जिल्ला बिपद् ब्यवस्थापन समितिका सम्पूर्ण सदस्यहरू लगायत मानवीय सहायता कार्यमा संलग्न सम्पूर्ण निकायहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु । यस योजना अनुसार स्थानिय तहहरूले समेत स्थानीय तहको बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याएमा जिल्लामा बिपद् ब्यवस्थापनमा सहयोग पुग्नुका साथै बिपद्का घटनाबाट हुनसक्ने धनजनको क्षतिलाई कम गर्न समेत मद्दत पुग्ने अपेक्षा गरेको छु । अन्त्यमा यस कार्ययोजनामा जिम्मेवारी तोकिएका सम्पूर्ण निकाय तथा पदाधिकारीहरूबाट आफूलाई तोकिएको जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह हुने बिश्वास गर्दै आउदा दिनहरूमा पनि नेपाल रेडक्रस सोसाइटी रूकुम पूर्व जिल्ला शाखा यस क्षेत्रमा सदवै त्रियाशील रहनेछ भन्ने प्रतिवद्धता ब्यक्त गर्दछु ।

...................................................

**दामोदर गौतम**
**सभापति**
**नेपाल रेडक्रस सोसाइटी**
**रुकुम (पूर्व) जिल्ला शाखा**

## संक्षिप्त शब्दावली

| | |
|---|---|
| जि. प्रशा. का | जिल्ला प्रशासन कार्यालय |
| जि. प्र. का | जिल्ला प्रहरी कार्यालय |
| डि. व का | डिभिजन वन कार्यालय |
| स्वा का | स्वास्थ्य कार्यालय |
| गा पा | गाउँपालिका |
| स्था वि व्य स | स्थानीय बिपद् व्यवस्थापन समिति |
| गै स स | गैह्र सरकारी संस्था |
| ने रे सो | नेपाल रेडक्रस सोसाइटी |
| स्वा से | स्वास्थ्य सेवा |
| ने से | नेपाली सेना |
| स प्र ब | सशस्त्र प्रहरी बल |
| मा.वि. | माध्यमिक विद्यालय |
| प्रा वि | प्राथमिक विद्यालय |
| आ.वि. | आधारभूत विद्यालय |
| न पा | नगरपालिका |
| आ व | आर्थिक वर्ष |
| सा व उ स | सामूदायिक वन उपभोक्ता समूह |
| जि स स | जिल्ला समन्वय समिति |
| उ वा सं | उद्योग बाणिज्य सङ्घ |
| हुरेडकार्स | मानव अधिकार वातावरण विकास तथा अनुसन्धान केन्द्र |
| मिक नेपाल | नेपाल मगर सेवा समाज तथा सूचना केन्द्र |
| DPRP | District Disaster Preparedness and Response Plan |
| VCA | Vulnerability Capacity Assessment |
| CCA | Climate Change Adaptation |
| UNFPA | United Nation Population Fund |
| NGO | Non-Governmental Organization |
| I/ NGO | International /Non-Governmental Organization |
| DDMC | District Disaster Management Committee |
| LDCRP | Local Disaster and Climate Resilient Plan |
| LDRMP | Local Disaster Risk Management Plan |
| DRR | Disaster Risk Reduction |
| UN | United Nation |
| DEOC | District Emergency Operation Center |
| DLSA | District Lead Support Agency |
| NEOC | National Emergency Operation Center |
| POEC | Provincial Emergency Operational Center |
| UNICEF | United Nations Children's Fund |
| D-WASH CC | District Water Sanitation and Hygiene Coordination Committee |

| | |
|---|---|
| DHO | District Health Office |
| IRA | Initial Rapid Assessment |
| MIRA | Multi Initial Rapid Assessment |
| PDNA | Post Diwsaster Need Assessment |

**प्रकोप तथा जलवायु परिवर्तनसँग सम्बन्धीत बढी प्रयोग भएका नेपाली शब्दावलीहरु र तिनीहरुको अङ्ग्रेजी रुप**

| **नेपाली शब्द** | **अंग्रेजी शब्द** |
|---|---|
| भवन निर्माण संहिता | Building Code |
| क्षमता | Capacity |
| क्षमता विकास | Capacity Building |
| जलवायु परिवर्तन | Climate Change |
| आपत्कालीन व्यवस्थापन | Emergency Management |
| सामना गर्न सक्ने क्षमता | Coping Capacity |
| बिपद् | Disaster |
| बिपद् जोखिम | Disaster Risk |
| बिपद् व्यवस्थापन | Disaster Management |
| बिपद् जोखिम व्यवस्थापन | Disaster Risk Management |
| पूर्वचेतावनी प्रणाली | Early Warning System |
| वातावरणीय ह्रास | Environmental Degradation |
| सम्मुखता | Exposure |
| पूर्वानुमान | Forecast |
| भौगर्भिक प्रकोप | Geological Hazard |
| प्रकोप | Hazard |
| पूर्वतयारी | Preparedness |
| रोकथाम | Prevention |
| पूनर्लाभ | Recovery |
| उत्थानशील | Resilience |
| प्रतिकार्य | Response |
| प्रबलीकरण | Retrofitting |
| जोखिम | Risk |
| जोखिम विश्लेषण | Risk Assessment |
| जोखिम व्यवस्थापन | Risk Management |
| जोखिम स्थानान्तरण | Risk Transfer |

# विषय सूची


**परिच्छेद-१ परिचय (Introduction)** ........ १
१.१ पृष्ठभूमि (Background) ........ १
१.२ नेपालमा बिपद् जोखिम ........ २
१.४ सामाजिक, आर्थिक र साँस्कृतिक अवस्था ........ ३
१.५ रूकुम (पूर्वी भाग) जिल्लाको गाउँपालिकागत घरधुरी तथा जनसङ्ख्या विवरण ........ ४
१.६ यातायात तथा विकास पूर्वाधारको सुबिधा ........ ४
१.७ स्वास्थ्य, सरसफाइ, जलाधार र खानेपानी ........ ५
१.८ सम्भावित पहिरो तथा भू-क्षय क्षेत्र ........ ६
**परिच्छेद-२ उद्देश्य** ........ ६
२.१ बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य : ........ ६
२.२ बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका अपेक्षित परिणामहरू ........ ७
२.३ बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता ........ ७
२.४ पूर्वतयारीका लागि सामान्य मान्यताहरू ........ ८
२.५ बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको तयारी प्रक्रिया ........ ८
२.६ बिपद् पूर्वतयारी प्रतिकार्य योजनाको तयारीका सीमाहरू ........ ९
**परिच्छेद - ३** ........ ९
३. बिपद् जोखिमको अवस्था ........ ९
३.१ नेपालमा बिपद् जोखिम व्यवस्थापन र वर्तमान नीति ........ ९
३.२ बिपद् उद्धारमा प्रत्यक्ष सरोकार राख्ने निकायहरू: ........ १३
३.३ बिपद् व्यवस्थापनमा कार्य गर्ने सरोकारवालाहरूको कार्य विवरण : ........ १४
३.४ वर्षायाममा हुन सक्ने जोखिमहरू:- ........ १४
३.५ बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना र बिपद् सम्बन्धी कार्य गर्ने अन्य निकायहरू ........ १५
३.६ प्रकोप विश्लेषण ........ १८
३.७ स्थानीय तहहरूमा श्रोत साधन मापनको अवस्था ........ २२
३.८ आपत्कालीन अवस्थामा खोज तथा उद्धारका लागि तयार गरीएका हेलीप्याडहरूको विवरण ........ २३
३.९ स्वास्थ्य सेवा कार्यालयहरू ........ २३
३.१० बिपद् प्रभावित परिवारहरूका लागि तयार गरिएका अस्थायी आवासहरू: ........ २३
३.११ जिल्लाको सम्बन्ध चित्र ........ २३
**परिच्छेद -४** ........ २४
४. क्षेत्रगत प्रतिकार्य योजना ........ २४
**५. अनुसूची र व्याख्या** ........ ५५
५.१ बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना क्रियाशील हुने ........ ५५
५.२ बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजना ........ ५५
५.३ बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा पुनरावलोकन रणनीति ........ ५५

५.४ प्रतिवेदन तथा अभिलेखन : ५५
५.५ संस्थागत व्यवस्था : ५५
५.६ अनुमोदन प्रक्रिया : ५६
**अनुसूची-१** ५६
योजना तर्जुमा प्रक्रियामा समितिहरूको प्रथम बैठकको कार्यसूची ५६
**अनुसूची-२** ५७
विषयगत क्षेत्रको प्रथम बैठकको मुख्य कार्यसूची ५७
**अनुसूची-३** ५७
प्रजनन् स्वास्थ्य संयोजक वा सम्पर्क व्यक्तिको भूमिका र दायित्व ५७
**अनुसूची-४** ५८
बिपद् प्रभावित जनसङ्ख्याको प्रजनन् स्वास्थ्य आवश्यकता अनुमानका लागि ५८
**अनुसूची-५** ५८
बिपद् प्रभावित जनसङ्ख्याको अनुमानका लागि ५८
**अनुसूची-६** ५९
मानवीय कार्यकर्ताहरूका लागि आचारसंहिता ५९
**अनुसूची-७** ६०
राष्ट्रियस्तरका महत्वपूर्ण कार्यालयका टेलिफोन नम्बरहरू ६०
**अनुसूची ८** ६०
जनप्रतिनिधिहरूको विवरण ६०
**अनुसूची-९** ६०
गाउँपालिकाका जनप्रतिनिधिहरूको विवरण ६०
**अनुसुची-१०** ६२
रूकुम (पूर्वी भाग) जिल्लाका सरकारी कार्यालयहरूको सम्पर्क नम्बर सहितको विवरण ६२
**अनुसूची-११** ६३
जिल्लास्थित सुरक्षा कार्यालयहरूको विवरण ६३
**अनुसूची-१२** ६४
स्टक गैह्रखाद्य सामग्रीको विवरण ६४
**अनुसूची-१३** ६५
स्टक खोज तथा उद्धार सामग्रीको विवरण ६५
**अनुसूची-१४** ६६
रूकुम (पूर्वी भाग) मा भएका लघु जलविद्युतको विवरण ६६
**अनुसूची-१५** ६७
जिल्ला स्थित संयन्त्रको विवरण ६७
**अनुसूची-१६** ६८
रूकुम पुर्व जिल्लाका सामुदायिक विद्यालय र प्रधानाध्यापक विवरण ६८
**अनुसूची-१७** ७१
नागरिक समूहको विवरण ७१

**अनुसूची-१८** ७२
जिल्लामा कार्यरत विभिन्न सङ्घ संस्थाहरूको बिवरण ७२
**अनुसूची-१९** ७३
जिल्लामा क्रियाशील राजनीति दलहरूको विवरण ७३
**अनुसूची-२०** ७३
जिल्लास्थित स्वास्थ्य कार्यालयहरूको विवरण ७३
**अनुसूची-२१** ७४
जिल्ला द्रुत प्रतिकार्य टोली (QRT) ७४
**अनुसूची-२२** ७४
स्थानीय बिपद् व्यवस्थापन समिति, सिस्ने गाउँपालिका ७४
**अनुसूची-२३** ७५
स्थानीय बिपद् व्यवस्थापन समिति, पुथा उत्तरगङ्गा गाउँपालिका ७५
**अनुसूची-२४** ७६
स्थानीय बिपद् व्यवस्थापन समिति, भूमे गाउँपालिका ७६
**अनुसूची-२५** ७६
जिल्ला सहकारी सङ्घ रूकुमकोट ७६
**अनुसूची-२६** ७७
एम्बुलेन्स र चालकको सम्पर्क विवरण ७७
**अनुसूची-२७** ७७
रूकुम पूर्व जिल्ला उद्योग वाणिज्य संघ, रूकुमकोट ७७
**अनुसूची-२८** ७८
रूकुम पूर्व जिल्लामा रहेका सञ्चार गृह ७८
**अनुसूची-२९** ७८
नेपाल पत्रकार महासंघ रूकुम पूर्व ७८
**अनुसूची-३०** ७९
सामुदायिक वन उपभोक्ता महासंघ रूकुम पूर्व ७९
**अनुसूची ३१** ८०
प्रारम्भिक द्रुत लेखाजोखा फारम ८०

# रूकुम (पूर्वी भाग) जिल्लाको बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८०
# (District Disaster Preparedness & Response Plan, 2080)

## परिच्छेद-१ परिचय (Introduction)

### १.१ पृष्ठभूमि (Background)

नेपाल बिपद्को दृष्टिले अति जोखिमपूर्ण देशहरूमध्ये एक हो । विश्वका २ सय भन्दा बढि मुलुकहरू नेपाल भूकम्पीय जोखिमका हिसावले ११ औँ, बाढीको जोखिमका हिसाबले ३० औँ, र जलवायु परिवर्तनका हिसावमा चौथो तथा एशियामा छैठौँ जोखिमपूर्ण देशको रूपमा रहेको छ । प्राकृतिक बिपद्को हिसावले विश्वको उच्च जोखिमपूर्ण देशको रूपमा रहेको छ । नेपालमा विशेषगरी नियमित रूपमा हुने बाढी, पहिरो, हुरीवतास, आगलागि, चट्याङ, सडक दूर्घटना, असिना, हिमपहिरो, महामारीजस्ता मौसमी बिपद्बाट हरेक वर्ष लगभग बीस हजार भन्दा बढी परिवारहरू प्रभावित हुने गरेका छन् । नेपालमा प्रतिवर्ष विभिन्न बिपद्हरूबाट सरदर औषतमा एक हजारको हाराहारीमा मानिसहरूको मृत्यु हुने गर्दछ । जसमध्ये वार्षिक ३ सय जनाको मृत्यु बाढी तथा पहिरोका कारणले मात्रै हुने गर्दछ । यसैगरी सबैभन्दा बढी आगलागिका कारण पशु चौपाया, पन्छी, जग्गाजमिन, वन क्षेत्र र वालीनालीमा नोक्सानी हुने गरेको छ।

बिपद्को कारण नेपालले हरेक वर्ष औसतमा १ अर्व २१ करोड बराबरको सम्पतिको क्षति व्यहोर्नु परेको छ । त्यसै गरेर नेपालको विकास दर ३ देखि ४ प्रतिशत रहेको छ भने बिपद्ले नाश गर्ने दर ८ देखि २५ प्रतिशतसम्म हुने गरेको देखिएको छ । कमजोर भू-बनोट, जटिल भुगर्भीय संरचनाका कारण नेपाल बिपद्को उच्च सङ्कटासन्नताको अवस्थामा रहेको छ । विगतमा गरिएका अध्ययन अनुसन्धान र विगतको विश्लेषणअनुसार नेपालमा कुनै पनि समय धेरै ठूलो भूकम्प जाने र त्यसबाट धेरै सङ्ख्यामा मानिस मर्ने, घाइते हुने तथा भौतिक संरचना क्षतिग्रस्त हुने सम्भावना रहेको छ । २०७२ बैशाख १२ र २९ गते आएका भूकम्प यसैका उदाहरण हुन् । अझैपनि यस्तै प्रकृतिका भूकम्पहरू आउने अनुमान गरिदै छ । यस्तै हरेक वर्ष जस्तो नेपालका ठूला नदीहरू कोशी, नारायणी, राप्ती, भेरी, कर्णाली, महाकालीलगायतका नदीहरूमा आउने बाढीहरू र सो सँगै पहाडी तथा हिमाली जिल्लाहरूमा जाने पहिरो पनि बिपद्का उदाहरणहरू हुन् ।

बिपद् व्यवस्थापन र उद्धार कार्यलाई अन्तर्राष्ट्रियस्तरमा मानव अधिकारका रूपमा अघि बढाउन १८ देखि २२ जनवरी २००५ मा जापानको ह्योगो सहरमा प्राकृतिक बिपद् न्यूनीकरणसम्बन्धी दोश्रो विश्व सम्मेलन भएको थियो । यस विश्व सम्मेलनलाई ह्योगो सम्मेलन र सो सम्मेलनद्वारा जारी गरिएको घोषणापत्रलाई ह्योगो घोषणापत्र (Hyogo Declaration) तथा कार्य योजनालाई ह्योगो कार्य योजनाको (Hyogo Framework Plan of Action) नामले चिनिन्छ । त्यस अवसरमा नेपालले बिपद् जोखिम न्यूनीकरण एंव समन्वय परिषदको गठन, बिपद् सम्बन्धी राष्ट्रिय रणनीति तयार गरी त्यसको अद्यावधिक गर्ने, विकसित मुलुकका उच्च प्रविधि र अनुभवहरूलाई अनुशरण गर्ने, दीगो विकास र सुरक्षित भविष्य निर्माणका लागि शिक्षा भन्ने नारालाई साकार पार्न शैक्षिक पाठ्यक्रममा सुधार गर्ने र बिपद् जोखिम न्यूनीकरणका लागि विश्वकोषको स्थापना गर्ने जस्तो कुराहरूमा आफ्नो प्रतिबद्धता जाहेर गरेको छ । साथै २५ असोज २०६६ मा नेपाल सरकारबाट स्वीकृत गरिएको रणनीतिमा पनि प्रकोप जोखिम न्यूनीकरणसम्बन्धी अवधारणहरूलाई आपत्कालीन पूर्वतयारी (Preparedness), प्रतिकार्य (Response), तथा पुनर्लाभ (Recovery) सम्बन्धी कार्यक्रममा व्यवस्थित रूपमा समावेश गर्ने समेत उल्लेख गरिएको छ । साथै नेपालले तय गरेको अवधारणाहरू सन् २००५ मा १६८ राष्ट्रहरूले तयार गरेको Hyogo Framework तथा सन् २०१५ मार्च १८ मा जापानको सेन्डाईमा सम्पन्न संयुक्त राष्ट्रसङ्घीय विश्व सम्मेलनले तय गरेको The Sendai Framework for Disaster Risk Reduction 2015 – 2030 बाट निर्दिष्ट छ ।

बिपद्को सवाल भनेको राहत र उद्धारसँग मात्र सीमित छैन । आधारभूत मानव अधिकार, मानवीय कानून, विकास निर्माण, गास, बास, कपास, शान्ति सुरक्षा एंव सामाजिक, आर्थिक, सांस्कृतिकलगायतका हरेक विषयहरूसँग यसको प्रत्यक्ष सम्बन्ध छ । यस्तै संवेदनशील सवालहरूलाई हृदयगंम गरी बिपद् व्यवस्थापनका गतिविधिहरूलाई विकासका हरेक पक्षसंग समाहित गर्दै दीगो विकासको अवधारणाभित्र

एकीकृत गरिनुपर्ने आजको आवश्यकतारहेको छ । यसका लागि आवश्यक पर्ने अल्पकालीन र दीर्घकालीन योजनाका साथ बिपद् व्यवस्थापनका गतिविधिहरूलाई विभिन्न सरकारी तथा गैह्रसरकारी सङ्घसंस्थाहरू र सरोकारवाला निकायहरूबीचको साझेदारी, समन्वय र सहकार्यमा प्रतिबद्धता र ऐक्यबद्धताका साथ योजना तर्जुमा देखि कार्यान्वयन तहसम्म कार्य गर्नु आजको आवश्यकता हो ।

यिनै कुराहरूलाई मनन गरी जिल्ला स्थित सरकारी तथा गैह्र सरकारी सङ्घसंस्थाहरू एवम् सरोकारवालहरूको सहभागिता तथा क्षमता अभिवृद्धि गरी जिल्लास्तरमा बिपद् पूर्वतयारी तथा प्रतिकार्य लाई बलियो बनाउने र जोखिम व्यवस्थापनलाई स्थानीय तहसम्म प्रभावकारी बनाउने प्रयासस्वरूप जिल्ला बिपद् पूर्व तयारी तथा प्रतिकार्य योजना प्रकाशन गरिएको छ । यस जिल्लामा बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई सहजीकरण गर्नको लागि नेपाल रेडक्रस सोसाइटी रूकुम (पूर्वी भाग) जिल्ला शाखाले जिल्लामा अगुवा सहयोगी संस्था (District Lead Support Agency – DLSA) को रूपमा जिल्ला बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० तयारी एवम् प्रकाशनमा सहयोग गरेको छ ।

## १.२ नेपालमा बिपद् जोखिम

विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका साथै जनसङ्ख्या बृद्धि, गरिबी अव्यवस्थित शहरीकरण र प्रकोप जोखिमलाई ध्यान नदिई गरिने विकास निर्माण कार्यहरूले गर्दा नेपाल विभिन्न प्राकृतिक मानव सिर्जित प्रकोपबाट उत्पन्न बिपद्को उच्च जोखिममा रहेको छ । जलवायु परिवर्तनका कारण मौसमजन्य प्रकोपहरूको प्रकृति मात्रा र प्रबृत्ति फरक हुँदै गएको छ । जसका कारण बिपद् व्यवस्थापनमा नयाँ चुनौतीहरू थपिँदै गएका छन् । नेपालमा हरेक वर्ष ५०० भन्दा बढी विभिन्न प्रकोपका घटनाहरू हुने गरेका छन् । जसमध्ये भूकम्प, पहिरो, बाढी, डुबान, चट्याङ, आगलागि, हावाहुरी, हिमपात, हिमताल बिस्फोट, सडक दूर्घटना लगायतका प्राकृतिक र मानव सिर्जित बिपद्का घटनाहरू नियमित रूपमा घट्ने गरेका छन् । यसको परिणामस्वरूप ठूलो मात्रामा जनधनको क्षति हुने र जीविकोपार्जनमा प्रतिकूल असर पर्ने गरेको छ । पछिल्लो ५१ वर्ष (वि.स.२०२८ देखि २०७९) को अवधिमा नेपालमा ४०,००० भन्दा बढी व्यक्तिहरूको बिपद्का कारण आफनो ज्यान गुमाएका छन् । उच्च मृत्युदरको अतिरिक्त, उक्त अवधिमा ७५,००० भन्दा बढी व्यक्तिहरू घाइते भएका छन् भने करीब तीस लाख मानिसहरू प्रभावित भएका छन् । यसैगरी विगत ५ वर्षको (२०७४-२०७९) तथ्याङ्क अनुसार नेपालमा बर्षेनी करीव ९,००० सडक दूर्घटना हुने गरेका छन् । बिपद्बाट हुनसक्ने सम्भावित मानवीय क्षति तथा धनसम्पत्ति र आधारभूत पूर्वाधारहरूमा हानीनोक्सानी कम गर्नुका साथै बिपद्को समयमा प्रभावकारी रूपमा मानवीय सहायता परिचालन गर्न बिपद् पूर्वतयारीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ बिपद् पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यलाई मजबुत बनाउन जरूरी छ । प्रभावकारी बिपद् पूर्वतयारीले बिपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्छ र समूदायहरूलाई बिपद् उत्थानशील बनाउन मद्दत पुऱ्याउँदछ । यसका लागि बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सम्पूर्ण सरोकारवाला निकायहरूको जिम्मेवारी प्रष्ट किटान गरी उनीहरूको पूर्वतयारी तथा प्रतिकार्य क्षमताका साथै स्रोत साधनको उपलब्धता सुनिश्चित गर्नु पर्दछ ।

## १.३ रूकुम (पूर्वी भाग) जिल्लाको परिचय र जिल्लामा बिपद्को अवस्था

### १.३.१ भौगोलिक अवस्थिति, सिमाना तथा राजनीतिक र प्रशासनिक विभाजन

नेपालमा विशिष्ट भू-बनोट र हावापानीका कारण प्राकृतिक तथा मानवीय दुवै प्रकोपको जोखिम उच्च रहेको छ । देशको यस सङ्कटासन्नताका विविध कारणहरूमध्ये मुख्य कारणहरू तीव्र जनसङ्ख्या वृद्धि र अव्यवस्थित विकासका गतिविधिहरू हुन् । यसका अतिरिक्त बिपद् व्यवस्थापनका अति अनिवार्य उत्थानशील योजना नहुनु, पूर्व तयारी नगरिनु र अब्यवस्थित बिकास नै प्रकोप व्यवस्थापनका क्षेत्रमा रहेका प्रमुख समस्याहरू हुन् । बिपद् व्यवस्थापनका क्षेत्रमा विभिन्न तह र स्तरमा गरिनुपर्ने पूर्वतयारीका कामले प्रकोपलाई समुचित सम्बोधन गर्न सघाउ पुऱ्याउँछ । बिपद् पूर्व तयारी तथा प्रतिकार्य यो जना प्रकोप तथा बिपद्को परिस्थिति आउन नदिन र आए पनि क्षतिको परिमाण न्यून गर्न सहयोग गर्ने एक जीवन्त दस्तावेज हो । रूकुम (पूर्वी भाग) जिल्ला देशकै पछिल्लो जिल्ला भएको हुँदा बिपद् सम्बन्धित संयन्त्रहरूको राम्रो विकास हुन सकिरहेको अवस्था छैन । जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यालय स्थापना गरिए पनि अत्यावश्यक सामग्रीहरू तथा जनशक्तिको व्यवस्थापन गर्न गाह्रो भैरहेको छ । नेपाल सरकारले यस जिल्लालाई हिमाली जिल्लाको रूपमा घोषणा गरिसकेको छ । तसर्थ यो जिल्ला हिमाली, उच्च पहाडी तथा पहाडी क्षेत्र भएकाले पनि भौगोलिक रूपमा दूर्गम, यातायातको असुविधा, छरिएर रहेका

मानव बस्ती भएकाले प्राकृतिक मानवीय प्रकोपका दृष्टिकोणले जोखिमपूर्ण जिल्ला हो । विशेष गरी बाढी, पहिरो, आगलागि, हुरीवतास, हिमपात, चट्याङ, महामारी लगायतका प्रकोपको जोखिमका कारण वर्षेनी मानवीय, आर्थिक तथा भौतिक क्षति हुने गरेको छ । यसले गर्दा भोकमरी र अनिकालको प्रकोप समेत बेला बेलामा सामना गर्नु परेको छ ।

त्यसैगरी अव्यवस्थित र योजनाविना खनिएका ग्रामीण सडकले गर्दा पहिरो र बाढीको प्रकोप बढाएको छ । समूदायलाई उत्थानशील बनाउन बिपद्संग सामाना गर्न सक्षम बनाउन र बिपद्बाट हुने क्षति सके सम्म न्यूनीकरण गर्न बिपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको आवश्यकता महसुस गरिएको छ ।

यस वर्ष पनि रूकुम (पूर्वी भाग) जिल्ला अन्तर्गत जिल्ला बिपद् व्यवस्थापन समितिको पहल तथा संयोजनमा सबै सरोकारवालाहरूको समन्वय तथा सहकार्यमा रूकुम (पूर्वी भाग) जिल्लाको बिपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (DPRP) २०८० तयार गरिएको छ ।

रूकुम (पूर्वी भाग) नेपालको लुम्बिनी प्रदेशको उत्तरी भागमा पर्ने एक मात्र हिमाली जिल्ला हो । विश्वको मानचित्रमा २८° २८′ अक्षांश देखि २८° ५१′ उत्तर सम्म र ८२° ३०′ देशान्तर देखि ८३° ८′ पूर्वमा अवस्थित छ । हिमाली र पहाडी भू-भागको स्वरूप रहेको यस जिल्लाको क्षेत्रफल ११६१.०६ बर्ग किलोमिटर रहेको छ । यस जिल्लालाई पूर्वमा बाग्लुङ र म्याग्दी, दक्षिणमा रोल्पा, पश्चिममा रूकुम (पश्चिम) र उत्तरमा डोल्पा जिल्लाको सिमानाले छुट्याएको छ । समुन्द्र सतहबाट करिब ९३५ मिटर दखि ७२४६ मिटर सम्मको उचाइमा यो जिल्लाका भू-भागहरू रहेका छन् । जिल्लाको सबैभन्दा उच्च भू-भाग पुथा हिमाल ७२४६ मिटरको उचाइमा रहेको छ । हाल जिल्ला सदरमुकाम रूकुमकोट जिल्लाको पश्चिम भागमा अवस्थित छ । पूर्वी रूकुमलाई राजनैतिक तथा प्रशासनिक संरचनाका रुपमा सङ्घ तर्फ १ निर्वाचन क्षेत्र, प्रदेश तर्फ २ निर्वाचन क्षेत्र, ३ गाउँपालिका र जम्मा ३१ वडाहरूमा विभाजन गरिएको छ । नेपालको कुल क्षेत्रफलको ०.७८ प्रतिशत भू-भाग यस जिल्लाले ओगटेको छ ।

### १.३.२ हावापानी, जमिन र भू-उपयोगको अवस्था

यस जिल्लाको भौगोलिक रूपमा बिबिधता रहेका कारण जलवायुमा पनि विविधता पाइन्छ । जिल्लाको सरदर तापक्रम २.०$^0$C देखि अधिकतम तापक्रम ३६.८$^0$C सम्म हुने गर्दछ भने हिमाली र लेकाली भेगको तापक्रम प्रायः ०$^0$C भन्दा कम हुने गरेको छ । यस क्षेत्रमा अधिकतम २४०० मि.मि. र न्यूनतम १६०० मि.मि. सम्म वर्षा हुने गरेको छ । जिल्लाको कूल भूभाग ११३५२३ हेक्टर र खेतियोग्य २०२६५ हेक्टर रहेको छ ।

यस जिल्लाको भू-उपयोगको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ –

**तालिका नं. १ः भू-उपयोगको अवस्था**

| जमिनको विवरण | क्षेत्रफल (हेक्टर) |
|---|---|
| खेतीयोग्य जमिनको क्षेत्रफल | २०२६५ |
| कूल खेतीयोग्य मध्ये कृषिमा | १९१७५ |
| पानीले ओगटेको क्षेत्रफल | ३४३ |
| चरन क्षेत्र | ३४०५६ |
| वन जङ्गलको क्षेत्रफल | ५६३८३ |
| हिउँले ओगटेको क्षेत्रफल | २४७६ |
| कूल क्षेत्रफल | ११३५२३ |

*श्रोतः बार्षिक पुस्तीका, डिभिजन वन कार्यालय रूकुम (पूर्व )*

## १.४ सामाजिक, आर्थिक र साँस्कृतिक अवस्था

राष्ट्रिय जनगणना, २०७८ को नतिजा अनुसार यस जिल्लाको कुल जनसङ्ख्या ५६,७८६ मध्ये २७,५१६ पुरूष र २ ९,२७० महिला रहेका छन् । जिल्लामा जम्मा १२,८८६ घर धुरी रहेका छन् भने सरदर पारिवारिक आकार ४.४१ रहेको छ । अधिकांश जिल्लावासीहरू (७०.१९प्रतिशत) कृषि पेशामा आश्रित छन् भने बाँकी अन्य विभिन्न पेशाहरूमा आवद्ध छन् । यस जिल्ला नगदेबाली तथा पशुपालन र जडिबुटी उत्पादनमा परिचित छ तथापि व्यावसायिक कृषि खेती गर्ने कृषकहरूको

सङ्ख्यामा वृद्धि भइरहेको छ ।

रूकुम (पूर्वी भाग) जिल्लामा थुप्रै धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू पनि रहेका छन् । रूकुमकोट बराहा मन्दिर, देउराली गुफा, मैकोट मन्दिर, भूमेमा रहेको बौद्व स्तूपा, सिस्ने साइकुमारी मन्दिर आदि यस जिल्लाका धार्मिक स्थलहरू हुन् भने पुथा हिमाल, सिस्ने हिमाल, कमलदह, शहिद पार्क, पातिहाल्ने, गुप्तादह, मारिङ कृषि केन्द्र आदि पर्यटकीय दृष्टिले महत्त्वपूर्ण स्थलहरू हुन् । यस जिल्लाका बासिन्दाहरूको भेगीय, क्षेत्रीय र जातिगत हिसाबले आ–आफ्नै सांस्कृतिक मूल्य मान्यताहरू छन् । यस जिल्लामा कुल १२७ शैक्षिक संस्था (सामूदायिक १२२, संस्थागत ५ र १ क्याम्पस) रहेका छन्, जसमा ९५ आधारभूत विद्यालय, २६ माध्यामिक विद्यालय र १ वटा क्याम्पस रहेका छन् ।

## १.५ रूकुम (पूर्वी भाग) जिल्लाको गाउँपालिकागत घरधुरी तथा जनसङ्ख्या विवरण

रूकुम (पूर्वी भाग) जिल्ला ३ गाउँपालिकाहरू र ३१ वटा वडाहरूमा बिभाजित छ । यस जिल्लाको पूर्वी भागमा रहेको पुथा उत्तरगङ्गा गाउँपालिका, दक्षिणतर्फ रहेको भूमे गाउँपालिका र हालको सदरमुकाम रहेको सिस्ने गाउँपालिका यस जिल्लाका स्थानीय तहहरू हुन । यस जिल्लामा रहेका गाउँपालिकागत घरधुरी र जनसङ्ख्या विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २: गाउँपालिका अन्तर्गत घरधुरी र जनसङ्ख्या विवरण**

| क्र सं. | पालिकाको नाम | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | सिस्ने गाउँपालिका | ४२९९ | ९५२० | ९०१४ | १८५३४ |
| २ | भूमे गाउँपालिका | ४२११ | १०४०९ | ९४२० | १९८२९ |
| ३ | पुथा उत्तरगङ्गा गाउँपालिका | ४३६८ | ९३२९ | ८९७९ | १८३०८ |
| ४ | संस्थागत | ८ | १२ | १०३ | ११५ |
| | जम्मा | १२८७८ | २९२७० | २७५१६ | ५६७८६ |

*श्रोतः राष्ट्रिय जनगणना २०७८*

## १.६ यातायात तथा विकास पूर्वाधारको सुबिधा

वर्तमान अवस्थामा रूकुम (पूर्व) जिल्लाका स्थानीय तहका वडाहरूमा सडक तथा यातायातको सहज पहूँच बिस्तार हुन सकेको छैन । जिल्ला सदरमुकामसम्म सडक यातायातको विस्तार भए पनि जिल्लाको सिस्ने गाउँपालिकाको वडा नं. १, २ र पुथाउत्तरगङ्गा गाउँपालिकाको १, २, ३, ४, ७, ८ र ९ वडाहरूमा सडकको पहुँच पुगेको छैन भने भूमे गाउँपालिकामा मौसमी रूपमै भए पनि सबै वडाहरूमा सडकको पहुँच पुगेको छ र स्थानीय तहका सडक सञ्जाल नपुगेका वडाहरूमा सडक निर्माण तथा विस्तार हुने क्रममा रहेको छ । यसरी सडकको पहुँचवाट यस जिल्लाका करिव ७२३० (६३%) घरधुरी लाभान्वित छन् ।

रूकुम (पूर्वी भाग) जिल्लाको हालको सदरमुकाम रहेको सिस्ने गाउँपालिका आसपासका केही वडाहरूमा विद्युतको केन्द्रिय लाइनबाट सुबिधा प्रवाह गरिएको छ भने अन्य स्थानहरूमा साना जलविद्युत आयोजनाहरूमार्फत विद्युत सेवा विस्तार गरिएको छ । जसबाट करिव ९९०० (८५.२९ प्रतिशत) घरधुरीहरू प्रत्यक्ष लाभान्वित छन् । तर साना जलबिद्युत आयोजनाहरूबाट २४ घण्टा सेवा प्रवाह नभई बत्ति बाल्ने प्रयोजनका लागि मात्र प्रयोग गरिएका छन् । यसरी जिल्लामा सेवा प्रवाह गर्ने साना जलबिद्युत आयोजनाहरूमा सिस्ने गाउँपालिकामा ७ वटा, भूमे गाउँपालिकामा १२ वटा र पुथा उत्तरगङ्गा गाउँपालिकामा १९ वटा आयोजनाहरू सञ्चालनमा छन् ।

यसैगरी सञ्चार सुबिधाको सन्दर्भमा हालको सदरमुकाम रहेको सिस्ने गाउँपालिकाका केही वडाहरूमा नेपाल दुरसञ्चार संस्थानको ल्याण्डलाइन सुबिधा छ भने अन्य स्थानहरूमा नेपाल दूरसञ्चार संस्थान र Ncell का मोवाईल फोनहरूले सेवा दिइरहेका छन् । तर सिस्ने गाउँपालिकाको वडा नं. १, भूमे गाउँपालिकाको ७ र ९ वडाका केही वस्तीहरू र पुथा उत्तरगङ्गा गाउँपालिकाका वडा नं. १०, ११, १२, १३ र १४ का बस्तीहरूमा मोवाईल नेटवर्कले काम गरे पनि भरपर्दो सञ्चार सुविधा छैन । यस जिल्लाअन्तर्गत स्थानीय तहका वडाहरू, केही स्वास्थ्य संस्थाहरू र केही विद्यालयहरूमा ADSL, World Link, EverestWireless, SUBISU र Konnect Nepal ले ईन्टरनेटको सेवा प्रवाह गरिरहेको भए पनि प्रभावकारी भने छैनन्

। यस जिल्लामा रहेका सडक सञ्जालको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका नं. ३ : रूकुम (पूर्व) जिल्लाको रूकुमकोटबाट विभिन्न स्थानसम्म जाने सडक सञ्जाल विवरण**

| क्र.सं. | सवारीसाधन सञ्चालन हुने स्थान | जिल्ला सदरमुकाम देखिको दुरी कि.मी. | जिल्ला सदरमुकामबाट सञ्चालन हुने यातायात तथा ढुवानीका साधनहरू |
|---|---|---|---|
| १ | रूकुमकोट नाथीगाड हुँदै धपे | १६ | बस, ट्रक, जिप, ट्याक्टर तथा मोटरसाइकल |
| २ | रूकुमकोट देउखोला | १३ | जिप, ट्याक्टर तथा मोटरसाइकल |
| ३ | रूकुमकोटदेखि जितखोला | १५ | बस, ट्रक, जिप, ट्याक्टर तथा मोटरसाइकल |
| ४ | रूकुमकोट क्युवाङ | ४२ | जिप, ट्याक्टर, मिनी ट्रक तथा मोटरसाइकल |
| ५ | रूकुमकोट काँक्री हुँदै तकसेरा | ५३ | जिप, ट्याक्टर तथा मोटरसाइकल |
| ६ | रूकुमकोट काँक्री तकसेरा पिपलटुङ हुँदै हुकाम | ८५ | जिप, ट्याक्टर, मिनी ट्रक तथा मोटरसाइकल |
| ७ | रूकुमकोट खाबाङबगर हुँदै लुकुम | २६ | बस, ट्रक, जिप, ट्याक्टर तथा मोटरसाइकल |
| ८ | रूकुमकोट खावाङ हुँदै महत | २३ | बस, ट्रक, जिप, ट्याक्टर तथा मोटरसाइकल |
| ९ | रूकुमकोट काँडा | ९ | बस, ट्रक, जिप, ट्याक्टर तथा मोटरसाइकल |
| १० | रूकुमकोट खोपीचार | १० | बस, ट्रक, जिप, ट्याक्टर तथा मोटरसाइकल |
| ११ | रूकुमकोट थवाङ शहीदमार्ग हुँदै चुनवाङ | ७२ | बस, ट्रक, जिप ट्याक्टर तथा मोटरसाइकल |
| १२ | रूकुमकोट पोखरा | १४ | बस, ट्रक, जिप ट्याक्टर तथा मोटरसाइकल |
| १३ | रूकुमकोट दादिङ | २० | जिप, ट्याक्टर तथा मोटरसाइकल |
| १४ | रूकुमकोट खाबाङबगर कोल हुँदै राङसी | ४३ | जिप, ट्याक्टर तथा मोटरसाइकल |
| १५ | रूकुमकोट खोपीचार हुँदै मुसिकोट | ४१ | जिप, ट्रक, ट्रयाक्टर, बस, मोटरसाइकल |
| १६ | रूकुमकोट सोलावाङ सल्यान हुँदै दाङ तुलसीपुर | १७६ | हलुका र गह्रौ सबै सवारी साधन |
| १७ | रूकुमकोट दाङ हुँदै बुटवल | ३४७ | हलुका र गह्रौ सबै सवारी साधन |
| १८ | रूकुमकोट दाङ बुटवल हुँदै काठमाडौँ | ६३१ | हलुका र गह्रौ सबै सवारी साधन |
| १९ | रूकुमकोट बाग्लुङ पोखरा हुँदै काठमाडौँ | ४४१ | हलुका र गह्रौ सबै सवारी साधन |

*श्रोतः सडक पूर्वाधार विकास तथा जलश्रोत तथा सिंचाई सव डिभिजन कार्यालयको सर्वेक्षण*

## १.७ स्वास्थ्य, सरसफाइ, जलाधार र खानेपानी

यस रूकुम (पूर्व) जिल्लाको जनघनत्व ३५ प्रति वर्ग किलोमिटर रहेको छ । रूकुम (पूर्वी भाग) जिल्लामा स्वास्थ्य अवस्था हेर्दा जम्मा ४२ वटा स्वास्थ्य संस्थाहरू सरकारीस्तरमा रहेका र स्वास्थ्य सेवाको पहुँचमा ९१.७ प्रतिशत जनसङ्ख्या रहेको छ । जिल्ला पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा भैसकेको छ साथै ६०.४ प्रतिशत संस्थागत सुत्केरीसेवा लिएका छन् । जिल्लाको औसत आयु ६८.८४ वर्ष रहेको छ । व्यवस्थित खानेपानीको पहुँच मध्यमस्तरको छ । प्रशस्तै खोलानाला, पानीका मुहानहरू भएकाले सवैजसो समूदाय पानीको पहुँचमा भए पनि व्यवस्थापनमा अझै ध्यान दिनुपर्ने अवस्था छ । यस जिल्लामा करिव ९६.२ प्रतिशत जनसङ्ख्याले पाइप प्रणालीबाट, करिव ३.८ प्रतिशत जनसङ्ख्या जो लेक तथा पाटनहरूमा आवधिक अस्थायी वसोवास गर्ने जनसङ्ख्याले सो स्थलहरूमा रहेको पोखरी, खोलाको पानी उपभोग गरिरहेको अवस्था छ । जिल्लाका सबै गाउँपालिका र वडाहरू खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेतापनि दूर्गम क्षेत्रहरूमा पूर्णरूपमा शौचालय प्रयोग प्रभावकारी छैन यस क्षेत्रमा रहेका मुख्य जलाधारहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छः-

तालिका नं. ४ : रूकुम (पूर्वी भाग) जिल्लाका मुख्य जलाधारहरू

| क्र.सं. | नदी खोला | सहायक खोलाहरू |
|---|---|---|
| १ | सानीभेरी | रूकुमगाढ, उत्तरगङ्गा, लाच्छेबाहुले, हुकाम, नाथीगाढ, जामा, डोट्, चिउरा, छिप, तुवाङ, रन्मा, राङसी, कपगार लगायतका खोलाहरू । |
| २ | लुकुमगार | रूजी, थवाङ, काँक्री, कोर्जा, ह्याप्ला, केन्सी, खुमा, सिखारूम, भैरम, रानीवासा, जित, कुचिबाङ लगायतका खोलाहरू । |
| ३ | उत्तरगङ्गा | नरसिं, क्युवाङ, गरखानी, घुम्लिबाङ, गस्कुर, तुपा, कुचै, दोमइ लगायतका खोलाहरू । |
| ४ | लाच्छेबाहुले | च्यारगार, धौलागार, सिस्ने गार, छिद्धी, बागर, बाउले लगायतका खोलाहरू । |
| ५ | हुकामखोला | साँ, रन्मा, मयाङ, ओख्मा, तामागार, काजरजंग, गुम्रीगाड, अर्जल, झारलुङकारी र घुन्मा लगायतका खोलाहरू । |
| ६ | चुनवाङखोला | लाखर, भेरी, च्याङचुङ र गोठिवाङ लगायतका खोलाहरू । |
| ताल तलैयाहरू | | |
| १ | सिस्ने गाउँपालिका | कमलदह, गुप्तादह (सानो र ठूलो), धड्डुदह, छिप्रीदह, नौदह । |
| २ | भूमे गाउँपालिका | बराहाताल, रिगल दह |
| ३ | पुथा उत्तरगङ्गा गाउँपालिका | नम्छैंगो ताल, सुनदह, पुपाल दह, बिर्गुम दह |

*श्रोतः पालिका प्रोफाइल*

## १.८ सम्भावित पहिरो तथा भू-क्षय क्षेत्र

यस जिल्लाको पूर्व तथा उत्तरबाट पश्चिमतिर बग्ने सानी भेरी, लुकुमगाढ, तुवाङखोला, डोटखोला, रन्माखोला, उत्तर गङ्गा तथा विभिन्न खहरे खोलाहरूमा वर्षात्को समयमा आउने बाढी पहिरोबाट जमिनको कटान मात्र नभएर जनधनको समेत क्षति हुने गरेको छ । अर्कोतर्फ त्यस्ता खोलाहरूमा आउने बाढी तथा पहिरोको कारण उत्पादन योग्य भूमिहरू दिन प्रतिदिन बगरमा परिणत भई खेतीयोग्य जमिनको क्षति हुने गरेको छ । खास गरी खोला तथा नदीले तिप्तारा, खोपीचार, ह्याप्ला, धाउने, बालुवा, धपे, डोटखोला, जामाबगर, दोमै, काँडाबगर, भलखोला, त्रिवेणी, सेरा, हालवाङ, मसिना बगर, गैरीगाउँ, सिमलबोट, सिमा, छिपखोला, धर्मशाला, उपल्लो सेरा, चोरखोला, मोरावाङ लगायतका स्थानहरूमा बर्षात्को समयमा आउने बाढीका कारण कटान डुवान हुने तथा समय समयमा लाखौंको धन सम्पत्तिको क्षति हुने गरेको छ । यसैगरी रूकुम (पूर्वी भाग) जिल्लाको पुथा उत्तरगङ्गा गाउँपालिकाअन्तर्गत पुषरगाउँ, हार्दिबाङ, यमखार, तिज्याङ, हिम, रन्मागाउँ, काँडा, हुकाम, मयाङ, हालबाङ, बालुवा, छमारी, त्रिवेणी, ओख्मा, मयाङ, भूमे गाउँपालिकाको काँक्री, मोराबाङ, सिमा, तामारी, झुम्लाबाङ र सिस्ने गाउँपालिकाको ठूलोसिस्ने, नायागाड, मोराबाङ, रातामाटा, पोखरा, पाङा, धपे, चिसापानी, रानीकोट, लम्पाकोट, खोपीचार, धाउँने, बन्सेनी (कौछे), सल्लेरी लगायतका क्षेत्रहरू पहिरोको उच्च जोखिममा रहेका स्थानहरू हुन । बर्षेनी पहिरोबाट यस क्षेत्रमा लाखौंको धनजन क्षति हुने गरेको छ ।

# परिच्छेद-२ उद्देश्य

## २.१ बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य :

यस योजनाको मुख्य उद्देश्य रूकुम (पूर्वी भाग) जिल्लामा बिपद्बाट हुनसक्ने सम्भावित जोखिम पहिचान गर्ने, बिपद्को क्षति कम गर्न आवश्यक पूर्वतयारी तथा प्रतिकार्यको लागि स्रोत साधन र जिम्मेवारी सहितका कार्ययोजना तयार गरी जनधनको क्षति कम गर्ने रहेको छ । बिपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत विभिन्न सङ्घ संस्थाहरूको भूमिका र जिम्मेवारी उल्लेख गरी कार्यान्वयनका लागि तयार पारिएको यस योजनाको अन्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- रूकुम (पूर्वी भाग) जिल्लाका गाउँपालिकाहरूको बिपद् अवस्था र सङ्कटासन्न पहिचान गरी स्तरीकरण गर्ने ।
- बिपद् पूर्व, प्रकोप परिरहेको समयमा र प्रकोपपछि गर्नुपर्ने कार्यहरूको पूर्वतयारी/विश्लेषण गर्ने ।
- बिपद्बाट प्रभावितहरूलाई तत्काल खोज, उद्दार तथा राहत सेवा पुर्‍याउन सरल उपायहरू अवलम्बन गर्न मार्गदर्शन

तयार गर्नु ।

- विभिन्न निकाय तथा सङ्घ संस्थाहरूबिच समन्वय गरी बिपद्प्रतिकार्यका कार्यहरूलाई एकीकृत रूपमा सञ्चालन गर्ने आधार तयार गर्नु ।
- बिपद्को अवस्थामा परिचालन गर्न सकिने जनशक्ति तथा साधन श्रोत पहिचान गरी जिम्मेवारीको बाँडफाँड गर्ने र जिम्मेवारी प्राप्त विभिन्न सङ्घसंस्थाहरूको कार्य जिम्मेवारी तोकी पूर्वतयारी अवस्थामा रहनु ।
- बिपद पश्चात् उद्धारका लागि तत्काल घटनास्थल पुग्न सरल प्रणाली स्थापना गर्नु ।
- बिपद्का उच्च जोखिममा रहेका अशक्त, गर्भवती, सुत्केरी महिला, किशोरी, वालवालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, लैङ्गिक अल्पसङ्ख्यक एच.आई.भी. सङ्क्रमितहरूलाई प्राथमिकतामा राखी सेवाका कार्यक्रमहरूको योजना तयार गर्नु ।
- मानवीय सहयोगका लागि पहिले नै उपयुक्त तथा पर्याप्त सहयोग योजना तर्जुमा गर्नु ।
- बिपद्बाट हुने क्षतिलाई कम गर्न र बिपद् आइपरेको बखत प्रतिकार्य गरी क्षति हुन नदिन वा कम क्षति हुनका लागि समूदायलाई सक्षम बनाउन सहयोग गर्ने तथा उत्थानशील समूदाय बनाउन मार्गदर्शन गर्नु ।
- योजना तर्जुमाका बखत स्थानीय तह तथा अन्य सरोकारवालाहरूलाई जलवायु परिवर्तन तथा वातावरणमैत्री योजना निर्माण तथा कार्यान्वयनमार्फत उत्थानशील समूदाय निर्माण गर्न सहयोग पुर्‍याउनु ।
- मानवीय असरहरूलाई कम गर्न बिपद्बाट प्रभावित मानिसहरूका आवश्यकताहरू पूर्ति गर्नका निमित्त समयमा नै सहयोग उपलब्ध गराउन तथा कुनै पनि मानवीय सहयोग सिद्धान्त, मानवता, निष्पक्षता तथा तटस्थता बमोजिम उपलब्ध गराउनु ।

## २.२ बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका अपेक्षित परिणामहरू

- यस बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका परिणामहरू देहायमा उल्लेख गरिएको छ :–
- जिल्लास्तरमा उपलब्ध क्षमता (पूर्वतयारी र प्रतिकार्य) को लेखाजोखा हुने,
- बिपद् जोखिमको विश्लेषण हुने तथा समूदाय बिपद् उत्थानशीलतातर्फ जाने,
- बिपदबाट हुने जोखिम तथा क्षति कम भएको हुने,
- विभिन्न निकायबिचको समन्वय प्रभावकारी भई राहत तथा उद्धार कार्य प्रभावकारी हुने,
- प्रतिकार्यमा संलग्न साझेदार र क्षेत्रगत अगुवा तथा सदस्य संस्थाहरूको भूमिका र जिम्मेवारी निर्धारण भई जानकारी हुने,
- सरोकारवाला सरकारी तथा गैह्रसरकारी निकायहरूद्वारा गरिने बिपद् जोखिम व्यवस्थापन कार्य व्यवस्थित हुने,
- प्रजनन स्वास्थ्य सेवा लगायतका स्वास्थ्य सेवाहरूको निरन्तरता, जोखिममा रहेका समूदायको संरक्षणका साथै अन्य विषयगत क्षेत्र सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य व्यवस्थित गर्ने,
- जिल्लामा बिपद् जोखिम व्यवस्थापनका लागि भएको स्रोत साधनको पहिचान, स्थान, सम्पर्क लगायत विभिन्न क्षेत्रसँग सम्बन्धित समस्या एवं चुनौतीहरूको बारेमा सरोकारवालाहरूलाई जानकारी हुने ।

## २.३ बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता

बिपद् व्यवस्थापनभित्र गरिने विभिन्न चरणका कार्यमध्ये पूर्वतयारी कार्ययोजना बिपद् परे लगत्तै स्थिति सामान्य नभएसम्म कार्यान्वयन हुन्छ । बिपद्को समय ज्यादै संवेदनशील हुने भएकोले यस समयमा गर्ने मानवीय सहयोगका कार्यले पनि महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ । यसकारण यस योजनाको निकै ठूलो महत्त्व रहेको यथार्थलाई अस्वीकार गर्न सकिँदैन । त्यसैले यस कार्ययोजनाको आवश्यकता र महत्त्वलाई अग्रस्थानमा राख्न सकिन्छ । पूर्वतयारी कार्ययोजनाका निम्न महत्त्वले यसको आवश्यकतालाई पुष्टि गर्दछ ।

- यस योजनाले बिपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्न सुनिश्चितता प्रदान गर्दछ ।
- बिपद् जोखिम कम गर्न समूदायलाई हातेमालो गर्ने वातावरण बनाउन मद्दत गर्दछ ।
- बिपद् प्रभावित समूदायलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउँछ ।
- उद्धार र प्रतिकार्य जस्ता कार्यमा पीडित समूदायको समान पहुँचको प्रत्याभूति गर्छ ।

- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- सामाजिक, साँस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धिको लागि मार्ग प्रशस्त गर्छ ।
- खानेपानी, सरसफाइ र स्वास्थ्य प्रवर्द्धनका क्षेत्र व्यवस्थित गर्न सहयोग गर्छ । प्रजनन् स्वास्थ्य, आधारभूत स्वास्थ्य सेवा व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्छ ।
- बिपद्को अवस्थामा हुन सक्ने लैङ्गिक हिंसा रोकथाम र व्यवस्थापनमा सहयोग गर्छ ।
- श्रोतको सही सदुपयोग गरी पीडित समूदायलाई बिपद्को पीडाबाट मुक्ति दिने बाटो तयार गर्छ ।
- जागरूक र उत्थानशील समूदाय निर्माणमा भूमिका खेल्दछ ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै से वाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।
- बाढी पहिरो तथा भूकम्पीय प्रतिकार्य तालिकाको आधारमा बिपद्को समयमा जिल्लास्थित सरोकारवाला निकायहरू प्रतिकार्यको क्रियाशीलतामा बृद्धि भई प्रभावकारी प्रतिकार्यका गतिविधि सञ्चालनमा मद्दत गर्दछ .
- बिपद् प्रतिकार्य योजना निर्माण र अद्यावधिक गर्दा बिपद्को समयमा उद्धार र राहत जस्ता कार्यमा पीडित समूदायको समान पहुँचको प्रत्याभूति गर्छ ।

## २.४ पूर्वतयारीका लागि सामान्य मान्यताहरू

- जिल्ला प्रशासन कार्यालय तथा जिल्ला बिपद् व्यवस्थापन समितिमार्फत एकद्वार नीति अनुरूप समग्र समन्वयको काम हुनेछ ।
- विषयगत समन्वय गर्दा मुख्य माग वा आवश्यकता पुरा होस् भन्नेमा ध्यान पुऱ्याइनेछ ।
- स्थानीय तहलाई अग्रस्थानमा राखी जिम्मेवार तथा उत्तरदायी बनाउने वातावरण तयार हुनेछ ।
- नेपाल रेडक्रस सोसाइटी लगायतका सहयोगी संस्थाको भूमिका सबै सरोकारवालाहरूले बुझ्नेगरी उल्लेख हुनछन् ।
- यस कार्यमा संलग्न संस्थाहरूप्रति अनावश्यक रूपमा अपेक्षा राख्ने अवस्था नआउने वातावरण तयार हुनेछ ।
- बिपद् पूर्वतयारी एवं उद्धार कार्यका लागि दक्ष जनशक्ति, आर्थिक, भौतिक सुविधाको लागि समन्वयमा जोड दिइन्छ ।
- स्थानीय सञ्जालमा आधारित संस्थाहरूलाई क्षमताअनुसार प्रभावकारी रूपमा परिचालन हुनेछन ।

## २.५ बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको तयारी प्रक्रिया

जिल्लामा वर्षौदेखि विभिन्न प्रकारका बिपद्हरू पर्दै आएको र सोको ब्यवस्थापनको लागि विभिन्न सङ्घसंस्थाहरू जिल्ला बिपद् व्यवस्थापन समितिको नेतृत्वमा परिचालित हुँदै आएका छन् । हाल बिपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले बिपद्बाट पर्ने तत्कालीन तथा दीर्घकालीन प्रभावलाई जोखिम व्यवस्थापनका माध्यमबाट न्यून गरी दीगो विकासको लक्ष्यअनुसार र बिपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन २०७४, बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७, (पहिलो संशोधन, २०७६) बिपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन नियमावली २०७६, प्रधानमन्त्री दैवी उद्धार कोष सञ्चालन नियमावली २०६३, दैवी प्रकोप उद्धार ऐन २०३९, राष्ट्रिय बिपद् प्रतिकार्य ढाँचा २०७५ (प्रथम संशोधन २०७५), बिपद् पीडित पूनर्वास सञ्चालन कार्यबिधि २०७१, खोज तथा उद्धार राष्ट्रिय रणनीतिक कार्ययोजना २०७१, राष्ट्रिय बिपद् प्रतिकार्य कार्यढाँचा, २०७० मा भएको ब्यवस्थाअनुसार र सोही मार्गदर्शनको अवधारणागत ढाँचामा रहेर यो कार्ययोजना तयार गरिएको छ । यो कार्ययोजना जिल्ला बिपद् व्यवस्थापन समितिको नेतृत्वमा जिल्ला समन्वय समिति, स्थानीय तहहरू, सुरक्षा निकायहरू, नेपाल रेडक्रस सोसाइटी रूकुम (पूर्वी भाग) जिल्ला शाखा र अन्य विषयगत निकाय तथा सरोकारवालाहरूको साझा प्रयासबाट देहायको प्रक्रिया पूरा गरी यो कार्ययोजना तयार गर्ने प्रयास गरिएको छ ।

- जिल्ला बिपद् व्यवस्थापन समितिको नेतृत्वमा भए गरेका तथा नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह, जिल्ला समन्वय समिति, सम्पूर्ण सुरक्षा निकाय, विषयगत कार्यालय र अन्य सरोकारवाला निकायद्वारा यस जिल्लामा सञ्चालन भैरहे का बिपद् जोखिम न्यूनीकरण र बिपद् पूर्वतयारी तथा प्रतिकार्य कार्यक्रम अन्तर्गत आकस्मिक पूर्वतयारी योजना तयारीको लागि प्रारम्भिक छलफल, अन्तरक्रिया तथा जिल्ला बिपद् व्यवस्थापन समितिको बैठक आयोजना गरी कार्यदल निर्माण गरिएको ।
- प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहेको जिल्ला बिपद् व्यवस्थापन समितिको प्रत्यक्ष सहयोगमा छलफल गरी सुझावहरू

सङ्कलन गरिएको ।

- बिपद्को क्षेत्रमा काम गर्ने सरकारी तथा गैह्रसरकारी सङ्घसंस्थाबाट यस योजनाका लागि प्राप्त सुझाव लिई समावेश गरिएको ।
- योजनालाई अन्तिम रूप दिनुअघि थप सल्लाह/सुझावका लागि राजनीतिक दलहरूसमेतको संयुक्त बैठकमा पेश गरी प्राप्त सुझाव समावेश गरी यो योजना तयार गरिएको ।
- अन्त्यमा यो योजना जिल्ला बिपद् व्यवस्थापन समितिको बैठकवाट स्वीकृति पश्चात कार्यान्वयनमा ल्याइएको ।

## २.६ बिपद् पूर्वतयारी प्रतिकार्य योजनाको तयारीका सीमाहरू

यो योजना बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ को आधारमा विभिन्न सरोकारवाला निकायसँगको छलफल पछि तयार गरिएको हो । उपलब्ध सीमित जनशक्ति, सीमित स्रोत र साधन, लगायतका कारणहरू पनि यो कार्ययोजना तयारीका सीमाहरू रहे । यसमा उल्लिखित विभिन्न गतिविधिहरूको लागि आवश्यक बजेट जुटाउन नसक्ने अवस्था रहेमा कार्ययोजना पूर्ण कार्यान्वयनमा पनि समस्या पैदा हुन सक्छ । अर्कोतर्फ यो योजना कार्यान्वयनको लागि आवश्यक पर्ने सामाजिक, आर्थिक, मानवीय, भौतिक पूँजी सहज उपलब्ध हुन नसकेमा तथा सरकारवाला पक्षहरू आफूलाई तोकिएको जिम्मे वारी पुरा गर्न इमान्दर प्रयास नगरेमा प्रस्तावित कार्यायोजना कार्यान्वयनमा कठिनाइ सिर्जना हुन सक्छ ।

# परिच्छेद - ३

## ३. बिपद् जोखिमको अवस्था

## ३.१ नेपालमा बिपद् जोखिम व्यवस्थापन र वर्तमान नीति

नेपालमा दैवीप्रकोप उद्धार ऐन, २०३९ लागू भएपछि बिपद् व्यवस्थापनमा उद्दार तथा राहत कार्यका अतिरिक्त पूर्वतयारी तथा न्यूनीकरण कार्यलाई जोड दिन थालिएको देखिन्छ । सन १९९१ मा प्राकृतिक प्रकोप न्यूनीकरण अन्तर्राष्ट्रिय दशकको घोषणा भएपछि बिपद् व्यवस्थापन पूर्वतयारी कार्यलाई विशेष जोड दिन थालिएको देखिन्छ । १८-२२, जनवरी, २००५ मा जापानको सहयोगमा सेन्दाई शहरमा भएको विश्व बिपद् जोखिम न्यूनीकरण सम्मेलन (World Disaster Risk Reduction Conference, 2005) बाट जारी गरिएको घोषणा-पत्रलाई पालना गर्दै नेपालले बिपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, तयार गरी कार्यान्वयनमा ल्याएको देखिन्छ । २५ आश्विन २०६६ मा नेपाल सरकारबाट स्वीकृत गरिएको रणनीतिमा पनि जोखिम न्यूनीकरणसम्वन्धी अवधारणाहरूलाई आपत्कालीन पूर्वतयारी (Preparedness), प्रतिकार्य (Response) तथा पूनर्लाभ (Recovery) सम्बन्धी कार्यक्रममा व्यवस्थित रूपमा समावेश गर्न उल्लेख गरिएको छ । बिपद् पूर्वतयारीका लागि तर्जुमा गरि एको राष्ट्रिय कार्ययोजना लागू भएपछि विभिन्न किसिमका प्राकृतिक बिपद्हरूलाई सम्बोधन गर्न आवश्यक उपायहरू अवलम्वन गर्न थप प्रयास भैरहेको छ र जापानको सेन्दाईमा सन् २०१४/२०१५ मा भएको विश्व सम्मेलनले स्वीकृत गरेको उक्त फ्रेमवर्कले प्रदान गरेको दिशा निर्देशबाट समेत नेपालले बिपद्को पूर्वतयारी तथा प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास जारी राखेको छ । नेपाल सरकारले आवश्यकता अनुसार विभिन्न ऐन, नियमावली, निर्देशिका/कार्यविधि, रणनीति, कार्ययोजना तथा मार्गदर्शन तयार गरी कार्यान्वयनमा ल्याउने अभ्यास गर्दै आएको छ ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

स्थानीय सकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहका लागि स्वायत्त शासनको व्यवस्था सहित वातावरण मैत्री विकास व्यवस्थापनको अवधारणालाई प्रवर्द्धन गरेको छ । यसमा विकास प्रक्रिया, वातावरण र प्रकोप बीचको अन्तर सम्बन्धलाई प्रत्यक्ष वा परोक्ष रूपमा जोड दिइएको छ ।

**बिपद् प्रतिकार्य सम्बन्धी मौजुदा नीति र कानूनी व्यवस्थाः**

नेपालको संविधानको अनुसूची ६, ७, ८ र ९ मा उल्लेखित सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको सूची तथा बिपद्

प्रतिकार्यको लागि बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बिपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, बिपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८ देखि २०३० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ यस प्रतिकार्य योजनाका कानूनी व्यवस्था हुन । बिपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा २०१५ देखि २०३० एउटा अन्तराष्ट्रिय मार्गदर्शन गर्ने विश्वव्यापी दस्तावेज हो भने बिपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २००९ प्रमुख राष्ट्रिय मार्गदर्शन हो ।

## बिपद् सम्बन्धी राष्ट्रिय रणनीति, २०६६

राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका विभिन्न घोषणा तथा प्रतिबद्धताहरू कार्यान्वयनको लागि नेपालमा दैवीप्रकोप उद्धार कार्यलाई थप ब्यवस्थित गराउन नेपाल सरकारद्वारा बिपद् सम्बन्धी राष्ट्रिय रणनीति, २०६६ जारी भएको छ भने सञ्चालन गरिने बिपद् व्यवस्थापन, राहत, उद्धार र प्रतिकार्य योजना तयार गरी सरोकारवालाहरूको परिचालन गर्न भूमिका किटान गरी कार्य सुरू भएको छ । साथै यसमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी राज्यका मूलनीतिलाई सुनिश्चित गर्न केही संस्थागत व्यवस्थासमेत गरेको छ । यसमा समावेश भएका केही महत्त्वपूर्ण व्यवस्थाहरू :-

१. बिपद् जोखिम व्यवस्थापनका सबै चरणहरूमा लैङ्गिक सवाल तथा समावेशीकरणलाई मुल प्रवाहमा ल्याउने ।
२. कुनैवर्ग, जात तथा जातीय समूहले परिस्थितिलाई थप जटिल पार्न सक्दछन भन्ने कुरामा सजग रही आपत्कालीन सहयोग तथा राहत कार्यक्रम लगायत बिपद् जोखिम न्यूनीकरण सम्वन्धी कार्यक्रमहरू परिस्थितिजन्य जटिलताप्रति संवेदनशील रहनेछन् । यस्तो प्रतिकार्य सञ्चालन गर्दा बिपद् भन्दा पहिले, बिपद् भइरहेका समयमा र बिपद् पछिका अवस्था (Pre, During and Post Disaster Scenario) मा तिनीहरूको प्राथमिकतापूर्वक पहिचान र विश्लेषण गरिने ।
३. बिपद्का समयमा सार्वजनिक सेवाहरू अवरूद्ध भएको अवस्थामा पनि समूदायमा विद्यमान संरचना तथा प्रणालीहरूका अविच्छिन्न सञ्चालन गर्ने कार्यमा कुनै अवरोध नआओस् भन्नका लागि समूदायका सबै समूह एवं अन्य अल्पसंख्यक समूहका बालबालिका, महिला, ज्येष्ठ नागरिक, अशक्त आदिलाई सु-सूचित गर्न व्यवस्था मिलाइने ।
४. बिपद्का घटनाका प्रकृतिका आधारमा के गर्ने, कहिले गर्ने र कसरी गर्ने भन्ने कुरा थाहा पाउन सङ्कटासन्न वर्गलाई सक्षम तुल्याईने । यसका लागि आवश्यक पर्ने ज्ञान, क्षमता, अवसर तथा अधिकारको प्रयोग गर्न उनीहरूमा चेतना अभिवृद्धि गरी आत्मविश्वास बढाउने प्रकृतिका क्रियाकलाप सञ्चालन गरिने ।
५. जोखिमपूर्ण अवस्थामा रहेका परिवारहरू विशेष गरी महिला, बालबालिका, एकल महिला र पुरूष, अशक्त, विरामी सबैको पूर्व पहिचान गरी तदनुरूप उद्धार, राहत तथा पुनःस्थापनाका लक्षित कार्यक्रम (Rescue, Relief and Rehabilitation Targeted Program) सञ्चालन हुने ।
६. घर परिवार र समूदायमा आर्थिक तथा सामाजिक अधिकारबाट बञ्चित सीमान्तकृत अवस्थामा जीवनयापन गरिरहेका वर्गका लागि बिपद्का समयमा.वि.शेष सहयोग र संरक्षण आवश्यक पर्ने हुँदा पूर्वतयारी तथा जोखिम न्यूनीकरण, उद्धार तथा राहत, प्रतिकार्य, पुनर्लाभ (Recovery) कार्यक्रमको समयमा ती समूहको आवश्यकताप्रति विशेष ध्यान दिइने ।

## बिपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५

नेपाल सरकारले बिपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन कार्यलाई योजनाबद्ध र व्यवस्थित गर्न बिपद् व्यवस्थापनका लागि दैवी (प्रकोप) ऐन, २०३९, स्थानीय स्वायतशासन ऐन, २०५५ भवन ऐन, २०५५, राष्ट्रिय भवन संहिता, २०६०, बिपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति ,२०६६, जलवायु परिर्वतन नीति, २०६७, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२, राष्ट्रिय बिपद् प्रतिकार्य योजना ढाँचा लगायतका बिभिन्न नीतिगत, कानुनी तथा संस्थागत व्यवस्थाहरू गरेको छ र नेपालको संविधान, २०७२ तथा हालै पारित भै कार्यान्वयनमा आएका स्थानीय सरकार सञ्चालन ऐन २०७४ पछिका महत्वपूर्ण कानुनी व्यवस्थाले बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यलाई महत्व दिएको छ, यसका अलवा बिपद् व्यवस्थापन ऐन, २०७४ ले व्यवस्था गरेका बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, कार्यकारी समिति, प्राधिकरण, प्रदेश जिल्ला तथा स्थानीय तहका समितिहरू नयाँ संस्थागत व्यवस्थाको रूपमा रहेका छन, बिपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ ले नीतिहरू मध्ये केही महत्वपूर्व नीति यस प्रकार छन ।

१ बिपद् जोखिम सम्वन्धी बिषयहरूलाई विद्यालयस्तर देखि उच्चस्तर सम्मको शैक्षिक पाठ्यक्रममा समाबेश गरिनेछ ।
२ जनचेतनामूलक तथा सूचनामुलक कार्यक्रमहरू तयार गरि सूचना तथा सञ्चारका माध्यमहरूको प्रभावकारी उपयोग मार्फत सबैमा पहूँच हुनेगरी बिपद् सम्वन्धी जानकारी, सचेतना र सिकाई समूदायस्तरमा अभिबृद्धि गरिने छ ।
३ बिपद् जोखिम न्यूनीकरणका सबै चरण तथा संरचनामा समावेशी बिपद् व्यवस्थापनको अवधारणा अनुरूप महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, आर्थिक तथा सामाजिक रूपले पछाडि परेका समूदायहरूको पहुँच, प्रतिनिधित्व तथा प्रभावकारी संलग्नता सुनिश्चित गरिनेछ ।

४ बिपद् संवेदनशीलताको अवधारणा अनुरूप सार्वजनिक भौतिक संरचनाहरू (सरकारी कार्यालय, शैक्षिक संस्थाहरू, स्वास्थ्य संस्थाहरू, सामूदायिक भवनहरू, आश्रय स्थल आदि) लाई जेष्ठ नागरिक मैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री एवं बालमैत्री बनाइनेछ ।

५ सघ प्रदेश र स्थानीय तहमा बिपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापनसम्वन्धि क्रियाकलापहरूको प्रभावकारी रूपमा अनुगमन तथा मूल्यांकन गर्न समाबेशी संयन्त्र स्थापना गरिने छ ।

६ राष्ट्रिय बिपद् जोखिम न्यूनीकरण सञ्जाल (Nationa DRR Platfomrm) लाई स्थानीय तहसम्म विस्तार गरी सुदृढीकरण गरिने छ ।

७ जीबिकोर्पाजनका उपायाहरूलाई विविधीकरण गरी बिपद् उत्थानशिल समूदाय निर्माण गरिने छ ।

८ बिपद्बाट व्यापार व्यवसाय,जनस्वास्थ्य र पोषणमा पर्न सक्ने सम्भाव्य जोखिम न्यूनीकरण गर्न बिपद् जोखिम लेखाजोखा गरिनेछ ।

९ दूर सम्वेदन प्रणाली (Remote Sensing System), भौगोलिक सूचना प्रणाली (Geographic Information System) र खुला स्रोत प्रविधि (Open Source Technology) मा आधारित आधुनिक बिपद् व्यवस्थापन सूचना प्रणाली (Disaster Management Information System) विकास गरी जनसाधारण तथा सरोकारवालाहरूलाई सहज रुपमा बिपद् व्यवस्थापन सम्बन्धी सूचना उपलब्ध हुने अवस्था विकास गरिनेछ ।

१० बिपद् जोखिम न्यूनीकरणका लागि भू-विज्ञान, भूकम्प विज्ञान, भौगोलिक सूचना प्रणाली, दूर संवेदन प्रणाली, स्याटेलाइट प्रविधि, राडार प्रविधि, पूर्व सूचना प्रणाली लगायतका आधुनिक तथा परम्परागत प्रविधिहरूको अध्ययन, अनुसन्धान गरी उपयुक्त प्रविधिको प्रयोग गरिनेछ ।

११ बिपद् जोखिमको अध्ययन अनुसन्धान, बिपद्को रोकथाम, पूर्वतयारी, खोज तथा उद्दार एवं बिपद् पश्चातको पुनर्निर्माण तथा पुनस्थापनासम्बन्धी क्षमता विकासका लागि "राष्ट्रिय बिपद् जोखिम न्यूनीकरण अनुसन्धान तथा तालिम प्रतिष्ठान" को स्थापना गरिनेछ ।

१२ सङ्घ, प्रदेश र स्थानीय तहमा बिपद् व्यवस्थापन समितिहरूको गठन गरी क्षमता अभिवृद्धि गरिनेछ ।

१३ विकास, पूर्वाधारहरूको डिजाइन तथा निर्माणका क्रममा जोखिम सुरक्षित पूर्वाधार नीति अवलम्वन गरिने छ । साथै जलबायू परिर्वतन अनुकूलन पूर्वाधार निर्माणलाई समेत प्रोत्साहन गरिने छ ।

१४ सुरक्षित समाजको निर्माणका लागि बिपद् सुरक्षित संस्कृति (Culture of Safety) प्रर्बद्वन र अवलम्वन गरिने छ ।

**आ.व.२०७६/०७७ मा भएको बिपद्का घटनाहरू**

| आ.व. | घटनाको प्रकार | मानिस | | चौपाया | | घर | बिद्यालय | गोठ | क्षतिको अनुमानित मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मृत्यु | घाइते | मृत्यु | घाइते | | | | |
| २०७६/०७७ | अविरल बर्षा र पहिरो | १ | ० | ४ | १ | १० | ० | ३ | २५, १३, ०००।– |
| | बाढी | ० | ० | ० | ० | १० | ० | ० | २, ३२, ०९, ०००।– |
| | आगलागि | ० | ० | १७ | ० | १० | ० | ५ | ७२, ८६, २००।– |
| | हावाहुरी | ० | ० | ० | ० | ८ | ४ | ० | १६, ८९, २००।– |
| | चट्याङ | ० | ० | ० | ० | ३ | ० | ० | ५, ०५, ०००।– |
| | जम्मा | १ | ० | २१ | १ | ४१ | ४ | ८ | ३, ५२, ०२, ४००।– |

### आ.ब. २०७७/०७८ मा भएको बिपद्का घटनाहरू

| आ.व. | घटनाको प्रकार | मानिस | | चौपाया | | घर | बिद्यालय | गोठ | क्षतिको अनुमानित मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मृत्यु | घाइते | मृत्यु | घाइते | | | | |
| २०७७/०७८ | अविरल बर्षा/पहिरो | ० | १ | ० | २ | ४३ | ० | २ | १, २२, ५८, ८००।– |
| | बाढी | ० | ० | ० | ० | ४ | ० | ० | ११, ३५, ०००।– |
| | आगलागि | ० | ० | ० | ० | १५ | ० | ५ | ८५, ५२, ५००।– |
| | हावाहुरी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | चट्याङ | ० | १ | ३ | ० | ३ | ० | ० | २, ७५, ०००।– |
| | जम्मा | ० | २ | ३ | २ | ६५ | ०० | ७ | २, २२, २१, ३००।– |

### आ.व. २०७८/०७९ मा भएको बिपद्का घटनाहरू

| आ.ब. | घटनाको प्रकार | मानिस | | चौपाया | | घर | बिद्यालय | गोठ | क्षतिको अनुमानित मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मृत्यु | घाइते | मृत्यु | घाइते | | | | |
| २०७८/०७९ | अविरल बर्षा | ० | ० | ० | ० | ९ | ० | १ | ४६, १७, १६०।– |
| | बाढी | ० | ० | ० | ० | ० | ० | ० | ०।– |
| | पहिरो | ० | ० | १ | ० | ७ | १ | ० | ३४,५६,०००।– |
| | आगलागि | ० | ० | ० | ० | ४ | ० | १ | ४६,१७,१६०।– |
| | हावाहुरी | ० | ० | ३ | १ | १४ | ६ | २ | २,०४,६३,०००।– |
| | चट्याङ | ० | ० | ० | ० | २ | ० | ० | ३०,०००।– |
| | जम्मा | ० | ० | ४ | १ | ३६ | ७ | ४ | ३,३१,८३,३२०।– |

### आ.व. २०७९/०८० मा भएको बिपद्का घटनाहरू

| आ.ब. | घटनाको प्रकार | घटना सङ्ख्या | भौतिक क्षति | | मानिस | | चौपाया | | सडक अवरूद्ध | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सरकारी | व्यक्तिगत | मृत्यु | घाइते | मृत्यु | घाइते | | |
| २०७९ देखि २०८० सम्म | सडक दूर्घटना | २२ | ० | ० | ३८ | ३१ | ० | ० | ० | |
| | अविरल वर्षा | ३६ | १ | २७ | ० | १ | ४ | ३ | ० | २७७९६०० |
| | बाढी | १९ | ० | ५ | ० | ० | २२ | ० | ८ | ९७८१००० |
| | पहिरो | २५ | ० | ७ | ० | ० | १८ | ० | १६ | ४०१९००० |
| | आगलागि | २२ | ० | ११ | ० | ० | ० | ० | ० | २४२९२०० |
| | हावाहुरी | २७ | ० | १ | ० | १ | ६ | १ | ० | ४३८००० |
| | चट्याङ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | आत्महत्या | ३८ | ० | ० | ३८ | ० | ० | ० | | |
| | जङ्गली जनावरको आक्रमण | ० | ० | ० | ० | ० | ० | ० | | |
| | जम्मा | १८९ | १ | ५१ | ७६ | ३३ | ५० | ४ | २४ | १९४४६८०० |

**विगत ५ वर्षयता भएका मौन बिपद्हरूबाट भएको क्षतिको विवरण**

| आ.ब. | घटनाको प्रकार | घटना सङ्ख्या | मानिस | | चौपाया | | सडक अवरूद्ध | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | मृत्यु | घाइते | मृत्यु | घाइते | | |
| २०७६ देखि २०८० सम्म | सडक दूर्घटना | २२ | ३८ | ३१ | ० | ० | ० | |
| | अविरल वर्षा | ३७ | १ | २ | ४ | ३ | ० | १९३८८९६० |
| | बाढी | १९ | ० | ० | २२ | ० | ८ | २४३४४००० |
| | पहिरो | २० | ० | ० | १८ | ० | १६ | १९२९४७०० |
| | आगलागि | २२ | ० | ० | ० | ० | ० | ६३०६३६० |
| | हावाहुरी | २८ | ० | १ | ६ | १ | ० | २१२४३००० |
| | चट्याङ | ० | ० | ० | ० | ० | ० | ३००० |
| | आत्महत्या | ३८ | ३८ | ० | ० | ० | | |
| | जङ्गली जनावरको आक्रमण | ० | ० | ० | ० | ० | | |
| | जम्मा | १८६ | ७७ | ३४ | ५० | ४ | २४ | ९०६०७०२० |

*श्रोतः जिल्ला प्रहरी/जिल्ला प्रशासन कार्यालयको अभिलेख*

## ३.२ बिपद् उद्धारमा प्रत्यक्ष सरोकार राख्ने निकायहरूः

क. जिल्ला समन्वय समिति रूकुम (पूर्वी भाग)
ख. जिल्ला प्रशासन कार्यालय रूकुम (पूर्वी भाग)
ग. तीनवटै स्थानीय तहहरू
घ. सुरक्षा निकाय (थप विवरण परिशिष्ट "ख" अनुसार)
- नेपाली सेना
- नेपाल प्रहरी
- सशस्त्र प्रहरी बल नेपाल
- राष्ट्रिय अनुसन्धान

ङ स्थानीय तहका, खोज तथा उद्धार कार्यदलहरू
च. प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्यचौकी र निजी अस्पतालहरू
छ. जलस्रोत तथा सिंचाइ विकास सव डिभिजन कार्यालय
ज. डिभिजन वन कार्यालय
झ. सडक पूर्वाधार विकास कार्यालय
ञ. शिक्षा विकास तथा समन्वय इकाइ
ट. नेपाल रेडक्रस सोसाइटी रूकुम (पूर्वी भाग) जिल्ला शाखा
ठ. यातायात समितिहरू
ड. एकीकृत कृषि तथा पशुपन्छीविकास कार्यालय
ढ. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय
ण. नेपाल विद्युत प्राधिकरण
त. नेपाल टेलिकम
थ. स्वास्थ्य कार्यालय
द. जिल्ला अस्पताल
ध. उद्योग बाणिज्य सङ्घ, चेम्वर अफ कमर्श र निर्माण व्यवसायी सङ्घ

न. जिल्ला स्थित क्रियाशील राजनैतिक दलहरू
प. जिल्लास्थित क्रियाशील मिडिया हाउस तथा पत्रकारहरू
फ. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरू
ब. बैंक तथा बित्तीय संस्था र बीमा कम्पनीहरू
भ. संयूक्त राष्ट्रसङ्घिय निकायहरू
म. जिल्ला सहकारी सङ्घ
य. सामूदायिक वन उपभोक्ता महासघं

## ३.३ बिपद् व्यवस्थापनमा कार्य गर्ने सरोकारवालाहरूको कार्य विवरण :

| क्र.स. | क्रियाकलाप | कसले | कहाँ | कै |
|---|---|---|---|---|
| १ | बिपद्/प्रकोप सम्वन्धी सूचना तथा जनचेतना | जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र, पत्रकार महासङ्घ, स्थानीय सञ्चार माध्यमहरू, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र | उच्च प्रकोप हुने स्थान केन्द्रित रही जिल्लाभर | |
| २ | बिपद् सिमुलेसन तथा पूर्व अभ्यास | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी, सरोकारवाला निकायका तालिमप्राप्त जनशक्ति | स्थानीय तह र जिल्ला तह | |
| ३ | खोज तथा उद्धार कार्य | जिल्ला बिपद् ब्यवस्थापन समिति, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, नेपाल रेडक्रस सोसाइटी | जिल्ला भर | |
| ४ | राहत बितरण | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, स्थानीय बिपद् जोखिम व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी र उद्योग वाणिज्य सङ्घ गैह्र सरकारी संस्थाहरू | प्रभावित आवश्यक क्षेत्रमा | |
| ५ | राहत सामग्री भण्डारण | तयारी खानाः उद्योग वाणिज्य सङ्घ,<br>गैह्र खाद्य सामग्रीहरू नेपाल रेडक्रस सोसाइटी र गैह्र सरकारी संस्थाहरू | क्षेत्र अनुसार जिल्लाको बिभिन्न स्थानहरूमा | |
| ६ | स्वास्थ्यकर्मी, औषधी तथा एम्बुलेन्स | स्थानीय तह, जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय, निजि स्वास्थ्य संस्था, नेपाल रेडक्रस सोसाइटी र एम्बुलेन्स सञ्चालक समितिहरू तथा सङ्घसंस्थाहरू | जिल्ला स्तरमा | |
| ७ | सडक यातायात सञ्चालनको सुधार तथा यातायात सुबिधाको उपलब्धता | जिल्ला समन्वय समिति, यातायात ब्यवसायी समितिहरू, स्थानीय तह/सडक पूर्वाधार विकास कार्यालय र निर्माण व्यवसायीहरू | जिल्ला भर | |
| ८ | भू-क्षय सम्वन्धी | डिभिजन वन कार्यालय, जलस्रोत तथा सिचाई विकास सव डिभिजन कार्यालय/स्थानीय तह | जिल्ला भर | |
| ९ | शान्ति सुरक्षा | जिल्ला प्रशासन कार्यालय/जिल्ला सुरक्षा समिति | जिल्ला भर | |
| १० | समन्वय तथा सहकार्य | सरोकारवालाहरू सबै | जिल्ला भर | |

## ३.४ वर्षायाममा हुन सक्ने जोखिमहरूः-

जिल्लास्तरमा तल उल्लेखित प्रकोपहरूबाट बिपद् निम्तिन सक्दछन् :

**क. बाढी/पहिरो**

वर्षायाममा नदी तथा खोला किनार र डोजरबाट खनिएको सडकहरूमा प्राय बाढी तथा पहिरो जाने साथै अन्य ग्रामिण स्थानहरूमा मुख्य जोखिम क्षेत्र पहिचान गरिएको छ । बाढी पहिरोबाट निम्न अनुसारको जोखिम हुन सक्ने देखिन्छ ।

१. नदी तथा खोला किनार वरपरका वस्तीहरू बाढीले बगाउने तथा कटान हुने,
२. खोलानाला तर्ने क्रममा मानिस बगाउने,
३. बाढी तथा पहिरो गई सडक अवरूद्ध हुने,

४. पहिरोले आवास क्षेत्र तथा खेतीयोग्य जमिन बग्ने तथा पुरिने ।

**ख. चट्याङ्**

चैत्र देखि वर्षायाम रहुन्जेलसम्म यो जिल्ला चट्याङ्को लागि पनि जोखिम युक्त जिल्ला मानिन्छ । वर्षेनी चट्याङ्बाट मानिस लगायत चौपायाहरूको मृत्युका घटनाहरू हुने गरेका छन् । चट्याङ्बाट क्षति भएको खबर प्राप्त हुनासाथ अवस्था हेरी नजिकको स्थानीय तह, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी तथा अन्य सङ्घसंस्था मार्फत घाइतेको उद्वार तथा उपचार को साथै प्रभावित घर परिवार तथा ब्यक्तिहरूलाई राहतको लागि पहल गरिने छ । सुरक्षित रहनका लागि समूदायस्तरमा जनचेतनाका लागि स्थानीय रेडक्रसका निकायहरू, सञ्चार माध्यम मार्फत सूचना प्रवाह गरिनेछ ।

**ग. सडक अवरूद्ध तथा सडक दूर्घटना**

बाढीका कारण रूकुमकोट खोपिचार, रूकुमकोट धपे, रूकुमकोट देउखोला, रूकुमकोट लुकुम, काँक्री तकसेरा सडक खण्डहरू वर्षात्का समयमा अवरूद्ध हुँदै आएका छन् । ट्राफिक ज्ञानको कमी, सिकारूले गाडी चलाउने, अनावश्यक तीव्र गतिमा सवारी साधन कुदाउने होड, सवारी साधनहरू समयमा चेक जाँच नगराई चलाउने, क्षमताभन्दा बढी लोड राख्ने, सडकको अवस्था कमजोर भएको थाहा भए पनि जोखिम मोल्ने जस्ता कारणले सडक दूर्घटना हुने गरेको देखिन्छ । बिपद्को समयमा झनै सडक अवरूद्ध हुन सक्दछ । निर्माणाधीन अवस्थामा रहेका पुलका कारण पनि जोखिम अझ वृद्धि भइरहेको देखिन्छ । साथै ग्रामीण सडकहरू बर्षाको कारण बन्द हुने तथा सडक दूर्घटना जस्ता कारणबाट सडक अवरूद्ध हुन सक्ने भएकोले त्यस्ता अवस्थाको लागि निम्न अनुसार पहल गरिने छ ।

१. सवारी साधनहरू नियमित सञ्चालन गर्न आवश्यक श्रोत परिचालन गरिने,
२. दूर्घटना कम गर्न नियमित चेकजाँच गरिने,
३. ट्राफिक नियमसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने र समूदायलाई सक्षम बनाई राख्न स्थानीय तहसँगको समन्वय र सहकार्यमा क्षमता विकासका कार्यक्रमहरू तयार गरी कार्यान्वयनमा ल्याउने,
४. रूट अनुमति प्राप्त सवारीसाधनहरू मात्र सञ्चालनमा ल्याउने,
५. श्रोत साधन सहित स्थानीयस्तरमा तालिम प्राप्त ब्यक्ति सहित सुरक्षा निकायहरू प्रथम प्रतिकार्यकर्ताको रूपमा बिपद् प्रभावित क्षेत्रमा परिचालित हुने,
६. आवश्यक परेमा सवारी साधन, डोजर आदि सरकारी कार्यालयहरूमा रहेका एवं यातायात व्यवसायी र निर्माण व्यवसायी सङ्घ मार्फत सहयोग लिइने छ । भैपरेको बेला तुरून्त परिचालन गर्न सकिने गरी यस्ता औजारहरू सम्बन्धित निकायसँगको समन्वय र सहयोगमा चुस्त दुरूस्त राखिने छ भने बिपद्को अबस्थामा जुनसुकै निकायमा रहेका श्रोत साधन प्रमुख जिल्ला अधिकारीको आदेशमा प्रयोग गर्न सकिने छ,
७. घटनास्थलको प्रकृति हेरी घाइतेहरूको उद्धारका लागि सडक सुचारू गर्ने कार्यलाई प्राथमिकताका साथ तीव्रता दिइने ।

**घ. सरूवा रोग/महामारी**

यस जिल्लाको क्षेत्र प्रायः पहाडी तथा विकट रहेको, केही घना वस्ती भएको र समूदायमा जनचेतनाको कमी भएको ले वर्षात्को तथा बाढीको समयमा खानेपानीका श्रोतहरू समेत दूषित हुने हुनाले उच्च जोखिमयुक्त क्षेत्रमा कुनै पनि स्थानमा सरूवा रोगहरू महामारीको रूपमा भित्रन सक्ने हुन्छ । बाढी, पहिरो तथा महामारीका कारण पनि द्वितीय (Secondary) बिपद् निम्तिन सक्छ । त्यस्ता स्थानहरूमा तुरून्त सुरक्षा निकाय सहित स्थानीय तह र जिल्लाबाट स्वास्थ्यकर्मीको टोली खटाई शुरूमै रोगहरू नियन्त्रण गरी महामारी फैलन नदिने उपायहरू अपनाइने छ । सरूवा रोग सम्बन्धी, पानी शुद्धिकरण गर्ने विधि, सरसफाइ सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन, पानीको गुणस्तर चेक गर्ने जस्ता कुराहरू कडाईका साथ लागु गरी महामारी उत्पन्न हुन नदिने प्रयास गरिनेछ ।

## ३.५ बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना र बिपद् सम्बन्धी कार्य गर्ने अन्य निकायहरू

यस जिल्लाका स्थानीय तहहरू, सङ्घीय तथा प्रदेश अन्तर्गतका सरकारी निकायहरू, बिपदमा सहयोग गर्ने नेपाल रेडक्रस

सोसाइटी, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, गैह्रसरकारी संस्था महासङ्घ, सामूदायिक वन उपभोक्ता महासङ्घ, UNFPA, UMN Rukum (Eastern part) Cluster, FAIRMED, NPAF, MIC NEPAL, HUREDCARC, सर्वाङ्गीन विकास केन्द्र (HDC), रूकुमेली समाज विकास केन्द्र, उद्योग बाणिज्य सङ्घ, चेम्वर अफ कमर्श, संयुक्त राष्ट्रसङ्घीय निकायहरू लगायतका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, स्थानीय सङ्घ संस्थाहरूको उपस्थिति रहेको छ । त्यसैगरी स्थानीय तहका निर्माण व्यवसायी सङ्घ, तालिम र अनुमति प्राप्त क्लिनिकहरू, निजी अस्पताल, यातायात ब्यवसायी समिति र सहकारी सङ्घ आदिको समेत सहभागी हुने गरेको छ ।

**मानवीय सहायतामा संलग्न साझेदार निकायको सम्पर्क सूची (अनुसूची बमोजिम)**

**बिपद् जोखिम विश्लेषणको सूचक ३.४ को एकीकृत तालिका अनुसार जोखिमको स्तरीकरण**

| क्र.सं. | बिपद्को क्षेत्र | उच्च जोखिम क्षेत्र | मध्यम जोखिम क्षेत्र |
|---|---|---|---|
| १ | भूकम्प (Earthquake) | जिल्लाभर | जिल्लाभर |
| २ | पहिरो (Landslide) | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>पुषरगाउँ, हार्दिबाङ, यमखार, तिज्याङ, हिम, रन्मागाउँ, काँडा, हुकाम, मयाङ, हालबाङ, बालुवा, छमारी, त्रिवेणी, ओख्मा, हालवाङ | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>घुरबाङ, मलिङ, चुमा, गुङ, साकिनाबोट, घुम्लिबाङ, दमचन, तुँपा, छमारी, गर्खानी, फल्नै, पदमी, खैरेखोला, नयाँबजार, ओख्मा, राङसी, नाखागाउँ, नाखोल, जामाबगर, घाटुला, मै कोटगाउँ, जुसमुर, झारलुङ, पेल्मा, रल, घुन्मा, |
| | | **भूमे गाउँपालिका**<br>काँत्री, मोराबाङ, सिमा, सुर्तिवाङ, तामारी, झुम्लाबाङ, रूजिखोला, काँडावगर, सिस्ने खोला | **भूमे गाउँपालिका**<br>पैयापाटा, सुर्तिबाङ, खासिबाङ, रतुवामारे, दाङलिका, पखेरा, दोमै, क्याङ्सी, कर्तिखेल्ने, ठाम, दर्फ, खम्पाजा, बालुवा, खाम्दै, अबैखोर्रे, पुर्साबाङ, भैसीलोटे, ताम्दै, झिम्का, कुचिबाङ, मैकाडा, |
| | | **सिस्ने गाउँपालिका**<br>ठूलोसिस्ने , नायगाड, मोराबाङ, रातामाटा, पोखरा, पाङा, धपे, चिसापानी, लम्पाकोट, खोपीचार, धाउँने, बन्सेनी आदि । | **सिस्ने गाउँपालिका**<br>ईटी, भंग, प्वाङ गाउँ, रतिप्तारा, भिङ, सल्लेरी, नाथीगाड, सानचौर, रानीकोट, कौछे ह्याप्लाआदि । |
| ३ | आगलागि (Fire) | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>रन्मा मैकोट, खारावाङ, जाङ, पद्मी, तक, सेरा, खैरे, अर्जल, | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>चुम, गुङग, अर्जल, काजरजंग, गरखानी, घुङलीबाङ, मयाङ, तिज्याङ, झार्लुङ, छमारी, ओख्मा |
| | | **सिस्ने गाउँपालिका**<br>सुद्री, भंग, जौली, कुरीपानी, ठस्के, बयाले, किंदा, नेटा, छुरबाङ, कोटघारी, सल्लेरी, असारेचिउरा, दाङ, रोटी, ईर्या, राईले, गर्चा, | **सिस्ने गाउँपालिका**<br>सल्लिवसौंना, टाटे, गोलखारा, धङगु, रातामाटा, नौधारी, रूमालवारा, काँडा, दत्कुना, ठूलो सिस्ने , भग, |
| | | **भूमे गाउँपालिका**<br>डालीबाङ, लुकुम, काँत्री, सिमा, क्याङसी, जलेखर्क, मोराबाङ, झुम्लाबाङ, गावाङ, गुनाम, भित्रीवनरिसाल, चुनवाङ सिमचौर, बाहुनकाटिना, खाल आदि | **भूमे गाउँपालिका**<br>चुन्बाङ लेक, गुँरासे लेक, लापटा लेक, सेराबाङ, उपल्लो साकिम, महत, ठूलो गाउँ, सिमचौर, बाहुन काटिना , लामाचौर, मयवाङ, खाल मोराबाङ, कुचिबाङ आदि । |
| ४ | बाढी (Flood) | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>मसिनाबगर, बालुवा, नाखोल, जामाबगर | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>चारगाउँ, त्रिवेणी, मङ्गाखोला, रूजिखोला, त्रिवेणी, |
| | | सिस्ने गाउँपालिका तिप्तारा, मोराबाङ, कोटघारी, मूलपानी, पोखरा, भलखोला, धपे, नाथीगाड, धाउँनेवगर, | सिस्ने गाउँपालिका तुवाङ, सल्लीविसौना, ठाँटे |
| | | **भूमे गाउँपालिका**<br>बालुवा, धौलापैरा, काँडाबगर आदि । | **भूमे गाउँपालिका**<br>गैरीगाउँ, दोमई, सिमा, झुङलाबाङ, काँडा बगर, चोत्रोघैरा, कुनपानी, मैबाङ, गैरी गाउँ बजार लाखरखोला आदि । |

| | | | |
|---|---|---|---|
| ५ | सडक दूर्घटना (Road accident) | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>क्युवाङ | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>गर्खानीको भिर, पिपलटुङ, |
| | | **सिस्ने गाउँपालिका**<br>खोपीचार, रानीकोट, रूकुमकोट, धाउने, कउछे, चिसापानी | **सिस्ने गाउँपालिका**<br>वावाङखोला |
| | | **भूमे गाउँपालिका**<br>धौलापहिरा, खावाङ बगर, रिकाधुरी आदि । | **भूमे गाउँपालिका**<br>बालुवाखोला |
| ६ | हिमपात (Snowfall) | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>जुनाङ, पुषर, मैकोट गाउँ, दुले, तिज्याङ, पेल्मा, झारलुङ, यमखार, हिम, गुइबाङ, रन्मा, घुन्मा, काजरजङ्ग, हुकाम, दमचन, खोरे, ताँतु | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>मयाङ, अंगाउ लाबाङ, घुम्लिबाङ, तुपा, गोलखाडा, मृगभाल्ने, पानीचौर |
| | | **सिस्ने गाउँपालिका**<br>ठूलो सिस्ने, पाखापानी, लाम्पाखा, ओखरेनी, भट्टे चौर, मर्पे, रंगेनी, लैपा, धङ्क, स्याम्जे | **सिस्ने गाउँपालिका**<br>भंग, सल्लिविसौंना, टाटे, किंदा, माथिल्लो दादिङ, खोपीचार, झिङग्री, तुवाङ, लम्पाकोट |
| | | **भूमे गाउँपालिका**<br>पञ्चासे, स्याला, रिकुम, लाटापानी, बनबालारिग, च्यारनेटा, चिप्लेगौरा, गाबाङ, तल्लो गाबाङ, रिक डाँडा आदि । | **भूमे गाउँपालिका**<br>खाल्बोट, घङ्खारी, छोबाङ, मछैना, राउटे घरेली , कोइचा बिस्कुम, मालालुम, हाडी झुम्का, मैबाङ, फल्लेबासी, घोर्नेटी, भैसीलोटे, गहुँकम्द, भेरीडाँडा, थुम्का, सिमचौर स्याला, छहरा, लुमा आदि । |
| ७ | महामारी (Epidemic) | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>राङसी, कोल, सेरा, तक, गर, हुकाम, रन्मा, मयाङ, पद्मी | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>खाराबाङ, जाङ, गरखानी |
| | | **सिस्ने गाउँपालिका**<br>ठूलो सिस्ने, दादिङ, खोपिचार, रूकुमकोट | **सिस्ने गाउँपालिका**<br>प्वाङ गाउँ तुवाङ, पाङा, लैपा, लम्पाकोट |
| | | **भूमे गाउँपालिका**<br>लुकुम, काँक्री, सिमा, मोराबाङ, काँडा, साकिम, महतआदि । | **भूमे गाउँपालिका**<br>सेराबाङ, गैरीगाउँ, सिमचौर, क्याङसी आदि । |
| ८ | असिनापानी (Hailstrom) | जिल्लाभर | |
| ९ | हावाहुरी (Strom) | जिल्लाभर | |
| १० | चट्याङ (Lightening) | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>रन्मा, मैकोट, पानीचौर | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>हुकाम, खारावाङ, पद्मी, गोलखाडा, गरखानी, क्यूवाङ |
| | | **सिस्ने गाउँपालिका**<br>लामपाखा, रङ्गेनी किंदा, रोटी, खोपीचार, सिस्ने | **सिस्ने गाउँपालिका**<br>तुवाङ, मैदान, ओखेना |
| | | **भूमे गाउँपालिका**<br>चुनवाङ, पन्चासे, महत, गुनाम, पोखरापाटा, रिसाल, भेरीडाँडा, च्यचङचुङ, बिजौरा, डाँडागाउँ, थुम्का, टाटेपाखा आदि । | **भूमे गाउँपालिका**<br>कांक्री, खावाङ, क्याङसी, मोरावाङ, झुम्लावाङ, कुचिवाङ नाङफु, पोखरापाटा |
| ११ | बालिनालीमा लाग्ने रोग र किरा | जिल्लाभर | |

| | | | |
|---|---|---|---|
| १२ | तुसारो (Frost) | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>जुनाङ, पुषर, मैकोट गाउँ, दुले, तिज्याङ, पेल्मा, झारलुङ, यमखार, हिम, गुइबाङ, रन्मा, घुन्मा, काजरजंग, हुकाम, दमचन, खोरे, ताँतु, | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>मयाङ, अंगाउ लाबाङ, घुम्लिबाङ, तुपा, गोलखाडा, मृगभाल्ने, पानीचौर |
| | | **सिस्ने गाउँपालिका**<br>ठूलो सिस्ने , पाखापानी, लाम्पाखा, ओखेन, भट्टे चौर, मर्पे, धङ्ख, तुवाङ, स्याम्जे | **सिस्ने गाउँपालिका**<br>लम्पाकोट, झिमखोला, लैपा, किंदा, माथिल्लो दादिङ, खोपिचार, झिङग्री, लम्पाकोट |
| | | **भूमे गाउँपालिका**<br>काँडा सेरवाङ, पञ्चासे, स्याला, रिकुम, लाटापानी, बनबालारिग, च्यारनेटा, चिप्लेगौरा, गाबाङ, तल्लो गाबाङ, भेरीडाडा | **भूमे गाउँपालिका**<br>खाल्बोट, घङ्वारी, छोबाङ, मछैना, राउटे घरेली , कोइचा. बिस्कुम, मालालुम, हाडी झुम्का, मैबाङ, फल्लेबासी , घोर्नेटी, भैसीलोटे, गहुँकम्द, भेरीडाँडा, थुम्का, सिमचौर स्याला, छहरा, लुमा |
| १३ | लेक लाग्ने (High Altitude Sickness) | **पुथा उत्तरगङ्गा गाउँपालिका**<br>लालपाटन | |
| | | **सिस्ने गाउँपालिका**<br>खारा गुप्ता, माटे बिनिके रिरीवाङ कानखाने गुर्जने बिरी बुगेरी पाथिभरे जाङगेथला पुर्मुली रातामाटा जुजाउ, लसुने | |

## ३.६ प्रकोप विश्लेषण

### ३.६.१ प्रकोप स्तरीकरण

यस जिल्लामा विगतमा भएका र भविष्यमा आइपर्न सक्ने प्रकोप तथा जलवायुजन्य घटना र जनधनको क्षति तथा उपलब्ध क्षमताका आधारमा प्रकोपको सूची तयार गरी बढी क्षति गर्ने प्रकोप पहिचान गरी तपसिल बमोजिम स्तरीकरण गरिएको छ ।

यस जिल्लामा गरिएको विभिन्न विषयगत क्षेत्रहरू, क्षेत्रगत कार्यालय, स्थानीय तह का प्रतिनिधिहरू तथा विभिन्न गैह्र सरकारी संस्थाहरूको सहभागितामूलक छलफलको आधारमा विशेष गरी भूकम्प, पहिरो, बाढी, आगलागि, हावाहुरी, चट्याङ, महामारी, खडेरी, हिमपात, असिना, कृषि तथा पशुपन्क्षीमा लाग्ने रोगकिरा, सडक दूर्घटना, तुसारो, जङ्गली जनावरको आक्रमण लगायतका प्रकोपहरूलाई प्रमुख प्रकोपको रूपमा पहिचान गरिएको छ । नेपाल भूकम्पीय जोखिमको हिसावले विश्वमा ११ औँ सङ्कटासन्न मुलुक भएको हुँदा प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा नराखी पहिलो नम्बरको प्रकोपको रूपमा प्राथमिकतामा राखिएको छ। भूकम्पीय जोखिमको हिसावले यहाँका स्थानीयबासीहरू उच्च सङ्कटासन्न अवस्थामा रहेका छन् । स्तरीकरणबाट प्रकोपहरू पहिचान गर्दा सवैभन्दा उच्च जोखिम भूकम्प, पहिलोदेखि तेह्रौसम्म तलको तालिका बमोजिम जिल्लामा रहेका ३ वटा गाउँपालिका अन्तर्गतका सवै वडाको अलग अलग सूचीलाई एकीकृत गरेर जिल्ला भित्र हुने प्रकोपको सूची र स्तरीकरण गरिएको छ ।

## वडा स्तरीय प्रकोप स्तरीकरणमा देखिएका प्रकोपहरूः–

| गा.पा तथा वडा नं | रूकुम(पूर्व) जिल्ला अन्तर्गतका ३ वटै गाउँपालिका अन्तर्गतका वडाहरूको प्रकोप तथा यसकोस्तरीकरण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौं | छैटौं | सातौं | आठौं | नवौं | दशौं | एघारौं | बाह्रौं | तेह्रौं |
| सिस्ने १ | भूकम्प | पहिरो | हिमपात | बालीमा रोगकिरा | असिना | आगलागि | महामारी | खडेरी | जङ्गली जनावारको आक्रमण | हावाहुरी | बाढी | चट्याङ | बालीमा लाग्ने रोगकिरा |
| सिस्ने २ | भूकम्प | पहिरो | आगलागि | हावाहुरी | खडेरी | महामारीजन्य रोगहरू | बाढी | हिमपात | जङ्गली जनावारको आक्रमण | असिनापानी | चट्याङ | तुसारो | |
| सिस्ने ३ | भूकम्प | पहिरो | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | बाढी | असिनापानी | खडेरी | आगलागि | महामारीजन्य रोगहरू | हावाहुरी | चट्याङ | ढुङ्गा खस्ने | | |
| सिस्ने ४ | भूकम्प | हावाहुरी | असिनापानी | पहिरो | खडेरी | महामारीजन्य रोगहरू | आगलागि | हिमपात | जङ्गली जनावारको आक्रमण | चट्याङ | तुसारो | | |
| सिस्ने ५ | भूकम्प | पहिरो | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | खडेरी | हावाहुरी | असिनापानी | महामारीजन्य रोगहरू | सडक दूर्घटना | आगलागि | जङ्गली जनावर को आक्रमण | चट्याङ | तुसारो | |
| सिस्ने ६ | भूकम्प | पहिरो | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | खडेरी | हावाहुरी | असिनापानी | महामारीजन्य रोगहरू | सडक दूर्घटना | जङ्गली जनावरको आक्रमण | चट्याङ | तुसारो | आगलागि | तुसारो |
| सिस्ने ७ | भूकम्प | पहिरो | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | महामारीजन्य रागहरू | हावाहुरी | बाढी | असिनापानी | सडक दूर्घटना | तुसारो | आगलागि | चट्याङ | खडेरी | |
| सिस्ने ८ | भूकम्प | पहिरो | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | महामारी | हावाहुरी | बाढी | असिनापानी | सडक दूर्घटना | तुसारो | आगलागि | चट्याङ | खडेरी | |
| भूमे १ | भूकम्प | बाढी पहिरो | हिमपात | कृषि तथा पशुपंक्षीमा लाग्ने राग | आगलागि | चट्याङ | महामारीजन्य रोगहरू | हावाहुरी | खडेरी | तुसारो | | | |
| भूमे २ | भूकम्प | बाढीपहिरो | हिमपात | कृषि तथा पशुपंक्षीमा लाग्ने राग | आगलागि | चट्याङ | महामारीजन्य रोगहरू | हावाहुरी | खडेरी | तुसारो | | | |
| भूमे ३ | भूकम्प | बाढीपहिरो | हिमपात | कृषि तथा पशुपंक्षीमा लाग्ने राग | महामारीजन्य रोगहरू | हावाहुरी | सडक दूर्घटना | तुसारो | खडेरी | जङ्गली जनावरको आक्रमण | चट्याङ | आगलागि | |
| भूमे ४ | भूकम्प | बाढीपहिरो | हिमपात | कृषि तथा पशुपंक्षीमा लाग्ने राग | सडक दूर्घटना | चट्याङ | महामारीजन्य रोगहरू | हावाहुरी | खडेरी | तुसारो | खडेरी | आगलागि | |
| भूमे ५ | भूकम्प | बाढीपहिरो | हिमपात | कृषि तथा पशुपंक्षीमा लाग्ने राग | आगलागि | चट्याङ | महामारीजन्य रोगहरू | हावाहुरी | खडेरी | तुसारो | खडेरी | | |
| भूमे ६ | भूकम्प | बाढीपहिरो | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | हावाहुरी | माहामारीजन्य रोगहरू | आगलागि | चट्याङ | खडेरी | असिनापानी | हिमपात | तुसारो | | |
| भूमे ७ | भूकम्प | बाढीपहिरो | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | चट्याङ | महामारीजन्य रोगहरू | हावाहुरी | खडेरी | असिनापानी | हिमपात | जङ्गली जनावर को आक्रमण | तुसारो | | |
| भूमे ८ | भूकम्प | बाढीपहिरो | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | चट्याङ | महामारीजन्य रोगहरू | हावाहुरी | खडेरी | असिनापानी | हिमपात | | तुसारो | | |
| भूमे ९ | भूकम्प | बाढीपहिरो | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | चट्याङ | हावाहुरी | आगलागि | महामारीजन्य रोगहरू | खडेरी | तुसारो | असिनापानी | | | |
| पुथा १ | भूकम्प | बाढीपहिरो | हिमपात | आगलागि | महामारीजन्य रोगहरू | खडेरी | हावाहुरी | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | असिनापानी | तुसारो | चट्याङ | | |
| पुथा २ | भूकम्प | बाढीपहिरो | हिमपात | आगलागि | महामारीजन्य रोगहरू | खडेरी | हावाहुरी | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | असिनापानी | तुसारो | चट्याङ | | |
| पुथा ३ | भूकम्प | बाढीपहिरो | हिमपात | आगलागि | महामारीजन्य रोगहरू | खडेरी | हावाहुरी | कृषि तथा पशुपंक्षीमा लाग्ने राग | असिनापानी | तुसारो | चट्याङ | | |
| पुथा ४ | भूकम्प | बाढीपहिरो | हिमपात | आगलागि | महामारीजन्य रोगहरू | खडेरी | हावाहुरी | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | असिनापानी | तुसारो | चट्याङ | | |
| पुथा ५ | भूकम्प | बाढीपहिरो | हिमपात | आगलागि | महामारीजन्य रोगहरू | खडेरी | हावाहुरी | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | असिनापानी | तुसारो | चट्याङ | | |
| पुथा ६ | भूकम्प | बाढीपहिरो | हिमपात | आगलागि | महामारीजन्य रोगहरू | खडेरी | हावाहुरी | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | असिनापानी | तुसारो | चट्याङ | | |
| पुथा ७ | भूकम्प | बाढीपहिरो | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | खडेरी | आगलागि | हावाहुरी | महामारीजन्य रोगहरू | असिनापानी | हिमपात | तुसारो | चट्याङ | | |
| पुथा ८ | भूकम्प | बाढीपहिरो | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | खडेरी | आगलागि | हावाहुरी | महामारीजन्य रोगहरू | असिनापानी | हिमपात | तुसारो | चट्याङ | | |
| पुथा ९ | भूकम्प | बाढीपहिरो | कृषि तथा पशुपंक्षीमा लाग्ने रोग | खडेरी | आगलागि | हावाहुरी | महामारीजन्य रोगहरू | असिनापानी | हिमपात | तुसारो | चट्याङ | | |
| पुथा १० | भूकम्प | बाढीपहिरो | हिमपात | आगलागि | महामारीजन्य रोगहरू | खडेरी | हावाहुरी | असिनापानी | कृषि तथा पशुपंक्षामा लाग्ने रोग | तुसारो | चट्याङ | सडक दूर्घटना | |
| पुथा ११ | भूकम्प | बाढीपहिरो | हिमपात | आगलागि | महामारीजन्य रोगहरू | खडेरी | हावाहुरी | असिनापानी | कृषि तथा पशुपंक्षामा लाग्ने रोग | तुसारो | चट्याङ | | |
| पुथा १२ | भूकम्प | बाढीपहिरो | हिमपात | आगलागि | महामारीजन्य रोगहरू | खडेरी | हावाहुरी | असिनापानी | कृषि तथा पशुपंक्षामा लाग्ने रोग | तुसारो | चट्याङ | | |
| पुथा १३ | भूकम्प | बाढीपहिरो | हिमपात | आगलागि | महामारीजन्य रोगहरू | खडेरी | हावाहुरी | असिनापानी | कृषि तथा पशुपंक्षामा लाग्ने रोग | तुसारो | चट्याङ | | |
| पुथा १४ | भूकम्प | बाढी पहिरो | बालीमा रोगकिरा | हावाहुरी | महामारीजन्य रोगहरू | खडेरी | असिनापानी | तुसारो | चट्याङ | आगलागि | जङ्गली जनावरको आक्रमण | | |

*श्रोतः पुनरावलोकन कार्यदल संगको छलफल तथा स्थानीयबिपद् जलवायु उत्थानशील योजना स्थानीय तह ।*

### ३.६.२ प्रकोपको मूल कारण, प्रभाव पार्ने क्षेत्र तथा सम्भावित समाधानका उपायहरु

जिल्ला बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७५) को अनुसूची ५ (४) अन्तर्गत प्रकोप जोखिम तथा सामाजिक श्रोत नक्साङ्कन, जोखिम र समस्या विश्लेषण खाका, संस्थागत विश्लेषण तथा सम्बन्ध चित्र, तापक्रम वा वर्षाको विश्लेषण, लक्षित समूह छलफल भू-उपयोग जोखिम विश्लेषण लगायतका औजारहरूको सहयोगले मुख्य समस्या वा प्रकोप, प्रकोपको कारण, प्रभाव र जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपायहरू प्रकोप विश्लेषण अन्तर्गत राखिएको छ । समग्रमा मुख्य समस्या वा प्रकोपहरूमा वन आगलागि हुन सक्ने, महामारी फैलिन सक्ने, विद्यालय वा समूदायको जमिन तथा संरचना पहिरोले पुरिने, भत्किन सक्ने, बाढीले जमिन कटान हुन सक्ने, असिना र हिमपातले बाली नष्ट पार्ने, हावाहुरीले घरटहराका छानाहरू उडाउन सक्ने सम्भावना रहेका छन् । माथि उल्लेखित समस्याहरूको कारण वनजङ्गल फडानी, वातावरणमैत्री विकास नहुनु, विकाससँगै जोखिम अल्पिकरणका कार्यहरू नगर्नु, प्रकोप तथा जोखिमप्रति सचेत नहुनु, भूकम्प प्रतिरोधी घरसंरचनाहरू निर्माण नहुनु रहेका छन् । मुख्य प्रभाव भनेको नै मानिसको मृत्यु, अङ्गभङ्ग तथा घाइते हुनु, मनोसामाजिक असर पर्नु, घरसंरचनाहरूमा क्षति पुग्नु, उत्पादनमा ह्रास आउनु, स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्नुं, जीविकोपार्जनको उपायहरूमा असर पर्नु आदि हुन् । यी सबै तथ्यहरूलाई विश्लेषण गर्दा विभिन्न जोखिम न्यूनीकरणका उपायहरू पहिचान भएका छन् जसमध्ये मुख्य उपायहरूमा संरचना निर्माणमा प्राविधिकको निरीक्षणमा संरचना निर्माण गरी भूकम्प प्रतिरोधी प्रविधि अंगाल्नु, बाढी तथा पहिरो नियन्त्रणका लागि तटबन्ध निर्माण, चेक ड्यामहरू निर्माण गर्नु, सम्भावित, बाढी तथा भासिन सक्ने जमिनमा संरचना निर्माण नगर्ने, जनचेतना फैलाउनु, वृक्षारोपण गर्नु, वन फडानी रोक्नु, त्यस्तै कृषि तथा पशुमा लाग्ने रोगको लागि जैविक विषादीको प्रयोग, र भ्याक्सिनको व्यवस्था तथा पशु शिविर सञ्चालन गर्ने जस्ता पूर्वतयारी तथा बिपद् व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्नु, प्रतिकार्य टोलीहरू गठन गरी सक्रिय राख्नु, विकाससँग बिपद् व्यवस्थापनलाई मूलप्रवाहिकरण गर्नु आदि रहेका छन् । प्रकोप विश्लेषणको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

| क्र.स. | प्रकोप | प्रकोपको मूल कारण | प्रभाव पार्ने क्षेत्र | सम्भावित समाधानका उपायाहरू |
|---|---|---|---|---|
| १ | भूकम्प | पृथ्वीभित्र रहेका ठूला प्लेटहरूको गतिशिलता तथा एकआपसमा ठोक्किएर | ठूलो धनजनको क्षति, पूर्वाधार तथा सामाजिक संरचनाहरूमा क्षति, आर्थिक संकट तथा मानसिक असर, प्राचिन पुरातात्वीक सम्पदाहरूमा क्षति, विस्थापित तथा वसाँइसराइ, व्यक्ति तथा राज्यलाई दीर्घकालिन आर्थिक भार, जिविको पार्जनमा असर, रोग तथा महामारी ल्याउन सक्ने । | पूर्व तयारी तथा प्रतिकार्यमा जोड, भवन आचारसंहिताको पालना गरी भूकम्प प्रतिरोधी भवन तथा पूर्वाधारहरू निर्माण गर्ने, चेतनामूलक कार्यहरू सञ्चालन गर्ने, सुरक्षित स्थानको छनौट गर्ने, आकस्मिक कोषको स्थापना, वातावरणमैत्री दीगो विकासमा जोड, सिमुलेसन अभ्यास गर्ने, तालिम प्राप्त दक्ष जनशक्ति तयार गर्ने, स्वास्थ्य संस्था सवलीकरणगर्ने, औषधी तथा अत्यावश्यक सामग्रीहरूको पूर्व भण्डारण गर्ने । |
| २ | बाढी | नदीको मुहान फुट्नु, अतिवृष्टि, खोला तथा नदीहरू साँघुरिदै जानु, कमजोर भुवनोट, आगलागि, वनजङ्गलको फडानी, अव्यवस्थित तथा जोखिमपूर्ण बसोवास | वर्षेनी सयौं घरहरू, अन्नपात, खेतीयोग्य जमिन डुवानमा पर्नु, ठूलो मात्रामा जनधनको क्षति हुनु, आर्थिक अवस्था कमजोर हुँदै जानु, मानसिक तनाव वढ्नु, स्वास्थ्यको अवस्था कमजोरहुँदै जानु, रोग तथा महामारी फैलिनु । | नदीको मुहानलाई बलियो बनाउने, नदीमा तारजाली तथा तटबन्ध लगाउने, खोला तथा नदी वरीपरी रहेको खाली जमिनमा वृक्षारोपण गर्ने, सुरक्षित आवास घोषणाका आधारमा बसोबास व्यवस्थापन गर्ने, नालीको निर्माण तथा ब्यवस्थापन, औषधी तथा अत्यावश्यक सामग्रीहरूको पूर्व भण्डारण गर्ने । |
| ३ | आगलागि | आगलागिलाई सामान्य रूपमा लिने, जथाभावी आगो बाल्नु, चुरोटका ठुटा फाल्नु, प्रज्वलनशील सामग्रीहरू केटाकेटीहरूको पहुँचमै राख्नु, बिजुली वत्ती जडान गर्दा ध्यान नपुर्याउनु, सुख्खा मौसम, हुरीवतास, चट्याङ, लापरवाही वा असावधानी, अव्यवस्थित वस्ती तथा खरको छानाको प्रयोग गर्नाले, आगलागि सम्बन्धी ज्ञानको कमी | जनधन तथा पशुपन्छीको क्षति, प्राकृतिक स्रोत साधनको क्षति, आर्थिक तथा मानसिक असर, खाद्य अप्राप्यता, वातावरण प्रदूषण हुने, जलवायु परिवर्तनको कारक तत्व, बाढी तथा पहिरो जाने, पानीका मुहान सुक्ने । | जनचेतना अभिवृद्धि गर्ने, वस्तीलाई आगलागिबाट सुरक्षित राख्नको लागि पोखरी तथा कुवाहरू निर्माण गने, सुरक्षित वसोवास निर्माण गर्ने, फुसको छानाहरूलाई विस्तारै विस्थापन गदै जाने, मुहान, सिँचाई नहर तथा पोखरी, दहहरू संरक्षण गर्ने, अग्नि रेखा निर्माण गर्ने, फायर बलहरू लगाएत दक्ष जनशक्तीको ब्यवस्थापन । |

| क्र.स. | प्रकोप | प्रकोपको मूल कारण | प्रभाव पार्ने क्षेत्र | सम्भावित समाधानका उपायाहरू |
|---|---|---|---|---|
| ४ | हावाहुरी | सुख्खा मौसम, वनजङ्गल फडानी, कमजोर पूर्वाधार निर्माण, जलवायु परिवर्तन | घरका छानाहरू उडाउनु, बालीनाली नष्ट हुने, खाद्य असुरक्षा वा अभाव, आर्थिक असर तथा गरिबी बढ्नु, मानसिक प्रभाव, धनजनको क्षति हुने | चेतनामूलक कार्यलाई वढाउने, घरका छानाहरूलाई बलियो तरिकाले राख्ने व्यवस्था गर्ने, खुल्ला ठाउँमा घर वनाउँदा वरिपरी हावा छेक्ने खालका वोटविरूवाहरू रोप्ने, हावापानीअनुसारको खेती प्रविधि अँगाल्ने । |
| ५ | पहिरो | अव्यवस्थित सडक तथा पूर्वाधार निर्माण कार्य, वन विनास, आधुनिक मेसिनको जथाभावी प्रयोग, कमजोर भूवनावट, भिराले जमिन, अतिवृष्टि, खुल्ला चरिचरन, वनजङ्गल फडानी, संरचनाबाट पानीको चुहावट | प्राकृतिक श्रोत साधनको क्षति, सामाजिक खलबल, धनजनको क्षति तथा आर्थिकअसर, खेतीयोग्य जमिनको नास, पानीको श्रोत जस्तो मूल पुरिनु, घर तथा वस्तीहरू जोखिममा पर्नु । | वायोईन्जिनियरिङ विधि अँगाल्ने, जोखिम क्षेत्रमा वाल लगाउने, विरूवा रोप्ने, जनचेतना फैलाउने, वनफडानी तथा खुला चरिचरन नियन्त्रण गर्ने, खाली जमिनमा वृक्षारोपण गर्ने, जोखिम क्षेत्रमा रहेको वस्ती स्थानान्तरण गर्ने । |
| ६ | चट्याङ | मौसमी प्रभाव, जलवायु परिवर्तन हुनु | साना साना बालबालिकाहरू डराएर एक्लै वस्न नसक्ने, मानिस तथा पशुवस्तुहरूको मृत्यु हुनु, बोटविरूवाहरूमा नोक्सानी हुने, आगलागि हुने | घरहरू बनाउँदा चट्याङले असर नगर्ने प्रविधिहरूको प्रयोग गर्ने, चट्याङ पर्ने जस्तो बातावरण देखिएमा खुल्ला ठाउँमा नबसी घरमा नै बस्ने, अर्थिङ प्रयोग गर्ने, चट्याङ पर्ने समयमा जोखिम ठाउँमा नवस्ने । चट्याङ लागेका समयमा टाउको समाती निहुरेर बस्ने । |
| ७ | महामारी | वातावरण प्रदूषण, चर्पीको समुचित प्रयोग नहुनु, सरसफाइमा उचित ध्यान नदिनाले, फोहोर पानी तथा वासी सडेगलेका खानेकुरा खानाले, असुरक्षित सम्पर्कका कारण | ज्यान जान सक्ने, विरामी पर्नु, आर्थिक, सामाजिक तथा मानसिक असर, स्वास्थ्यमा दीर्घकालीन असर, उत्पादनको समयमा.वि.भिन्न विषादीहरू प्रयोग । | सरसफाइमा विशेष ध्यान दिने, विभिन्न चेतनामूलक अभियानहरू सञ्चालन गर्ने, विषादी प्रयोगमा कमी ल्याउने, व्यवस्थित तथा सुरक्षित खानेपानीको प्रयोग, चर्पीको उचित प्रयोग, अस्पताल, स्वास्थ्यचौकीको सवलीकरण गर्ने, औषधी तथा दक्ष स्वास्थ्यकर्मीको पूर्व तयारी । |
| ८ | खडेरी | समयमा पानी नपर्ने, वन जङ्गलको विनास हुनु, जलवायु परिवर्तन हुनु | उत्पादनमा कमी भै खाद्य असुरक्षा हुने, कुपोषण दरमा बृद्धि, आर्थिक आस्थामा असर, वसाइमा प्रभाव, जग्गाजमिन बाँझै हुने, व्यक्तिका साथै देशको आर्थिक अवस्था कमजोर हुनु, आगलागि हुन सक्ने, जैविक विविधतामा असर । | वृक्षारोपण गर्ने, वन जङ्गलको संरक्षण गर्ने, उन्नत तथा खडेरी सहन सक्ने जात वा छिटो पाक्ने बालीहरू लगाउने, पानीका मुहानहरूको संरक्षण गर्ने, आकासे पानी सङ्कलनको व्यवस्था गर्ने, सिंचाई योजनाहरू सञ्चालनमा ल्याउने, वेमौसमी खेती प्रणालीलाई बढावा दिने, पोखरीहरू निर्माण तथा संरक्षण गर्ने, जुठेल्नाको पानी उपयोग गर्ने, थोपा सिंचाई प्रविधि अवलम्बन गर्ने । |
| ९ | बालीमा रोगकिरा | रैथाने बालीहरूको विउ नलगाएर अन्य विउको भरपर्नु पर्ने, कृषिमा आधुनिकीकरण नहुनु, एकै जातको विउको प्रयोग हुनु, रासायनिक मल तथा किट्नासक औषधीको अब्यवस्थित प्रयोग | बालीनाली नष्ट हुने, उत्पादकत्वमा ह्रास, खाद्य असुरक्षा, कूपोषण, आर्थिक तथा सामाजिक असर बढ्नु, कृषिमा वितृष्णा बढ्नु, स्वास्थ्यमा प्रतिकूल असर पर्नु । | जैविक विषादी प्रयोग गर्ने, एकीकृत शत्रु जीव प्रविधिको प्रयोग गर्नु, हरेक वडामा कृषि प्राविधिकको ब्यवस्था गर्ने, माटो परीक्षण गरी सोहीबमोजिम उपयुक्त खेती गर्ने, खेतीमा क्षति पुनलाभका लागि कृषिबिमालाई प्रभावकारी रूपमा लागु गर्ने, हाइब्रिड वीउ लगाउँदा सकेसम्म निश्चित स्थानमा परीक्षण गरेर मात्र किसानलाई विउ बितरण गर्ने । |

| क्र.स. | प्रकोप | प्रकोपको मूल कारण | प्रभाव पार्ने क्षेत्र | सम्भावित समाधानका उपायाहरू |
|---|---|---|---|---|
| १० | कृषि तथा पशुपन्छीमा लाग्ने रोग | पशुहरूको उचित आहार र गोठ तथा भकारो व्यवस्थापन नहुनु, पशुपालन सम्बन्धमा प्रयाप्त ज्ञानको अभाव, हाडनातामा प्रजनन् हुनु, सरसफाइमा कमी, समयमा भ्याक्सिनेसन तथा चेकअप गराउने प्रचलन नहुनु, दक्ष पशु प्राविधिकको कमी । | पशु धनको क्षति, पोषणमा प्रभाव, आर्थिक उपार्जनमा कमी, कृषकहरूको जोस तथा जाँगरमा ह्रास हुने, वातावरण तथा मानव स्वास्थ्यमा असर पर्न जाने, कृषकहरू व्यावसायिक बन्न नसक्ने, विदेश पलायन हुने, गरिबी बढ्ने । | पालिकाको विभिन्न स्थानको सम्भाब्यताका आधारमा पशुपालनको योजना तयार गर्ने, पशुपालक किसानलाई पशु विमा गर्ने ब्यवस्था गर्ने, हरेक वडामा पशु प्राविधिक तथा अत्यावश्यक प्रविधि तथा औषधीको व्यवस्थापन गर्ने, पशुपालक किसानका लागि आधारभूत तालिमको ब्यवस्था गर्ने, आधुनिक पशुपन्छीपालन सम्बन्धी ज्ञान दिने, पशु आहारका साथै सुधारिएको खोर, गोठ तथा भकारोमा जोड दिने, उन्नत नश्ल सुधारका लागि आवश्यक सहयोग गर्ने । |
| ११ | हिमपात | प्राकृतिक घटना, मौसमी परिवर्तन | चिसो बढ्ने भएकोले मानिस तथा पशुहरूको स्वास्थ्यमा समस्या आउनु, मानिसहरूको ज्यान जानु, बालीनाली नष्ट हुने दैनिक मजदुरी गरी खाने वर्गलाई खानाको जोहो गर्न समस्या हिमपहिरो जाने, दैनिक जनजीवन कष्टकर हुने, सरसफाइमा बाधा हुने । | जाडो महिनामा बाक्ला लुगाहरू लगाउने , दाउराहरू जम्मा गरीराख्ने, विपन्न परिवारका सदस्यहरूलाई उनीहरूको आवश्यकता बमोजिम सहयोग गर्ने साना बालबालिका, जेष्ठहरूलाई घरमै तातो लुगा लगाएर आगो तापेर बस्न लगाउने, मौसम अनुमान गरी काममा जाने, बेमौसमी खेतीमा जोड दिने, चिसो सँग सम्बन्धित औषधी तथा उपचारको पूर्व तयारी गर्ने । |
| १२ | असिनापानी | प्राकृतिक घटना, मौसमी परिवर्तन | बालीनाली तथा धनजनमा क्षति, आर्थिक अवस्था कमजोर हुने, खाद्य असुरक्षा बढ्ने, बाढी तथा पहिरो जाने, बनजङ्गल तथा बोटविरूवामा क्षति हुने । | असिना पर्ने समय भन्दा अगाडि नै थन्क्याउन सकिने बालीहरू लगाउने, बेमौसमी तरकारी खेती तथा सम्भव भए सम्म प्लाष्टिक टनेलहरू निर्माण गर्ने, बाली विमा तथा पशु विमामा जोड दिने, मौसम पूर्वानुमान सम्बन्धि सूचना सुन्ने र सोही बमोजिम काम गर्ने |
| १३ | महामारी | विश्वव्यापी महामारीको रूपमा फैलिनु | मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा असर | सुरक्षित स्वास्थ्य मापदण्डहरू पालना गर्नु, खोपको सहज उपलब्धता बढाउनु, जनचेतनामूलक कार्यक्रम गर्नु, परीक्षणको दायरा बढाउनु । |

## ३.७ स्थानीय तहहरूमा श्रोत साधन मापनको अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बिपद् जोखिम न्युनिकरण कार्यविधि, २०७२ बमोजिम स्थानीयतहहरूमा पनि पूर्व तयारीका अभ्यास र योजना तर्जुमा भएको छ । तर्जुमा भएको योजनालाई कार्यान्वयनमा ल्याउनुपर्ने र नियमित अध्यावधिक गर्नु पर्ने आवश्यकता छ । सबै स्थानीय तहमा खुला तथा सुरक्षित क्षेत्रहरू पहिचान गरेतापनि उक्त स्थानहरूमा आवश्यक पर्ने सेवा सुविधा विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ र सुरक्षित क्षेत्रहरू हुँदाहुँदै पनि पहिचान नगरिदा बिपद्को समयमा प्रभावित परिवारहरूलाई ब्यवस्थापन गर्न चुनौतिपूर्ण हुँदै गएको छ । स्थानीय तहले बिपदमा प्रयोग गर्न सकिने औजार तथा उद्दारका केही सामान्य औजारहरू स्टेचर, केही खोज तथा उद्दारका सामग्रीहरू, अग्नि नियन्त्रण सामग्री लगायतका आधारभूत सामग्री भण्डारण गरेपनि सहज ढङ्गले घटनास्थलसम्म व्यवस्थापन गर्न कठिनाई देखिन्छ तसर्थ वडा स्तरमा भएको कार्यदल, खोज तथा उद्दार टोलीलाई अत्यावश्यक तालिम तथा सामग्रीहरू व्यवस्थापन गर्न जरूरी छ । जसले गर्दा समयमा नै प्रभावितहरूको ज्यान बचाउन मद्दत गर्छ । यद्यपि जिल्लामा सबै स्थानीय तहले बिपद् व्यवस्थापन समिति गठनसम्म गरेको र बिपदमा प्रयोग गर्न सकिने गरी बिपद् ब्यवस्थापन कोष स्थापना गरेका छन् ।

| क्र.सं. | स्थानीयतह | बिपद् पूर्व तयारी योजना | खुलाक्षेत्र/सुरक्षित स्थान पहिचान तथा व्यवस्थापन | बिपद्का न्यूनतम औजार भण्डारण | बिपद् ब्यवस्थापन समिति | बिपद् ब्यवस्थापन कोष |
|---|---|---|---|---|---|---|
| १ | सिस्नेगाउँपालिका | छ | कमलदह, छिप्रीदह, पोखरा खेल मैदान | छ | छ | छ |
| २ | भूमेगाउँपालिका | छ | महतको ठाँटीडाँडा, चुनवाङ | छ | छ | छ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | पुथाउत्तरगङ्गा गाउँपालिका | छ | हुकाम रिसल्ला, जाङ चौकी नजिक, तकमा रहेको खेल मैदान | छ | छ | छ |
| जिल्लामा माथि उल्लेख भएबमोजिमका संरचनाहरू स्थापना गरिएको भए पनि प्रभावकारी रूपमा परिचालन र कार्यान्वयन हुन सकेका छैनन् । | | | | | | |

## ३.८ आपत्कालीन अवस्थामा खोज तथा उद्धारका लागि तयार गरीएका हेलीप्याडहरूको विवरण

| क्र.सं. | स्थानीय तह | हेलिप्याड रहेको स्थान |
|---|---|---|
| १ | पुथा उत्तरगङ्गा गाउँपालिका | हुकाम रिसल्ला, जाङ चौकी नजिक, तकमा रहेको खेलमैदान (आवश्यक परेमा) |
| २ | भूमे गाउँपालिका | महतको ठाँटीडाँडा |
| ३ | सिस्ने गाउँपालिका | गाउँपालिकाको कार्यालय माथि पट्टि, नेपाली सेना व्यारेक हाताभित्र, आवश्यक परेमा पोखराको खेलमैदान मूलपानी |

## ३.९ स्वास्थ्य सेवा कार्यालयहरू

| क्र. स. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | रूकुम (पूर्व) अस्पताल | १ |
| २ | प्राथमिक स्वास्थ्य केन्द्र | १ |
| ३ | स्वास्थ्य चौकी | १५ |
| ४ | आधारभूत स्वास्थ्य केन्द्र | १५ |
| ५ | सामूदायिक स्वास्थ्य इकाइ | ९ |
| ६ | आयुर्वेद स्वास्थ्य केन्द्र | १ |
| | जम्मा सङ्ख्या | ४२ |

*श्रोतः स्वास्थ्य कार्यालय रूकुम(पूर्व)*

## ३.१० बिपद् प्रभावित परिवारहरूका लागि तयार गरिएका अस्थायी आवासहरूः

| क्र.सं. | स्थानीय तह | भवन सङ्ख्या | क्षमता | अस्थायी आवास सङ्ख्या | अस्थायी आवास क्षमता |
|---|---|---|---|---|---|
| १ | पुथा उत्तरगङ्गा गाउँपालिका | १ | २० | २८ | ५ |
| २ | भूमे गाउँपालिका | | | | |
| ३ | सिस्ने गाउँपालिका | १ | २४ | | |

अस्थायी आवासः पुथा उत्तरगङ्गा गाउँपालिका, सिस्ने गाउँपालिकामा र भूमे गाउँपालिकामा गरी जम्मा २९ वटा (विद्यालय, सामूदायिक भवनहरू) ५९१ वेड क्षमता भएको ।

## ३.११ जिल्लाको सम्बन्ध चित्र

बिपद् पूर्वको पूर्वतयारी, रोकथाम र अल्पीकरण, बिपद्को समयको प्रतिकार्य र बिपद् पश्चातको पुर्नस्थापना र पुनः निर्माण तथा जलवायु परिवर्तन अनुकुलनका लागि आवश्यक पर्ने सेवा, सुविधा, सुरक्षा उपलब्ध गराउने सरकारी तथा गैह्र सरकारी निकाय, सामाजिक सङ्घसंस्था, बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, स्वास्थ्य, सुरक्षा निकाय र अन्य मानवीय सेवा प्रदायक सङ्घसंस्था आदिको उपलब्धता, पहुँच तथा सम्बन्धको विश्लेषण यस संस्थागत चित्रबाट गरिएको छ । यस औजारको प्रयोगबाट समूदायले बिपद् तथा जलवायु उत्थानशीलताका सम्बन्धमा सामाजिक तथा सार्वजनिक निकायसम्मको पहुँच देखाउन खोजिएको छ ।

यस सम्बन्ध चित्रमा समूदाय तथा सङ्घसंस्था बीचको दोहोरो सम्बन्धलाई दुवैतिर भएको रेखाले देखाइएको छ । विशेषगरी जिल्लाका विषय क्षेत्रसँग सम्बन्धित कार्यालयहरू, गाउँपालिका तथा मातहत इकाइ/शाखा कार्यालयसँग बलियो सम्बन्ध

रहेको पाइएको छ । बिपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका लागि पहिचान भएका यी सङ्घसंस्था वा निकायहरूबाट मुख्य रूपमा जनचेतना, पूर्वतयारी प्रतिकार्य राहत वितरण, आपत्कालीन शिक्षा, कृतिम घटना अभ्यास, खोज तथा उद्धार, भूकम्प प्रतिरोधी संरचना निर्माण गर्ने जस्ता सहयोगहरू जिल्ला बिपद् व्यवस्थापन समितिको सल्लाह सुझाव सहयोगमा समूदायले प्राप्त गर्नेछन् । संस्थागत विश्लेषण वा सम्बन्ध चित्रको विस्तृत विवरण तथा विश्लेषण तल समावेश गरिएको छ ।




## परिच्छेद -४

## ४. क्षेत्रगत प्रतिकार्य योजना

### ४.१ **विषयगत क्षेत्रको परिचय**(Introduction of Cluster Approaches)

बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारिताका लागि राष्ट्रिय, प्रदेश र जिल्लास्तरमा विषयगत क्षेत्रहरूको नेतृत्वदायी निकाय र स्थानीय तहहरूमा रहने क्षेत्रगत इकाइहरूलाई आधार मानेर कार्य विभाजन गरिएको छ । यस अवधारणाको कार्यान्वयन गर्न चुनौति देखिए तापनि स्थानीय तह र सो अन्तर्गत रहने बिषयगत इकाइहरूको पनि कार्य विभाजनको स्वरूपलाई स्वीकार गर्दा प्रभावकारिता र जिम्मेवारी बोध हुने भएकोले जिल्लास्तरमा रहने विषय क्षेत्रगत कार्यालयहरूले आ–आफ्नो क्षेत्रगत अवधारणालाई स्वीकार गर्ने र स्थानीय तहले समेत यस अवधारणालाई लागु गर्नुपर्ने छ । अन्तर्राष्ट्रिय स्तर बाट मान्यता प्राप्त क्षेत्रगत अवधारणाका विशेषता निम्नअनुसार रहेका छन्

१. ठूलो बिपद्को अवस्थामा सक्रीय रहने भए पनि क्षेत्रगत अवधारणाले स्थानीय तहदेखि समूदायसम्म आफ्नो उपस्थिति कायम राख्छ ।
२. प्रतिकार्य प्रक्रियामा विशेषज्ञताको उपयोग गर्ने भूमिका निर्वाह गर्छ ।
३. मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवार र उत्तरदायी बनाउने कार्यलाई निश्चित गर्छ ।
४. मानवीय सहयोगका क्षेत्रको पहिचान गरी त्यस अनुरूप सहयोगको खाका तयार गर्छ ।

५. प्रतिकार्यमा देखिएका कमिकमजोरीको निराकरण गरी कार्ययोजनाको समीक्षा गर्दै आवश्यकतानुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्छ ।

६. विशेष **सङ्कटासन्न समूहहरू** अपांगता भएका ब्यक्तिहरू, महिला, किशोरी, बालबालिका, एकल महिला, जेष्ठ नागरिक, सुत्केरी तथा गर्भवती महिला, लैङ्गिक अल्पसङ्ख्यक आदिलाई विशेष प्राथमिकतामा राखी प्रतिकार्यका गतिबिधिहरूलाई अगाडी बढाइनेछ ।

७. सबै स्थानीय तहमा नेतृत्व गर्ने ईकाइ हुने भएकोले वास्तविक प्रभावितको लेखाजोखा हुने, समयमा नै पूर्वतयारी तथा प्रतिकार्यका गतिविधिहरूलाई कार्यान्वयनमा ल्याई मानवीय सेवा कार्यमा छिटो र सहज हुने छ ।

**क्षेत्रगत नेतृत्व गर्ने निकायहरूका मुख्य कार्यहरू-**

- मुख्य साझेदारहरूको पहिचान,
- कार्यक्रम कार्यान्वयनमा समन्वय,
- आवश्यकता पहिचान, कार्ययोजना निर्माण तथा रणनीति तय,
- नीति, कार्यनीति तथा मापदण्डको कार्यान्वयन,
- अनुगमन तथा प्रतिवेदन,
- श्रोत परिचालन तथा वकालत,
- नागरिक समाज तथा सरकारी संयन्त्रलाई प्रशिक्षण तथा क्षमता विकास,
- अन्य क्षेत्रसँग समन्वय,

**उद्देश्य**

क्षेत्रगत अवधारणाका प्रमुख उद्देश्य निम्नअनुसार रहेका छन् ।

- जिल्ला तथा स्थानीय तहमार्फत क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउनु ।
- स्थानीय तह र जिल्लास्तरमा आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यका गतिविधिहरूलाई चुस्त र कार्यान्वयनयोग्य बनाउनु ।
- क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायको लागि स्थानीय तहहरूले नै पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी विशेषज्ञ परिचालन गर्नु ।
- समूदाय, स्थानीय तह, जिल्ला, प्रदेश र केन्द्रबीच समन्वय र समझदारी अभिवृद्धि गर्नु ।
- स्थानीय तह र क्षेत्रगत नेतृत्व गर्ने निकायहरूबीच क्षेत्रगत ज्ञान, सिप, प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु ।

**जिल्लास्तरमा सक्रिय रहने क्षेत्रगत नेतृत्वहरू** (Cluster Lead)

बिपद्को समयमा मानवीय सहयोगलाई प्रभावकारी बनाएर बिपद् प्रभावितहरूको जीवन रक्षाका लागि जिल्ला बिपद् व्यवस्थापन समितिसँग सहकार्य गरी जिल्ला स्तरमा निम्नानुसार क्षेत्र निर्धारण र काम गर्ने गरी २०६८ मा क्षेत्र विभाजन गरिएको हो । जसलाई अहिले जिल्ला बिपद् पूर्बतयारी तथा प्रतिकार्य योजना २०७५ लाई अद्यावधिक गरी पाचौँ संस्करण २०८० तयार गरिएको छ । केही विषयगत कार्यालयहरू स्थानीय तहमा समायोजन भएको हुँदा बिगतका बर्षहरूमा भएका विषयगत क्षेत्रहरूको नेतृत्व स्थानीय तहमा नै सुरू गर्नुपर्ने देखिन्छ ।

**जिल्ला स्थित विषय क्षेत्रगत अगुवा तथा सहयोगी संस्थाको सूची यसप्रकार रहेको छः-**

| सि. न | बिषयगत क्षेत्र | अगुवा संस्था | सहयोगी निकाय तथा संस्थाहरू | |
|---|---|---|---|---|
| १ | खोज तथा उद्धार, समन्वय | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय | रेडियो पूर्वी रूकुम/रूक्मिणी एफ एम |
| | | | नेपाली सेना, सशस्त्र प्रहरी बल | सरोकारवाला सरकारी तथा गैह्र सरकारी सङ्घ संस्थाहरू |
| | | | नेपाल रेडक्रस सोसाइटी | स्थानीय तहका सम्वन्धित शाखा |
| | | | स्वास्थ्य कार्यालय | नेपाल पत्रकार महासङ्घ |

| | | | | |
|---|---|---|---|---|
| २ | सूचना विश्लेषण तथा सम्न्वय | जिल्ला प्रशासन कार्यालय | नेपाली सेना | सबै स्थानीय तहहरू |
| | | | नेपाल प्रहरी | जलस्रोत तथा सिँचाई डिभिजन कार्यालय, स्वास्थ्य कार्यालय |
| | | | सशस्त्र प्रहरी वल, नेपाल | डिभिजन वन कार्यालय, सडक पूर्वाधार कार्यालय |
| | | | राष्ट्रिय अनुसन्धान | राजनैतिक दलहरू |
| | | | जिल्ला समन्वय समिति | गैह्र सरकारी संस्था महासङ्घ |
| | | | नेपाल रेडक्रस सोसाइटी | उद्योग बाणिज्य सङ्घ |
| | | | DEOC | सामूदायिक वन महासङ्घ |
| ३ | खाद्य, कृषि तथा आपुर्ति ब्यवस्थापन | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय | रूकुमकोट खाद्यान्न डिपो कार्यालय | निर्माण ब्यवसायी सङ्घ |
| | | | स्थानीय तहका कृषि तथा पशु विकास शाखा | यातायात समितिहरू |
| | | | वन डिभिजन कार्यालय | अन्य सरकारी तथा गैह्र सरकारी संस्था कार्यालयहरू |
| | | | उद्योग वाणिज्य सङ्घ | |
| ४ | आपत्कालीन शिविर आवास तथा गैह्र खाद्य ब्यवस्थापन | सडक पूर्वाधार विकास कार्यालय | नेपाल रेडक्रस सोसाइटी | डिभिजन वन कार्यालय |
| | | | जिल्ला प्रशासन कार्यालय | स्थानीय तहहरू |
| | | | नेपाली सेना | राजनैतिक दलहरू |
| | | | नेपाल प्रहरी | सामूदायिक वन उपभोक्ता महासङ्घ |
| | | | सशस्त्र प्रहरी वल, नेपाल | स्थानीय तहका विद्यालयहरू |
| | | | शिक्षा विकास तथा समन्वय इकाइ | गैह्र सरकारी संस्थाहरू |
| | | | स्वास्थ्य कार्यालय | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय |
| ६ | स्वस्थ्य तथा पोषण | स्वास्थ्य कार्यालय | स्थानीय तहको सम्बन्धित शाखा | नेपाल रेडक्रस सोसाइटी |
| | | | संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (UNFPA) | यूएमएन रूकुम कलष्टर |
| | | | UNICEF, WHO | जिल्ला स्थित सरोकारवाला गैह्र सरकारी सङ्घ संस्थाहरू |
| ७ | खानेपानी सरसफाइ तथा स्वच्छता | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | जिल्ला समन्वय समिति | शिक्षा विकास तथा समन्वय इकाइ |
| | | | स्थानीय तहको WASH शाखा | सरोकारवाला गैह्र सरकारी सङ्घ संस्थाहरू |
| | | | नेपाल रेडक्रस सोसाइटी | स्वास्थ्य कार्यालय |
| | | | UNICEF | जलस्रोत, सिँचाइ विकास तथा सव डिभिजन कार्यालय |
| | | | खानेपानी उपभोक्ता महासङ्घ | |
| ८ | सामाजिक सुरक्षा तथा संरक्षण | सम्वन्धित स्थानीय तहको महिला तथा बालबालिका इकाइ तथा सहायक प्र.जि.अ | स्थानीय तहको सम्वन्धित शाखा | नेपाल रेडक्रस सोसाइटी |
| | | | जिल्ला प्रहरी कार्यालय | UNICEF |
| | | | स्वास्थ्य कार्यालय | नागरिक समाज |
| | | | संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (UNFPA) | सरोकारवाला गैह्र सरकारी सङ्घ संस्थाहरू |

| | | | | |
|---|---|---|---|---|
| ९ | शिक्षा | शिक्षा विकास तथा समन्वय इकाइ | स्थानीय तहको सम्वन्धित शाखा | स्वास्थ्य कार्यालय |
| | | | सरोकारवाला निकायहरू | शिक्षा क्षेत्रमा काम गर्ने गैह्र सरकारी सङ्घसंस्थाहरू |
| | | | नेपाल रेडक्रस सोसाइटी | नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र |
| १० | राहत, पुनः निर्माण/ पुनःस्थापना | जिल्ला प्रशासन कार्यालय जिल्ला समन्वय समिति/स्थानीय तह सबै | स्थानीय तहहरू | नेपाल रेडक्रस सोसाइटी |
| | | | उद्योग बाणिज्य सङ्घ | नेपाली सेना |
| | | | नेपाल प्रहरी | सशस्त्र प्रहरी बल नेपाल |
| | | | घरेलु तथा साना उद्योग कार्यालय | उद्योग वाणिज्य सङ्घ |
| | | | सरोकारवाला गैह्र सरकारी सङ्घ संस्थाहरू | |

**क. क्षेत्र** (Cluster) **: खोज तथा उद्धार, समन्वय**

**नेतृत्व प्रदान गर्ने निकाय : जिल्ला प्रशासन कार्यालय**

**बिपद् सम्बन्धी परिस्थिति : सम्भावित मानवीय तथा भौतिक असर**

- सार्वजनिक पूर्वाधारहरू (सडक, पुल, बिद्युत, आपूर्ति, सञ्चार) आंशिक तथा पूर्ण रूपमा क्षति ।
- आवास तथा व्यक्तिगत सम्पत्ति आंशिक तथा पूर्ण रूपमा क्षति, बाल–बालिका, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्तिहरू मुख्य रूपमा प्रभावित हुने गरी मानिसहरू विस्थापन हुने ।
- विद्यालयमा कक्षा कोठा, प्रहरी चौकी र स्वास्थ्य केन्द्रजस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि प्रभावितहरूको चाप बढ्ने ।
- सामूदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामूदायिक स्वास्थ्यसम्बन्धी समस्याहरू आउन सक्ने ।
- विस्थापित परिवारहरूलाई अस्थायी आवाससम्बन्धी सहयोग आवश्यक हुने ।

**समष्टिगत उद्देश्य :**

- तयारी अवस्थाको अनुगमन गर्नका लागि अनुगमन सम्बन्धी बैठक–खोजी तथा उद्धारसम्बन्धी टोलीको गठन, खाद्य सामग्री तथा गैर खाद्य सामग्रीको पहिले नै भण्डारण अन्य क्षेत्रहरूको तयारी गर्न ।
- तीन वटा क (कसले, के, कहिले) ढाँचाको विकास र जिल्ला बिपद् ब्यवस्थापन समितिमा सूचनाको व्यवस्थापन र प्रतिकार्य प्रणालीलाई सहज बनाउनका लागि कार्यक्रमको निर्धारण गर्न ।

**मानवीय सहयोगका मापदण्ड (स्फेयर मापदण्ड)**

- बिपद्को लगत्तै उपकरणसहित खोजी तथा उद्धार टोली खटाउने ।
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।
- सबै सुविधाबाट एकदमै वञ्चित समूह/जोखिममा रहेका व्यक्तिहरू लगायत सबैलाई न्यायोचित रूपमा गरिएको उद्धार सामग्रीको वितरण तथा सहयोगसम्बन्धी गतिविधिको अनुगमन ।
- पहिलो हप्तामा परिस्थितिका बारेमा दिनदिनै प्रतिवेदन पेश गर्ने र त्यसपछि हरेक दुई हप्तापछि ।
- शिविर समन्वय तथा शिविर व्यवस्थापनको अनुगमन गर्ने तथा प्रतिवेदन पेश गर्ने (फारम सहितको) संयन्त्र ।
- २४ घण्टाभित्र प्रेस बिज्ञप्ति जारी गर्ने सूचना प्रकाशन प्रसारण गर्ने सञ्चार माध्यमका लागि समाचार पठाउने र पहिलो हप्तामा हरेक दिन ।
- नियन्त्रण तथा मानवीय सहयोग सम्बन्धी मापदण्ड कायम गर्ने ।

**नेतृत्व प्रदान गर्ने निकाय** (Cluster Leads)**: जिल्ला प्रशासन कार्यालय**
**सहनेतृत्व गर्ने निकाय : सुरक्षा निकायहरू**
**क्षेत्रगत सदस्यहरू** (Cluster Members) **को सूची, क्षमता तथा स्रोतको नक्शांकन**

| क्र.सं. | अगुवा र सहयोगी संस्थाहरू | उपलब्ध साधन/स्रोत | | | सम्पर्क व्यक्ति पद तथा नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| | | आर्थिक श्रोत | सामग्री श्रोत | मानवीय श्रोत दक्ष | | |
| १ | जिल्ला प्रशासन कार्यालय | १४ लाख | राहत कोष उद्धार सामग्रीहरू | ५ जना | प्रजिअ माधवप्रसाद शर्मा<br>स.प्र.जि.अ. हिरालाल आचार्य फोकल पर्सन | ९८५७८६७७७७<br>९८५७८४३४३१ |
| २ | नेपाल प्रहरी | छैन | उद्धार सामग्री र सञ्चार साधन | ३० जना प्रहरी चौकी | प्र.ना.उ. अजना श्रेष्ठ | ९८५७८६५५५५,<br>०८८-४१३०५२<br>कन्ट्रोलः१०० |
| ३ | नेपाली सेना | छैन | उद्धार सामग्री र सञ्चार साधन | ३० जना जनशक्ति | सेनानी रमेश चन्द | ०८८-४१३१०३<br>९८५१३५०५१७ |
| ४ | सशस्त्र प्रहरी वल आश्रित गुल्म रूकुमकोट | छैन | उद्धार सामग्री र सञ्चार साधन | १ प्लाटुन ३५ जना जनशक्ति | सप्रनाउ होमराज न्यौपाने | ०८८-४१३०९७,<br>९८४७८२२२६५<br>कन्ट्रोल :१११४ |
| ५ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | छैन | सूचना समन्वय | सूचना सङ्कलन | प्रमुख अनुसन्धान अधिकृत चिरन्जीवी बुढा | ०८८-४१३०८८<br>९८५७८२४४८८ |
| ६ | नेपाल रेडक्रस सोसाइटी | छैन | त्रिपाल ९० थान<br>कम्बल ९० थान | २४ जना तालिम प्राप्त स्वं.से. | दामोदर गौतम सभापति | ९८५७८३०६१२<br>९८५७८५७०९९ |
| ७ | सडक पूर्वाधार विकास कार्यालय | छैन | डोजर लोडर | केही प्राबिधिक | प्रमुख दीपक खड्का | ०८८-१३१४४<br>९८४७९९१११२५ |
| ८ | स्थानीय तह | अनुसुचि २४, २५ र २६ मा समोवेश गरिएको छ । | | अग्नि नियन्त्रक | गाउँकार्यपालिका प्रमुख | सम्पर्क विवरण अनुसुची ९ मा राखिएको छ |
| ९ | यातायात समितिहरू | छैन | यातायातका साधनहरू | ढुवानी | समितिका प्रमुखहरू | अनुसुची १८ मा राखिएको छ |
| १० | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | छैन | सञ्चार उपकरण, समन्वय, उद्धार सामग्री | ३ जना | खिमबहादुर विष्ट ASI नेपाल प्रहरी | ९७४६९३०९४०<br>deocrukumpurba@gmail.com |

## आपत्कालीन परिस्थितिको पूर्वतयारी गतिविधि : सङ्कटकालीन परिस्थितिभन्दा पहिले

| पूर्व-तयारी सम्बन्धी गतिविधि के ? | जिम्मेवार निकाय को? | कहिले ? समय अवधि |
|---|---|---|
| व्यवस्थापन तथा समन्वय सम्बन्धी व्यवस्था :<br>जिल्लाका क्षेत्रगत साझेदारहरूका बिचमा सम्भावित बिपद्बाट बच्नका लागि गर्न सकिने सम्झौतामा समझदारी गर्ने ।<br>क. समन्वय बैठक (आपत्कालीन परिस्थितिभन्दा पहिले) आपत्काल अवधिमा, जिल्ला प्रशासनले आपत्काल पछि<br>ख. पूर्वतयारी तथा सहयोगसम्बन्धी गतिविधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क ठेगाना सहित विभिन्न निकायहरूको भूमिका तथा जिम्मेवारी परिभाषित गर्ने । | DDMC को समन्वयमा क्लष्टर तथा सदस्यहरू<br>क. जिल्ला प्रशासन, डिडिएमसी<br>ख. डिडिएमसी | आगलागि भए फाल्गुनमा, बाढी भए जेठ-भाद्र र भूकम्पका लागि जुनसुकै बेला पनि<br>क. बिपद्को जुनसुकै समयमा<br>ख. फाल्गुण महिनामा जिम्मेवारी बाँडफाँडको गर्ने |
| **सिकिएका पाठ :**<br>➢ प्रत्येक स्थानीय तहले बिपद्मा सहयोग गर्नसक्ने सहयोगी निकायको पहिचान बिपद् अघि नै गर्नुपर्ने काममा दोहोरोपन आउन नदिन नेपाल सरकारले ल्याएको बिपद् लेखाजोखा मार्गदर्शन २०७२ को आधारमा तथ्याङ्क सङ्कलन गर्नुपर्ने ।<br>➢ राहत सहयोग वितरण गर्दा एकद्वार प्रणालीमार्फत वितरण गर्नु उपयुक्त हुने र सबै सूचनाहरू जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई उपलब्ध गराउनुपर्ने<br>➢ जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्वमा कृत्रिम घटना अभ्यास गर्ने । | DDMC<br>स्थानीय तह डिडिएमसी<br>डिडिएमसी/नेरेसो | समीक्षा बैठक अवधिमा<br>चैत मसान्तसम्म<br>जेठ मसान्तसम्म<br>असार<br>जेठ |
| क. बिपद्मा प्रयोग हुने औजार तथा खाद्य सामग्रीको अद्यावधिक गर्ने<br>ख. खोज तथा उद्धारका लागि टोलीको नामवली तयार गर्ने ।<br>ग. सबै स्थानीय तहमा कुन बिपद् कहा कहाँ जान सक्छ ?<br>आधाररेखासम्बन्धी जानकारी, तथ्याङ्क सङ्कलन गर्ने र त्यसलाई अद्यावधिक पार्ने ।<br>घ. जानकारी सङ्कलनसम्बन्धी औजार प्रयोग गर्ने बारेमा प्रशिक्षण उपलब्ध गराउने<br>ङ. सङ्कलन गरिएको जानकारीको विश्लेषणका लागि सम्पर्क व्यक्ति तोक्ने | DDMC<br>सबै स्थानीय तह | वैशाख मसान्तसम्म |
| बिपद् पर्नसक्ने स्थानीय तहसँग सम्बन्धित क्षेत्रगत जानकारी/तथ्याङ्क | DDMC | चैत्रसम्म |
| ➢ उद्धार सामग्री पहिले नै भण्डारण गरी राख्ने<br>➢ सम्भावित आपत्कालीन परिस्थितिमा प्रभावित हुनसक्ने व्यक्तिहरूको सङ्ख्याका आधारमा आवश्यक सामग्रीको न्यूनतम मौज्दात<br>➢ विभिन्न निकायहरूसँग उपलब्ध मौज्दात सङ्कलन गर्ने<br>➢ अपुग सामग्री (gaps) को पहिचान गर्ने | DDMC,<br>स्थानीय तह,<br>नेपाल रेडक्रस | जेठ मसान्तसम्म<br>आषाढको पहिलो हप्ता |

नोट– प्रभावकारी खोज तथा उद्धारका लागि पूर्व तयारीमा निम्न कुरामा बिशेष ध्यान पुऱ्याउनु पर्छ । सूचना प्रणाली अन्तर्गत स्थापना भएको सञ्चारको च्यानल मार्फत प्रभावकारी समन्वय गर्ने । समयमै सुरक्षा निकायहरूलाई प्रकोपको अवस्थितिको बारेमा जानकारी दिइ खोज तथा उद्धार कार्यमा तयारी गर्ने । प्राप्त सूचनाका आधारमा सम्बन्धित क्षेत्रमा रहेका खोज तथा उद्धार सामग्रीहरू प्रयोगमा ल्याउने । बिपद् पर्नु अगावै बर्षा र नदीको अवस्थालाई ध्यानमा राखी खोज तथा उद्धार कार्यमा तयारी गर्ने । रूकुम (पूर्वी भाग) जिल्लामा पूर्व सूचना प्रणाली बिस्तार र संस्थागत गर्नका लागि जिल्लास्थित जिल्ला बिपद् व्यवस्थापन समिति, स्थानीय तहहरू, सुरक्षा निकायहरू, सञ्चार माध्यमहरू जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, पत्रकार महासङ्घ एवं विभिन्न सरकारी, गैरसरकारी निकायहरूको अहम् भूमिका रहन्छ । जिल्ला बिपद् व्यवस्थापन समिति र सुरक्षा निकायहरूको समन्वयमा जिल्लास्थित खोज उद्धारका जनशक्तिहरूको पहिचान गर्ने । जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रसँगको नियमित समन्वय र सम्पर्क, मुख्य सञ्चारका ठाउँहरू र सम्पर्क ठेगानाहरूको पहिचान गर्ने । नदी र बर्षाको स्तर अवलोकनका लागि अवलोकन क्षेत्रहरूको पहिचान र आवश्यक्तानुसार बर्षा र नदी अवलोकन केन्द्रहरूको स्थापना गर्ने । पूर्व सूचना प्रणाली स्थापनाका लागि विभिन्न आवश्यक स्थानहरूमा सञ्चार एवम् अन्य सामग्रीहरूको ब्यवस्था गर्ने ।

## खोजी तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना: (आपत्कालीन परिस्थिति) को अवधिमा

| सहयोग गतिविधि (के?) | जिम्मेवार निकाय (कस्ले ?) | कहिलेसम्म ? |
|---|---|---|
| **सहयोगसम्बन्धी गतिविधि – तत्कालका लागि (०-३० दिनसम्म)** | | |
| क. जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सक्रिय बनाउने । जिल्ला बिपद् व्यवस्थापन समितिको तत्काल बैठक बस्ने ।<br>ख. तथ्याङ्क सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि मुख्य बिपद् (भूकम्प वा बाढी वा अन्य) शुरू भएपछि सम्बन्धित क्षेत्र (Cluster) का सबै सदस्यहरूसँग समन्वय बैठक बसी क्षेत्रगत निकायहरूलाई सक्रिय बनाउने<br>ग. प्रारम्भिक द्रुत लेखाजोखा टोली परिचालन गर्ने | जिल्ला प्रशासन कार्यालय स्थानीय तह, नेरेसो र नेपाल प्रहरी | २४ घण्टा भित्र |
| घ. परिस्थिति सम्बन्धी पहिलो प्रतिवेदन तयार पार्नेः | नेपाल रेडक्रस सोसाइटी, नेपाल प्रहरी DDMC | २४ घण्टाभित्र पहिलो प्रतिवेदन |
| ङ. प्रारम्भिक लेखाजोखाको प्रतिवेदन तयार पार्नका निमित्त आधार रेखाका तथ्याङ्कको समीक्षा गर्ने ।<br>◆ प्रभावित स्थान, स्थानीय तह/क्षेत्रसँग सम्बन्धित उपलब्ध तथ्याङ्क/जानकारीको समीक्षा गर्ने<br>◆ प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको समीक्षा गर्ने<br>◆ जिल्लामा उपलब्ध उद्धार सेवा/क्षमता/उद्धार सामग्रीको समीक्षा गर्ने | स्थानीय तह<br>जिल्ला प्रशासन, नेपाल रेडक्रस सोसाइटी, नेपाल प्रहरी | २४ घण्टाभित्र |
| च. प्रारम्भिक जानकारीहरूका आधारमा प्रारम्भिक मानवीय सहयोग<br>◆ तत्काल उपलब्ध गराइने मानवीय गतिविधिहरूको प्राथमिकताको क्रम निर्धारण गर्ने ।<br>◆ बिपद्पछि लगत्तै उपकरणसहित खोजी तथा उद्धारटोली खटाउने ।<br>◆ सुरक्षाकर्मीहरूद्वारा सहयोगमा संलग्न व्यक्तिहहरूको सुरक्षाको प्रत्याभुति गराउने ।<br>◆ घाइतेहरूलाई प्राथमिक उपचार प्रदान । | DDMC नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, स्थानीय तह नेरेसो को प्राथमिक उपचार टोली | पहिलो र दोश्रो दिन |
| घाईतेहरूको ओसारपसारका लागि एम्बुलेन्स सेवा परिचालन | स्वास्थ्य कार्यालय | २४ घण्टा भित्र |
| तत्काल बिपद प्रतिकार्य तालिकालाई अनुसरण गरी कार्यान्वयन गर्ने | DDMC | पहिलो दिनबाट |
| छ.. स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना निर्माण/समीक्षा गर्ने<br>◆ मानवीय सहयोगको अनुगमन गर्न र सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउनका लागि टोली खटाउने । | DDMC | दोश्रो दिनबाट निरन्तर |
| जोखिममा रहेका बस्तीहरूलाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्ने । | स्थानीय तह र DDMC | |
| **सहयोग सम्बन्धी गतिविधि – अन्तरिम अवधिका लागि (३०-९०) दिन** | | |
| **क्षेत्रगत (Cluster) समन्वय बैठक**<br>क. DDMC बैठक, . बिषय क्षेत्रगत निकायहरूको बैठक बस्ने | DDMC | हप्तामा एकपल्ट |
| परिस्थिति सम्बन्धी प्रतिवेदनलाई अद्यावधिक पार्ने । | DDMC | हप्तामा एकपल्ट |
| मानवीय सहयोगका लागि समन्वय तथा क्षेत्रगत जिम्मेवारी दिने । | DDMC | पहिलो हप्ता |
| मानवीय सहयोगका बारेमा अनुगमन गर्ने | DDMC | हप्तामा एकपल्ट |

## आवश्यक श्रोत तथा सामग्रीको विवरण

| क्र.सं. | थप आवश्यक सामग्री | परिमाण | क्र.स. | थप आवश्यक सामग्री | परिमाण | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|
| १ | त्रिपाल | १०० थान | २३ | रबर मेट्रेस | १०० थान | |
| २ | जस्ता पाता १२ फि. | ३० बण्डल | २४ | कम्मल | १०० थान | |
| ३ | तारजाली | ५०० थान | २५ | क्याराबिना | १५ थान | |
| ४ | सिमेन्ट बोरा | ५०० | २६ | सेफ्टी रोप | ३००० मी. | |
| ५ | लाईफ ज्याकेट | १५ थान | २७ | थ्रो व्याग | ५ वटा | |
| ६ | रेस्क्यु हेम्बर | २० थान | २८ | मेघा फोन | ५ वटा | |
| ७ | डोरी | ५ क्वीन्टल | २९ | ईमरजेन्सी लाईट | ३१ वटा | |
| ८ | ट्युब | ५ वटा | ३० | रवरबोट (मझौला) | १ वटा | |
| ९ | बेल्चा | १५ वटा | ३१ | क्रेन चेन | ३ वटा | |

| क्र.सं. | थप आवश्यक सामग्री | परिमाण | क्र.स. | थप आवश्यक सामग्री | परिमाण | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|
| १० | गैटी | १५ वटा | ३२ | काठ कटर (चेन्स) | ३ वटा | |
| ११ | सब्बल | १५ वटा | ३३ | रेनकोट | ५० सय थान | |
| १२ | सेफ्टी हेल्मेट | १५ वटा | ३४ | सेफटी हुक | ४५ वटा | |
| १३ | पानीबुट | १५ जोर | ३५ | फरूवा | ३१ वटा | |
| १४ | स्ट्रेचर | ३१ वटा | ३६ | हसिया | ३१ वटा | |
| १५ | प्रा.उपचार बक्स | ३१ बाकस | ३७ | बञ्चरो | ३१ वटा | |
| १६ | हेड लाईट | ५० वटा | ३८ | टिप्पर टेक्टर | २ वटा | |
| १७ | आईरन पिकेट | १५ वटा | ३९ | घुम्ती शौचालय | १ वटा | |
| १८ | रेस्क्यु ग्लोब | १५ जोर | ४० | सेफ्टी बेल्ट | २० वटा | |
| १९ | ढलान काट्ने मेसिन | ३ वटा | ४१ | क्लाइम्बिङ रोप | ३० वटा | |
| २० | फायर स्टिङ्गुईसर | ३१ वटा | ४२ | टेन्ट (घर) | १०० थान | |
| २१ | फलाम तथा प्लास्टिक बाल्टिन | ६० वटा | ४३ | सुरक्षा कवज (आगलागी) | १५ थान | |
| २२ | मोटरबोट | १ वटा | ४४ | अपाङ्गता भएका व्यक्तिहरूका लागि तत्काल उद्धार सामग्री | ह्वील चियर्स १५ थान, सेतो छडी २० थान, बैसाखी १०० सेट आदि | |

## ख) क्षेत्र (Cluster): खाद्य, कृषि तथा आपूर्ति व्यवस्थापन

जिल्लाको अधिकांश भाग उत्तरी मोहडातर्फ पर्ने भएकाले यस वर्ष लगातार परेको वर्षात्का कारण हिउँदे बालीमा ४० प्रतिशतले गिरावट आएको अनुमान गरिएको छ । प्रायः जसो मकै बालीमा रोग किरा लाग्ने, हावाहुरीले क्षती गर्ने भएकाले उत्पादनमा बृद्धि हुन नसक्ने देखिन्छ भने यस वर्षको वर्षात्को अवस्थालाई हेर्दा बर्षामा व्यापक खेतीयोग्य जमिनमा भू स्खलन भई बालिनाली नष्ट हुने र उत्पादन घट्ने देखिन्छ ।

**यस क्षेत्रमा नेतृत्व प्रदान गर्ने निकाय** (Cluster Lead): एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, स्थानीय तह
**सह नेतृत्व गर्ने निकाय** (Cluster Co–Leads): विश्व खाद्य कार्यक्रम/ विश्व कृषि सङ्गठन
**बिपद् सम्बन्धी परिस्थितिः** बिपद्को सम्भावित मानवीय असर

१. प्रभावित परिवारको खाद्य आपूर्तिमा कमी, खाद्यान्न प्रतिको घट्दो पहुँच, विस्थापन तथा विद्यालयमा खाजा खुवाउने कार्यक्रम जस्ता अन्य खाद्यान्नसम्बन्धी कार्यक्रममा अवरोध भएको कारणले गर्दा अस्थायी रूपमा खाद्य असुरक्षा हुने ।
२. बालीमा ब्यापक क्षति, जीविकोपार्जनमा क्षति, बालीनालीको नोक्सान, पशुधनको क्षति, सामना गर्ने रणनीति (Coping Strategy) मा बाधाका कारणहरूले गर्दा मध्यम अवधिको खाद्य असुरक्षा हुने ।

**समष्टिगत उद्देश्यः**

१. प्रभावित व्यक्तिहरूका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने ।

**विशिष्ट उद्देश्य :**

१. जीवनरक्षा सम्बन्धी रणनीतिहरू (Survival Strategies) का लागि आवश्यकता पूर्ति गर्नका निमित्त तयारी खाना उपलब्ध गराउने र दीर्घकालीन रूपमा पारिवारिक अस्तित्व, जीविकोपार्जनको सुरक्षा तथा दीर्घकालीन रणनीतिहरूको फलस्वरूप मानव मर्यादा, सकारात्मक प्रभाव निर्माण गर्ने ।
२. पारिवारिक स्रोतहहरूलाई पुनर्लाभ (Recovery) तथा दीर्घकालीन विकासमा लगानी बढाउने ।
३. खाद्य सुरक्षा बढाउनका लागि गह्रा सुधार विधि अवलम्बन गर्न प्रेरित गर्दै आवश्यक बिउविजन, प्रविधि प्रदान गर्ने ।
४. उत्पादनशील क्षेत्र संरक्षण गर्ने र जोखिम क्षेत्रमा बृक्षारोपण गर्ने, तटबन्ध निर्माण गर्ने ।
५. दीगो आयमूलक पशु चौपाया तथा पशुपन्छी व्यवस्थापन गर्ने ।
६. बिपद् सम्बन्धी बहन क्षमता बढाउन कार्यक्रम तर्जुमा गर्ने, कृषि तथा पशु वीमा गर्न प्रेरित गर्ने ।

**मानवीय सहयोगको मापदण्डः** (Sphare standard)

१. प्रभावित व्यक्तिहरूको पहुँच निम्न वस्तुमा हुनेछ–
२. प्रतिव्यक्ति प्रतिदिन न्यूनतम २१०० क्यालोरी प्राप्त हुने गरी सामान्य खाद्यान्नको रासन ।
३. प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँचयोग्य खाद्य पदार्थमा परिपूरकको रूपमा एक अथवा दुई खाद्य पदार्थहरू पूरक रासनको रूपमा उपलब्ध गराउने ।

निश्चित समूहका व्यक्तिहरूका (जस्तैः साना केटाकेटी, गर्भवती महिला, एचआईभी भएका व्यक्ति, कुपोषित व्यक्तिहरू आदि) आवश्यकतालाई पूरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक खाद्यान्नको व्यवस्था मापदण्ड बमोजिमको खाद्यान्न प्याकेज सिफारिस ।

**चामल** – प्रतिदिन प्रतिव्यक्ति ४१० ग्राम,
**दाल** – प्रतिदिन प्रतिव्यक्ति ८० ग्राम
**वनस्पति तेल** – प्रतिदिन प्रतिव्यक्ति ३० ग्राम,
**नुन** – प्रतिदिन प्रतिव्यक्ति ५ ग्राम

स्थानीय तहले प्रभावित क्षेत्र र परिस्थिति बमोजिम खाद्यान्न वितरणको आकार निर्धारित गर्नु पर्दछ तर पनि शुरूमा घर ायसीस्तरमा गरिने वितरण र बिस्तृत लेखाजोखाबाट प्राप्त तथ्याङ्कको आधारमा वितरण गरिनु पर्दछ ।

**आपत्कालीन परिस्थितिको पूर्वतयारी गतिविधिः सङ्कटकालीन परिस्थितिभन्दा पहिले**

| सहयोग गतिबिधि के? | जिम्मेवार निकाय को ? | कहिलेसम्म ? |
|---|---|---|
| बिपद्को अवस्थामा खाद्य सहयोगका लागि योजना तयारी अवस्थामा राख्ने । | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय/ स्थानीय तहको विकास शाखा | फागुन तथा असार |
| खाद्य सुरक्षा अवस्था तथा आवश्यकता लेखाजोखा अध्ययनका लागि खाका तयार गर्ने । | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय/स्थानीय तहको कृषि विकास शाखा | असारसम्म |
| स्थानीय तह स्थित बिपद् प्रभावित हुने क्षेत्रलाई लक्षित गरी खाद्यान्न सहयोग तयारी अवस्थामा राख्ने । | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय/स्थानीय तहको कृषि विकास शाखा | असारसम्म |
| प्रभावितको माग सङ्कलनका लागि छलफल गर्ने । | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय/स्थानीय तहको कृषि विकास शाखा | असोज |
| खाद्यान्न सहायताको लेखाजोखा तथा प्रतिवेदनको खाका प्रस्तुत गर्ने । | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय/स्थानीय तहको कृषि विकास शाखा | बैशाख सम्म |
| विभिन्न तरकारी तथा खाद्यान्न बालीका किटहरू वितरण गर्ने | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय/स्थानीय तहको कृषि विकास शाखा | भाद्र असोज वैशाख जेठ |
| साना सिँचाई योजनाहरू सहयोग गर्ने | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय/स्थानीय तहको कृषि विकास शाखा/जलस्रोत तथा सिचाइ विकास सव डिभिजन कार्यालय | जेठ असार |
| क्षमता अभिवृदि तथा भण्डारण तालिम | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय/स्थानीय तहको कृषि विकास शाखा | जेठ |
| पहाडी भूभागका लागि गह्रा सुधार कार्यक्रम लागु गर्ने | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय/स्थानीय तहको कृषि विकास शाखा | कार्तिकसम्म |
| माटो तथा हावापानी अनुसारको खेती प्रविधि लागु गर्ने (फलफुल खेती, खाद्यान्न बाली, दलहन बाली, मसला बाली, तेलहन बाली, जडिबुटी खेती, पशुपालन) | डिभिजन वन कार्यालय/स्थानीय तहको कृषि तथा पशु विकास शाखा, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय | कार्तिक देखि असार सम्म |
| भूँई तथा डाले घाँस प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय/स्थानीय तहको कृषि तथा पशु विकास शाखा/डिभिजन वन कार्यालय | माघ देखि असार सम्म |
| प्रत्येक वडामा खाद्यान्न भकारी स्थापनाको प्रयास | स्थानीय तह तथा वडा कार्यालय | हरेक पटक बाली भित्र्याउने बेला |

**कृषि तथा खाद्य क्षेत्रको प्रतिकार्य योजनाः आपत्कालीन परिस्थितिको अवधिमा**

| सहयोग गतिबिधि के? | जिम्मेवार निकाय को ? | कहिलेसम्म ? |
|---|---|---|
| **सहयोग सम्वन्धि गतिबिधि- तत्कालका लागि ०-३० दिनसम्म** | | |
| तत्काल क्लष्टर सूचना सङ्कलन तथा सहयोग डेस्क स्थापना । सदस्यहरूका बीच समन्वय बैठक गर्ने । क्षतिको सूचना सङ्कलन गर्ने । | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय स्थानीय तहको कृषि पशु विकास शाखा | पहिलो दिन |
| तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने । पशुधनको सुरक्षा तथा मृत पशुहरूको उचित व्यवस्थापन गर्न कार्यालयले प्राविधिक टोली र जनशक्ति परिचालन गर्ने । सहयोगको खाद्य सामग्री सङ्कलन र वितरणको जिम्मेवारी बाँडफाँड गर्ने । | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय स्थानीय तहको कृषि पशु विकास शाखा | दोस्रो दिन |
| पीडितहरूको लेखाजोखा राख्ने (परिचयपत्र वितरण गर्ने । खाद्य सामग्री वितरण) एकद्वार पद्धतिको विकास गर्ने । खाद्य गोदामलाई सुरक्षित र पायकपर्ने ईलाकामा राख्ने । गोदाम सुरक्षाको प्रबन्ध मिलाउने । | स्थानीय तह, DDMC, सुरक्षा निकाय रेडक्रस सोसाइटीका उपशाखाहरू स्थानीय उद्योग बाणिज्य सङ्घ | पहिलो हप्ता |
| स्थलगत छलफल तथा अवस्थाको समीक्षा छिटो उत्पादन हुने खाद्यान्न बालीको लागि बिउविजन र पशु वा पशुपन्छी वितरण गर्ने । | स्थानीय तहको कृषि पशु विकास सेवा केन्द्र | पहिलो महिना |
| **सहयोगसम्बन्धी गतिविधि-तत्कालका लागि (३०-९० दिनसम्म)** | | |
| जिविकोपार्जनमुखी क्रियाकलाप सञ्चालन गर्ने । राहत बिउ वितरण, तालिम । पुनः अघिल्लो महिनाका क्रियाकलापको अनुगमनलाई निरन्तरता । | स्थानीय तहको कृषि पशु विकास शाखा | दोस्रो र तेस्रो महिना |
| सम्बन्धित समूदायसंग छलफल गरी कार्यक्रम तय गर्ने । आपत्कालीन कोष स्थापनाको लागि स्थानीय तहसँग अनुरोध गरी पहल गर्ने । | स्थानीय तहको कृषि पशु विकास शाखा, स्थानीय बिपद् व्यवस्थापन समिति | उल्लेखित भन्दा माथि |
| नहर कुलो मर्मत सम्भार कार्य (प्रमुख जिल्ला अधिकारी ज्यूको तोकआदेशमा तत्काल तारजाली उपलब्ध गराउने र निर्माण तथा मर्मत कार्य उपभोक्ता समूह समिति गठन गर्ने) । | जलश्रोत तथा सिँचाई विकास सव-डिभिजन कार्यालय | असार देखि आश्विन सम्म |

## ग) क्षेत्र (Cluster): आपत्कालीन शिविर, आवास तथा गैह्र खाद्य व्यवस्थापन

**नेतृत्व प्रदान गर्ने निकाय** (Cluster Lead): सडक पूर्वाधार विकास कार्यालय/नेपाली सेना
**सह नेतृत्व गर्ने निकाय** (Cluster Co–Lead): नेपाल रेडक्रस सोसाइटी रूकुम (पूर्व) जिल्ला शाखा
**बिपद् सम्बन्धी परिस्थितिः** अनुमानित बिपद्को सम्भावित मानवीय असर

१. बिपद्का बेला आश्रित तथा बसोबास क्षेत्रमा क्षति पुग्न गई मानवीय जीवनमा कष्टपूर्ण रहेको हुन्छ र प्रभावितहरू खुल्ला आकाशमुनि बस्नु परेको अवस्था सिर्जना हुन्छ ।
२. जिल्लामा बिपद्बाट प्रभावित हुनसक्ने अनुमानित घरधुरी सङ्ख्या, जसमा महिला, पूरूष, जसमध्ये केही समयका लागि विस्थापित हुनसक्ने जनसङ्ख्या हुनेछन, जसअन्तर्गत बालबालिका, किशोरकिशोरी, गर्भवती तथा दुध चुसाउँने आमाहरू, जेष्ठनागरिक, अपाङ्ग तथा लैङ्गिक अल्पसंख्यक हुनेछन् ।
३. सार्वजनिक पूर्वाधारको क्षति हुन सक्ने, आवास गृह, सडक, पुल, बाटो, विद्युत आपूर्ति, सञ्चार, खानेपानी, स्वास्थ्य भवन, विद्यालयहरू ।
४. विद्यालयका कक्षा कोठा, प्रहरी चौकी तथा स्वास्थ्य केन्द्रहरू जस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि दवाब सिर्जना हुने तथा ती संस्थाहरूनै क्षति हुनाले अस्तव्यस्त अवस्थाको र्सिजना ।
५. सामूदायिक संस्थागत स्थानहरूमा अस्थायी आवास उपयोग गर्दा सामूदायिक स्वास्थ्य सम्बन्धी व्यवहारमा देखिने चुनौतीहरू ।
६. बाँच्नकै लागि आवश्यक पर्ने न्यूनतम आश्रय तथा बसोबास स्थलको अभाव हुन गई प्रभावित परिवारहरूले ज्यादै कठिनाईको सामना ।

**समष्टिगत उद्देश्य :**

➢ सम्भावित प्रभावित परिवारहरूलाई सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं प्राथमिक

सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गरी यथासम्भव यस प्रक्रियामा बढीभन्दा बढी आत्मनिर्भरता तथा आफै व्यवस्थापनलाई समावेश गर्ने ।

- बिपद्का कारणले घरवारविहीन बनेका मानिसहरूको तत्काल अस्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापित व्यक्तिहरूलाई मानव अधिकार उपभोग गर्न सक्षम पार्नका निमित्त जीवनस्तरमा सुधार ल्याउने ।
- बिपद् प्रभावितहरूको जीवन रक्षाका लागि यथाशीघ्र गैह्रखाद्य सामग्रीहरू उपलब्ध गराउने ।

**विशिष्ट उद्देश्यः**

- प्रतिकूल मौसमका असरहरूबाट संरक्षण प्रदान गर्नका लागि प्रभावित मानिसहरूसँग छाना भएका पर्याप्त ठाउँ हुनेछ ।
- संरक्षण प्रदान गर्नका लागि र तिनको मर्यादा, सुरक्षा तथा कल्याण सुनिश्चित गर्नका लागि प्रभावित व्यक्तिहरूसँग पर्याप्त कम्बल एवं लुगाको व्यवस्थापन हुनेछ ।
- घरायसी भाँडकुँडा तथा व्यक्तिगत स्वास्थ्यका लागि साबुन एवं तिनको मर्यादा तथा कल्याणका लागि औजारहरूमा परिवारहरूको पहुँच ।

**मानवीय सहयोग सम्बन्धी मापदण्ड** (Sphare Standard)

- औसतमा एक व्यक्तिका लागि ३.५X४.५ वर्ग मिटरको छानो भएको क्षेत्र, औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४x५ मिटरको डोरीसहितको प्लास्टिक सिट र सहायता सामग्री
- कम्बलमा मानिसहरूको पर्याप्त पहुँच ।
- दुई वर्षसम्मका केटाकेटीहरूका लागि कम्तीमा पनि एक पूरा सेट कपडा ।
- महिला, केटी, पुरूष तथा केटाहरूको लागि कम्तीमा पनि एक पूरा सेट कपडा । यसका अतिरिक्त, महिला तथा केटीहरूका लागि नियमित सरसफाइ सम्बन्धी सामग्रीको आपूर्ति भएको ।
- मानिसहरूसँग उपयुक्त घरायसी सामग्रीहरू एक सेट भाँडा ।
- शिविर बन्द गर्ने र वहिर्गमन रणनीति ।
- शिविर खडा गर्नका लागि अग्रिम रूपमा जमिनको पहिचान, जुन जमिन सुरक्षित तथा Sphare standard अनुसार रहेको ।
- विद्यालय तथा सार्वजनिक स्थलहरूसँग अग्रिम रूपमा नै स्थानीय तह तथा सम्बन्धित निकायहरुसँग समझदारी पत्र (MoU) मा दस्तखत भएको हुनुपर्ने ।
- शिविरका लागि योजना तर्जुमा गर्दा नै साँस्कृतिक तथा सामाजिक मूल्यहरू एवं परिस्थितिलाई ध्यानमा राखिनुपर्दछ ।
- शिविर खडा गर्नका लागि विगतमा प्रयोग गरिएका ठाउँहरूको रेकर्ड ।
- नागरिक समाज, सरकारी निकाय तथा सान्दर्भिक समूहसँगको परामर्शमा शिविरको स्थापना ।

**नेतृत्व गर्ने निकायः** सडक पूर्वाधार विकास कार्यालय, सघन शहरी विकास तथा भवन निर्माण आयोजना/शहरी विकास तथा भवन डिभिजन कार्यालय र नेपाली सेना ।

**क्षेत्रगत सदस्यहरू** (Cluster Members) **को सूची, क्षमता तथा श्रोत आँकलन**

| क्र सं | जिल्लाका क्षेत्रगत साझेदारहरूको नाम | उपलब्ध स्रोत तथा रकम | सम्पर्क व्यक्ति | सम्पर्क नं./इमेल |
|---|---|---|---|---|
| १ | सडक पूर्वाधार विकास कार्यालय | दक्ष प्राविधिक जनशक्ति | कार्यालय प्रमुख | ९८४७९९११२५ |
| २ | नेपाली सेना | बिपद् सम्बन्धी दक्ष जनशक्ती ३० जना र उद्धारका सामग्री | रमेश चन्द | ०८८-४१३१०३ |
| ३ | नेपाल रेडक्रस सोसाइटी | गैह्र खाद्य सामग्री ९० सेट दक्ष जनशक्ति परिचालन, प्राथमिक उपचार व्यवस्थापन | सभापति | ९८५७८३०६१२, ९८५७८५७०९९ |
| ४ | स्थानीय तह | अस्थायी आवासका लागि स्थान छनौट र निर्माण | स्थानीय तहका प्रमुखहरू | अनुसूची ९ मा समाबेश |
| ५ | उद्योग बाणिज्य सङ्घ | खाद्यान्न सङ्कलन र वितरणमा सहजीकरण | अध्यक्ष | ९८५८०२७०९९ |
| ६ | सामूदायिक वन महासङ्घ | सामूदायिक वनबाट काठहरू उपलब्ध गराउन सहजिकरण | अध्यक्ष | ९८६६९२३२१३ |

| | | | | |
|---|---|---|---|---|
| ७ | डिभिजन वन कार्यालय | नियमानुसार आवश्यक काठ उपलब्ध गराउने | प्रमुख | ९८५७८२००१८ |
| ८ | रूकुमेली समाज विकास केन्द्र | अस्थायी आवासका लागि अन्तरनिकाय समन्वय र सहयोग गर्ने । | अध्यक्ष | ९८५११६२३१५ |
| ९ | हुरेड कार्स नेपाल | | अध्यक्ष | ९८५७८३०६१२ |
| १० | मिक नेपाल | | अध्यक्ष | ९८५७८७६७१७ |
| ११ | नेपाल जनजागरण मञ्च | | अध्यक्ष | ९८४७८५२२२३ |
| १२ | UMN | | टिम लिडर | ९८५१०९६५३८ |
| १३ | UNFPA | | जिल्ला अधिकृत | ९८४८३००५३४ |
| १४ | सर्वाङ्ग्रीण विकास केन्द्र (HDC/FAIR MED) | अस्थायी आवासका लागि अन्तर निकाय समन्वय र सहयोग गर्ने । | का.का.निर्देशक | ९८५११०११२१ |

## आपत्कालीन परिस्थितिको पूर्वतयारी गतिबिधि : आपत्कालीन परिस्थितिभन्दा पहिले

| सहयोग गतिविधि के ? | जिम्मेवार निकाय को ? | कहिलेसम्म ? |
|---|---|---|
| क्लस्टरको योजना बनाएर तयारी अवस्थामा राख्ने | सडक पूर्वाधार विकास कार्यालय र नेपाल रेडक्रस सोसाइटी | चैत्र र बैशाख |
| क्लस्टर अन्तर्गतका सङ्घ/संस्थाहरू माफ राहत सहयोगका लागि जिम्मेवारी बाँडफाँड गर्ने । | क्लष्टर बैठकबाट | फागुन महिनाभित्र |
| बिपद्को अवस्थामा गरिने आपत्कालीन आश्रय, बसोवास तथा गैह्र-खाद्य सामग्री क्षेत्रमा गरिने सहयोग तयारी अवस्थामा राख्ने । | सडक पूर्वाधार विकास कार्यालय, नेपाल रेडक्रस सोसाइटी र अन्य सरोकारवाला निकायको सहयोग लिएर | नियमित |
| स्रोत सङ्कलन तथा सङ्घ-संस्थाबाट हुने सहयोग (आर्थिक तथा अन्य) को योजना तयारी अवस्थामा राख्ने । | सडक पूर्वाधार विकास कार्यालय, रेडक्रस तथा अन्य सरोकारवाला निकाय | जेठभित्र |
| आवास क्षेत्रको आकस्मिक प्रतिकार्य तयारी योजना अद्यावधिक गर्ने | नेपाल रेडक्रस सोसाइटी र सरोकारवाला निकायहरू | जेठभित्र |

## अपत्कालीन आश्रय, आवास तथा गैह्र खाद्य क्षेत्रको प्रतिकार्य योजनाः अपत्कालीन परिस्थितिको अवधि

| सहयोग गतिबिधि के? | जिम्मेवार निकाय को ? | कहिलेसम्म ? |
|---|---|---|
| **सहयोग सम्वन्धि गतिबिधि तत्कालका लागि (०-९० दिनसम्म)** | | |
| बिपद् प्रवाहको सूचना स्थानीय स्वयंसेवकबाट सङ्कलन गर्ने | जिल्ला बिपद् ब्यव्थापन समिति, नेपाल रेडक्रस सोसाइटीका इकाइहरू, स्थानीय तह , नेपाल प्रहरी, सञ्चारकर्मी | पहिलो दिन |
| आवास क्षेत्रको आकस्मिक बैठकको आयोजना गर्ने | स्थानीय तह , नेपाल रेडक्रस सोसाइटी र सरोकारवाला निकायहरू | पहिलो दिन |
| बिपद् प्रतिकार्य समूहलाई सञ्चार गर्ने | स्थानीय तह , जिल्ला आपत्कालिक तथा कार्य सञ्चालन केन्द्र | पहिलो दिन |
| विषयगत क्षेत्रको बैठक गर्ने | नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह र सरोकारवाला निकाय | दोस्रो दिन |
| प्रारम्भिक द्रुत लेखाजोखाबाट आएका सूचनाहरूलाई विष्लेषण गर्ने | नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह , जिल्ला आपत् कालिक तथा कार्य सञ्चालन केन्द्र | दोस्रो दिन |
| आवास क्षेत्रको आकस्मिक प्रतिकार्य योजना सक्रिय बनाउने | नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह र सरोकारवाला निकाय | पहिलो हप्ता |
| प्रारम्भिक द्रुत लेखाजोखा टोली परिचालन तथा प्रारम्भिक सूचना सङ्कलन | स्थानीय तह , जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र नेपाल रेडक्रस सोसाइटी | पहिलो हप्ता |
| प्रभावित स्थलको सूचना विश्लेषण गरी सहायता परिचालन गर्ने | जिल्ला बिपद् ब्यवस्थापन समिति, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र | पहिलो हप्ता |
| बिपद् प्रभावित क्षेत्रमा अस्थायी आवास, त्रिपाल तथा टेन्ट वितरण | स्थानीय तह , नेपाल रेडक्रस सोसाइटी, अन्य सरोकारवाला निकाय | दोस्रो हप्ता |

| | | |
|---|---|---|
| भाँडावर्तनको व्यवस्थापन गर्ने । | स्थानीय तह , नेपाल रेडक्रस सोसाइटी, अन्य सरोकारवाला निकाय | पहिलो महिना |
| अस्थायी आवास तथा गैह्र खाद्य सामग्रीको आवश्यकता पहिचान गर्न सर्वेक्षण गर्ने टोली खटाउने । | स्थानीय तह , नेपाल रेडक्रस सोसाइटी, अन्य सरोकारवाला निकाय<br>जिल्ला बिपद् ब्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी | पहिलो महिना<br>दोस्रो महिना |
| कम खर्चमा बनाउन सकिने नमुना घर निर्माण | स्थानीय तह , जिल्ला बिपद् ब्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी | तेस्रो हप्ता |
| गैह्रखाद्य सामग्री वितरण कार्य | स्थानीय तह , नेपाल रेडक्रस सोसाइटी, अन्य सरोकारवाला निकाय | पहिलो हप्तादेखि निरन्तर |

**घ) क्षेत्र (Cluster) : स्वास्थ्य तथा पोषण**

प्रतीकात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक स्वास्थ्य सेवा दिनका लागि स्वास्थ्य कार्यालयको स्थापना भएकाले उपयुक्त सेवा प्रदान गर्नका लागि जिल्लामा १ वटा अस्पताल, १ वटा प्राथमिक स्वास्थ्य केन्द्र १५ वटा स्वास्थ्य चौकीहरू, १५ वटा आधारभूत स्वास्थ्य केन्द्र, ९ वटा सामूदायिक स्वास्थ्य ईकाईहरू, १ वटा आयुर्वेद स्वास्थ्य केन्द्र र १४२ जना महिला स्वास्थ्य स्वयम्सेवीकाहरू परिचालित छन् । उपचारात्मक सेवा दिने प्रमुख निकाय रूकुम (पूर्व) अस्पताल रूकुमकोटमा रहेको छ । जिल्लामा स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था रूक्मिणी हस्पिटल प्रा.लि. रहेको छ भने निजी मेडिकल तथा क्लिनिक सेन्टरहरूले सेवा प्रदान गरिरहेका छन् । स्वास्थ्य संस्थाहरूले नियमित तथा अपत्कालीन अवस्थामा बिपद् व्यवस्थापनमा स्थानीयस्तरमा सेवा प्रदान गर्दै आइरहेका छन् । हालसम्म भएका महामारी व्यवस्थापन गर्न सरकारी तथा गैह्र सरकारी निकायहरूको महत्वपूर्ण भूमिका रहेको छ ।

**नेतृत्व प्रदान गर्ने निकायः** स्वास्थ्य कार्यालय
**सह नेतृत्व गर्ने निकायः** सम्वन्धित स्थानीय तहका स्वास्थ्य सेवा इकाइहरू
**बिपद् सम्बन्धी परिस्थितिः** प्रकोपका सम्भावित मानवीय असर (स्वास्थ्य र पोषण)

- चोटपटक, घाइतेहरू, हैजा, औलो, आउँ र दादुरा एवं पखाला सम्बन्धी रोग, गम्भीर श्वास -प्रश्वास सम्बन्धी सङ्क्रमण, जन्डिस, टाइफाइड र भाईरल इन्फ्लुएन्जा, छालाका रोग, आँखा रोगजस्ता सङ्क्रामक रोगहरूको सङ्क्रमणमा वृद्धि ।
- एच.आई.भी./एड्स तथा क्षयरोग फैलने क्रममा वृद्धि ।
- नियमित औषधी सेवनकर्ताहरूको औषधी छुट्ने (क्षयरोग, कुष्ठरोग, एच.आई.भी. आदि) ।
- स्वास्थ्य क्लिनिकहरूको नष्टता अथवा पहुँचमा कठिनाइ ।
- औषधी उपचारका उपकरण तथा औषधीको हानीनोक्सानी ।
- प्रजनन् स्वास्थ्य तथा सुरक्षित प्रसुति सेवा प्रभावित ।
- परिवार नियोजनका साधनको उपलब्धन हुने ।
- नवजात शिशु तथा सुत्केरी र गर्भवतीहरू स्वास्थ्य जाँचदेखि बन्चित ।
- यौन हिंसा प्रभावितहरूलाई स्वास्थ्य प्रतिकार्यमा अवरोध ।
- नियमित सेवाहरू (गाउँघर क्लिनिक र खोपका कार्यक्रमहरू) मा अवरूद्धता ।
- सञ्चार सेवा अवरूद्ध हुँदा तुरून्त स्वास्थ्यकर्मीको सम्पर्कमा आउन कठिनाइ ।
- सुरक्षित रक्त सञ्चार प्रणालीमा अवरोध ।
- तत्कालै स्वास्थ्य संस्थासम्म पुग्नमा अवरोध (एम्बुलेन्स, स्ट्रेचर, पैदल आदि) ।
- खाद्य सामग्रीको अभावको कारणले गर्दा गम्भीर कुपोषण, औलो, झाडा-पखालाजस्ता रोगहरूको जोखिम वृद्धि, स्वास्थ्य सेवाहरूमा घट्दो पहुँच, उपचारात्मक तथा अतिरिक्त पोषण कार्यक्रममा अवरोध ।
- पोषण पुनर्स्थापन कार्यमा अवरोध ।

- स्वस्छ र सुरक्षित पिउने पानीको अभाव ।
- बिपद्को कारणले मानसिक स्वास्थ्य सम्बन्धी समस्या बृद्धि ।

**समष्टिगत उद्देश्य :**

जस्तोसुकै आपत्कालीन अवस्था परेतापनि मानव जीवन सुरक्षा तथा कल्याण (Human Survival And Well–being), खास गरी अति जोखिममा रहेका समूहको स्वास्थ्य एवं पोषणसम्बन्धी आवश्यकताहरू पुरा भएका छन् भनी सुनिश्चित गर्ने ।

**विशिष्ट उद्देश्य (स्वास्थ्य) :**

- झाडापखाला, हैजा, औलो तथा अन्य पानीजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गर्नका निमित्त स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment) गरी स्वास्थ्य तथा पोषण सेवाहरूको अवस्थालाई सुदृढ पार्ने ।
- रोग फैलन गएको खण्डमा सहयोग तथा लेखाजोखाका लागि क्षमता अभिवृद्धि गर्ने ।
- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न, स्वास्थ्य शिविरको सञ्चालन गर्ने र अर्को निकायमा पठाउने संयन्त्र (Referal Mechanism) को विकास गर्न स्वास्थ्य कार्यालयलाई सहयोग पुर्‍याउने ।
- पर्याप्त आपत्कालीन आपूर्ति र मानव श्रोत लगायतका विषयमा शीघ्र क्षमता अभिवृद्धिका लागि अस्पताल (रूकुम पुर्व अस्पताल)/स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- सुरक्षित मातृत्व तथा परिवार नियोजनका सेवाहरू (सुरक्षित प्रसुति, गर्भावस्था तथा सुत्केरी अवस्थाको सेवा, आकस्मिक परिवार नियोजन सेवा), यौन हिंसा प्रभावितहरूलाई स्वास्थ्य सेवा प्रदान गर्ने ।
- आपत्कालीन अवस्थामा प्रजनन् स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन Minimun Initial Service Package (MISP) सम्बिन्धी स्वास्थ्यकर्मीहरूको क्षमता अभिबृद्धि गर्ने ।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक विमर्श सेवा प्रदान गर्ने ।
- महिनावारी स्वास्थ्यका लागि महिला तथा किशोरीहरूलाई आवश्यक सामग्री तथा जानकारीहरू प्रदान गर्ने ।

**विशिष्ट उद्देश्य (पोषण)**

- विस्थापित मानिसहरूका लागि पूरक खाना खुवाउने कार्यक्रम (Supplementary Feeding Programme – SFP)मा पहुँचको माध्यमबाट गर्भवती तथा दुध खुवाउने महिला एवं पाँच वर्ष मुनिका केटाकेटीहरूमा गम्भीर कुपोषणको वृद्धिलाई रोकथाम गर्न अस्पताल (रूकुम पुर्व अस्पताल) स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- गम्भीर कुपोषण (Severe Acute Malnutrition–SAM)को उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्न सहयोग गर्ने ।
- निरन्तर स्तनपान सुनिश्चित गर्न र अवाञ्छित स्तनपानका विकल्पहरूको वितरणमा रोक लगाउन स्वास्थ्य कार्यालयलाई मद्दत गर्ने ।
- भिटामिन 'ए' को वितरण, जुकाको औषधी तथा प्रभावित केटाकेटीहरूका लागि खोपसम्बन्धी गतिविधिहरू सुनिश्चित गर्नका निमित्त स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।

**नेतृत्व प्रदान गर्ने निकायः** स्वास्थ्य कार्यालय/स्थानीय तहका स्वास्थ्य सेवाका ईकाइ

यस क्षेत्रका सदस्यहरूको सूची, क्षमता तथा श्रोत मापन

| क्र.सं. | जिल्लाका साझेदार निकायहरूको नाम | उपलब्ध स्रोत वा सामग्री | सम्पर्क | टेलिफोन नं र इमेल |
|---|---|---|---|---|
| १ | स्वास्थ्य कार्यालय | औषधी/स्वास्थ्यकर्मी | कार्यालय प्रमुख | ९८५७८४५१४६ |
| २ | स्थानीय तहमा रहेका स्वास्थ्य संस्था, एम्बुलेन्स सेवा र निजी अस्पतालहरूको सम्पर्क सूची अनुसूची २० र २६ मा राखिएको छ । | | | |
| ३ | आँखा उपचार केन्द्र रूकुमकोट | औषधी र जनशक्ति | प्रमुख | ९८२२८७७४५९ |
| ४ | नेपाल पत्रकार महासङ्घ | सूचना प्रवाह | उपाध्यक्ष | ९८६८२८६८२८ |

| | | | | |
|---|---|---|---|---|
| ५ | यु.एन.एफ.पि.ए. | आपत्कालीन अवस्थामा प्रजनन् स्वास्थ्य सेवा सुचारू गर्न आवश्यक स्वास्थ्य सामग्री (RH KITS) | भूवन सेजुवाल | ९८४८३००५३४ |
| ६ | नेपाल रेडक्रस सोसाइटी | IRA तथ्याङ्क सङ्कलन तथा प्राथमिक उपचार | दामोदर गौतम/सन्तोष ढकाल | ९८५७८३०६१२, ९८५७८५७०९९ |
| ७ | रूकुमेली समाज विकास केन्द्र | पोषण, जनशक्ति, जनचेतना अभिवृद्धिका गतिबिधि, बच्चाका लागि पौष्टिक सामग्री | नरबहादुर लम्साल (अध्यक्ष) | ९८५११६२३१५ |
| ८ | हुरेड कार्स नेपाल | पोषण, जनशक्ति, जनचेतना अभिवृद्धिका गतिबिधि, बच्चाका लागि पौष्टिक सामग्री | दामोदर गौतम (अध्यक्ष) | ९८५७८३०६१२ |
| ९ | नेपाल जनजागरण मञ्च | पोषण, जनशक्ति, जनचेतना अभिवृद्धिका गतिबिधि, बच्चाका लागि पौष्टिक सामग्री | टेक बहादुर कुसारी (अध्यक्ष) | ९८६४९५९८८२ |
| १० | MCDS | कृषि सरसफाइ तथा पोषण | सुजाता राजभण्डारी | |
| ११ | मिक नेपाल | पोषण, जनशक्ति, जनचेतना अभिवृद्धिका गतिबिधि, बच्चाका लागि पौष्टिक सामग्री | | ९८५७८७६७१७ |

**यस क्षेत्रको नेतृत्व गर्ने निकाय :** स्वास्थ्य कार्यालय/स्थानीय तहमा रहेको स्वास्थ्य सेवा शाखा

आपत्कालीन परिस्थितिको पूर्वतयारीसम्बन्धी गतिबिधि (बिपद्भन्दा पहिले)

| सहयोग गतिबिधि के? | जिम्मेवार निकाय को ? | कहिलेसम्म ? |
|---|---|---|
| **व्यवस्थापन तथा समन्वय सम्बन्धी व्यवस्था**<br>**जिल्लाका क्षेत्रगत (Cluster) साझेदारहरूका बीचमा सम्झौता गर्ने**<br>क. समन्वय बैठक (आपत्कालीन परिस्थितिभन्दा पहिले, परिस्थितिको अवधिमा र त्यसपछि बैठक) गर्ने ।<br>ख. पूर्वतयारी तथा सहयोगसम्बन्धी गतिविधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क निकायहरूको पहिचान ।<br>ग. लागू गर्न सकिने साझेदारसम्बन्धी व्यवस्थाको विकास । | स्थानीय तह , स्वास्थ्य कार्यालय | जेष्ठ मसान्त |
| **आधार रेखा जानकारी तथा तथ्याङ्क सङ्कलन गर्ने :**<br>क. बाढी/पहिरो जान सक्ने स्थान वा सम्बन्धित क्षेत्रगत पहिचान<br>ख. जिल्लाका स्वास्थ्य क्षेत्रका सरोकारवालाहरूसँगको स्रोतको नक्साङ्कन<br>ग. प्रेषण गरिने स्वास्थ्य संस्थाहरूको पहिचान | स्वास्थ्य सेवा इकाइ, स्वास्थ्य कार्यालय | जेष्ठ मसान्त |
| **क्षमता विकासः** महामारी निगरानी, नवजात शिशुलाई बिपद्को बेलामा खुवाउने पौष्टिक आहार | स्थानीय तह , स्वास्थ्य कार्यालय | जेष्ठ मसान्त |
| **उद्धार सामग्री पहिले नै भण्डारण गरी राख्ने**<br>➢ सम्भावित आपत्कालीन परिस्थितिमा प्रभावित हुनसक्ने व्यक्तिहरूको सङ्ख्याका आधारमा आवश्यक स्वास्थ्य सामग्रीको न्यूनतम मौज्दात ।<br>➢ विभिन्न सङ्गठनहरूसँग उपलब्ध मौज्दातको नक्साङ्कन गर्ने ।<br>➢ अपुग सामग्री (GAPS) को पहिचान गर्ने ।<br>➢ पुस्तिका, पोस्टर र सूचना, शिक्षा । | स्थानीय तह , नेपाल रेडक्रस सोसाइटी | जेष्ठ मसान्त |
| **पूर्वतयारी योजनाको समीक्षा गर्नका लागि समन्वय बैठक (जिल्ला तथा स्थानीय तह)** | स्थानीय तह , स्वास्थ्य कार्यालय | ३ महिनामा |

**आपत्कालीन सहयोग सन्बन्धी गतिविधिः आपत्कालीन परिस्थितिको अवधिमा**

| सहयोग गतिबिधि के? | जिम्मेवार निकाय को ? | कहिलेसम्म ? |
|---|---|---|
| क. बिपद्को सूचना सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि बिपद् अवधिमा सम्बन्धित क्षेत्रका सबै सदस्यहरूसँग आपत्कालीन बैठक बस्ने ।<br>ख. जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रमा प्रभावित क्षेत्रको अवस्थाको बारेमा जानकारी प्रदान गर्ने र सूचना लिने ।<br>ग. CRRT/DRRT लाई परिचालन गर्ने साथै आवश्यक प्राथमिक उपचारका औषधी उपकरण र एम्बुलेन्स लिई घटनास्थलमा पुगी सेवा उपलब्ध गराउने । | स्थानीय तह स्वास्थ्य कार्यालय, DEOC, UNFPA UNICEF, लगायत क्षेत्रगत सदस्यहरू | (क) बिपद् शुरू भएपछि २४ घण्टाभित्र<br>(ख) पहिलो सातदिन सम्म एकदिन बिराएर<br>(ग) दोस्रो हप्तापछि हप्तामा एकपटक |
| **परिस्थिति सम्बन्धी प्रतिवेदन तयार पार्ने :**<br>क. पहिलो प्रतिवेदन ।<br>ख. अद्यावधिक प्रतिवेदनहरूको अनुशरण गर्ने ।<br>ग. २४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चार माध्यमबाट स्वास्थ्य सूचना प्रसारण गर्ने ।<br>घ. जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रसँग समन्वय गर्ने । | स्थानीय तह स्वास्थ्य कार्यालय, DEOC, UNFPA UNICEF, लगायत क्षेत्रगत सदस्यहरू | ४८-७२ घण्टाभित्र पहिलो प्रतिवेदन र पहिलो सात दिनमा हरेक २४ घण्टामा र दोस्रो हप्तादेखि एक दिन बिराएर |
| **प्रारम्भिक लेखाजोखा प्रतिवेदन तयार पार्नका निमित्त आधार रेखा** Baseline Survey **तथ्याङ्कको समीक्षा गर्नेः**<br>क. प्रारम्भिक सूचना सङ्कलन गर्ने ।<br>ख. प्रभावित परिवारको अनुमान गर्नका लागि प्रभावित गापासँग सम्बन्धित उपलब्ध तथ्याङ्क जानकारीको समीक्षा गर्ने ।<br>ग. प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको समीक्षा गर्ने<br>घ. जिल्लामा उपलब्ध उद्धार सेवा सामग्रीको समीक्षा गर्ने । | स्थानीयसरकार स्वास्थ्य कार्यालय, DEOC, UNFPA UNICEF, लगायत क्षेत्रगत सदस्यहरू | पहिलो दिनदेखि नै लगातार रूपमा (७२ घण्टाभित्र) नियमित रूपमा |
| क. तत्काल उपलब्ध गराइने मानवीय गतिविधिहरूको प्राथमिकताक्रम निर्धारण गर्ने<br>ख. उपयुक्त कामका लागि सम्बन्धित क्षेत्र (Cluster) लाई सल्लाह दिने ।<br>ग. प्रभावित स्थानमा अत्यावश्यक औषधीको आपूर्ति व्यवस्था गर्ने ।<br>घ. प्रभावित स्थानमा अस्थायी स्वास्थ्य शिविर खडा गरी स्वास्थ्य सेवा उपलब्ध गराउने ।<br>ङ. न्यूनतम यौन तथा प्रजनन स्वास्थ्य सेवा -Minimum Initial Service Package (MISP) कार्यान्वयनमा प्रभावकारी समन्वय, यौन हिंसा, रोकथाम र हिंसाबाट बाँचेकाहरूलाई सहायता, एच.आई.भि. सराइ कम गर्ने, अत्याधिकहुने नवजात तथा मातृ मृत्यु र रूग्णता रोकथाम गर्ने, अनिच्छित गर्भधारण रोक्ने, समग्र प्रजनन् स्वास्थ्य सेवाहरूका लागि योजना सुचारू गराउने<br>च. आपत्कालीन प्रजनन् स्वास्थ्य सामग्री (Emergency RH kit) प्रसुति सेवाको लागि टेन्ट सहित Maternity Unit स्थापना गरी सेवा सञ्चालन गर्ने<br>छ. मनोविमर्श सेवा तथा मनोसामाजिक प्राथमिक उपचार (Psychosocial First Aid–PFA) सेवा प्रदान गर्ने ।<br>ज. सम्भावित महामारी रोगको रोकथाम र नियन्त्रण गर्ने ।<br>झ. स्वास्थ्य शिक्षासम्बन्धी सूचना प्रवाह गर्ने तथा जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने । | स्थानीय तह स्वास्थ्य कार्यालय, DEOC, UNFPA UNICEF, लगायत क्लष्टर सदस्यहरू | ३-४ दिनभित्र एक हप्ताभित्र शिविर कहाँ राख्ने भन्नेबारे ठाउँको पहिचान र दर्ता गर्ने कार्य । (शुन्य) घण्टा देखि नै प्राथमिकता सहित तुरुन्तै शुरू गर्नुपर्दछ । |
| **स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजनाको समीक्षा गर्ने ।** | स्थानीय तह स्वास्थ्य कार्यालय, DEOC, UNFPA UNICEF, लगायत क्लष्टर सदस्यहरू | ७ दिनभित्र |
| मानवीय सहयोगका लागि (यदि छन् भने प्रयोगमा ल्याउन सकिने भनी तयारी अवस्थामा राखिएका प्रतिवद्धता तथा सम्झौतालाई) सक्रिय पार्ने । | स्वास्थ्य कार्यालय | ७-१० दिन |
| मानवीय सहयोगको अनुगमन गर्न र सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउनका लागि टोली खटाउने । | स्वास्थ्य कार्यालय | एक हप्ता– निरन्तर जारी |
| **सहयोग सम्बन्धी गतिविधि – अन्तरिम अवधिका लागि (३०-९०) दिन** | | |
| अन्तर क्षेत्रगत समन्वय बैठक (स्वास्थ्य तथा पोषण, खानेपानी, आवास, कृषि, संरक्षण) | स्वास्थ्य कार्यालय | हप्तामा एक पटक |

| | | |
|---|---|---|
| विषयगत क्षेत्रको विस्तृत लेखाजोखा (CSDA) सञ्चालन गर्ने (स्वास्थ्य तथा पोषण) | स्वास्थ्य कार्यालय | १५-४५ दिन |
| स्रोतहरूको परिचालन गर्नका लागि आवश्यकताको विश्लेषण (स्वास्थ्य तथा पोषण) | स्वास्थ्य कार्यालय | ३-४ हप्ता |
| अन्तरिम अवधिका लागि मानवीय सहयोगसम्बन्धी गतिविधिहरू | स्वास्थ्य कार्यालय | २-३ हप्ताभित्र |
| परिस्थिति सम्बन्धी सङ्कलित र निर्मित प्रतिवेदन अद्यावधिक पार्ने | स्वास्थ्य कार्यालय | हप्तामा एक पटक |
| मानवीय सहयोग अनुगमन | स्वास्थ्य कार्यालय | निरन्तर जारी |
| **सहयोग सम्बन्धी गतिविधि–थप अवधि (९० दिनभन्दा बढी) का लागि** | | |
| अनुगमन तथा प्रतिवेदन | स्वास्थ्य कार्यालय, DDMC, स्थानीय तह | ३ महिनादेखि निरन्तर |

**बिपद् प्रभावित जनसङ्ख्याको प्रजनन् स्वास्थ्य आवश्यकता अनुमानका लागि अन्तर्राष्ट्रिय मापदण्ड** (Standard Population)

बिपद् प्रभावित समूदायको प्रजनन् स्वास्थ्य सेवाका लागि आवश्यक औषधी, सामग्री र स्वास्थ्यकर्मीहरू देहायको मापदण्डका आधारमा अनुमान गर्न सकिन्छ । अन्तर निकाय प्रजनन् स्वास्थ्य सामग्रीहरू पनि सोही आधारमा तयार गरिएका छन् ।

| जनसङ्ख्याको समूह | प्रभावित जनसङ्ख्याको आधार (प्रतिशतमा) |
|---|---|
| वयस्क पुरूषहरू | २० |
| प्रजनन् उमेर समूहका महिलाहरू (१५ देखि ४९ वर्ष ) | २५ |
| कोरा जन्म दर | ४ |
| जटिल गर्भपतन र गर्भावस्था | २० |
| योनी च्यातिने र बच्चा जन्मँदा टाँका लगाउन जरूरी | १५ |
| बच्चा जन्मँदा गरिने शल्यक्रिया (सिजरिङ् अप्रेशन) | ५ |
| बलात्कृत हुनसक्ने प्रजनन् उमेरका महिलाहरू | २ |
| परिवार नियोजनका साधन प्रयोग गर्ने प्रजनन् उमेरका महिलाहरू | १५ |
| पिल्स (खाने चक्की) | ३० |
| सुई | ६५ |
| आइ.यू.सि.डी. | ५ |

### ङ) क्षेत्र (Cluster): खानेपानी, सरसफाइ तथा स्वच्छता

भौगोलिक विकटता, अशिक्षा, गरिवी जस्ता कारणले यस जिललामा वर्षेनी विभिन्न प्रकारका प्रकोपका घटनाहरू घट्ने गर्दछन् । यस जिल्लामा विशेष गरी पहिरो, हिमपात, बाढी, आगलागि, भूकम्प, महामारी, बालीनालीमा रोग किरा, जङ्गली जनावरको आतङ्क जस्ता बिपद्हरू हुने गरेको छ । अव्यवस्थित रूपमा निर्माण भैरहेका सडक बाटाघाटा, भवन निर्माण संरचना भौगोलिकता आदिले पनि बाढी पहिरो भूक्षय जस्ता बिपदका घटनाहरू हुन सक्ने सम्भावना देखिन्छ । यसबाट करिव १०७५ घरधुरी प्रभावित हुन सक्ने देखिन्छ । यसरी अव्यवस्थित रूपमा भैरहेको भौतिक पूर्वाधार विकासका गतिविधिहरूले खानेपानी सरसफाइ तथा स्वच्छता जस्ता कुराहरूमा पनि बाधा पुग्न सक्ने देखिन्छ, तसर्थ आधारभूत स्तरको खानेपानी तथा सरसफाइका सुविधाहरू दीगो रूपमा प्रभाव गर्न आवश्यक योजनासहित कार्यान्वयनमा जानुपर्ने देखिन्छ ।

**नेतृत्व प्रदान गर्ने निकाय:** खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

**सह नेतृत्व गर्ने निकाय:** जलस्रोत तथा सिंचाइ सव डिभिजन कार्यालय/UNICEF

**बिपद्सम्बन्धी परिस्थिति:** बिपद्का सम्भावित मानवीय असर

- पहिरोको कारणले खानेपानीको मुहान पाइप प्राणाली, पानी ट्याङ्की आदिमा क्षति भई खानेपानी प्राणाली अवरूद्ध हुनसक्छ ।
- बाढीको कारणबाट सुरक्षित खानेपानीको मुहानमा फोहोरजन्य पदार्थ मिसिई प्रदूषित हुन सक्छन ।
- बाढी पहिरोको कारणबाट शौचालयबाट फोहोर बाहिरी वातावरणमा मिसिन गई वातावरण प्रदूषण हुन सक्छ .

- वातावरण प्रदूषित हुने गरी शौचालयहरू भरिन सक्दछन् ।
- सुरक्षित पानीको अभावले गर्दा झाडापखाला तथा हैजा फैलने जोखिम बढ्न सक्छ ।
- प्रभावितहरू समक्ष सुरक्षित खानेपानी तथा सरसफाइका सुविधाहरूको पहुँच नहुने हुन सक्दछ ।

**समष्टिगत उद्देश्य :**

- खानेपानी तथा सर-सफाइसँग सम्बन्धित रोगहरू फैलन नदिने र तिनको रोकथाम गर्ने ।

**विशिष्ट उद्देश्य :**

- विस्थापित समूदायका लागि, (खास गरी शिविरमा बस्ने मानिसहरूका लागि) सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा तथा अस्थायी रूपमा सरसफाइ एवं नुहाउने सुविधाहरूमा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- स्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्य सम्बन्धी सामग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाइ तथा स्वास्थ्यसँग सम्बन्धित व्यावहारिक प्रचलनहरूका बारेमा उचित रूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- सम्पूर्ण उपकरण तथा सुविधा उपलब्ध गराइएका छन् र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सफाइ (Cleaness) कायम गर्न तिनको सशक्तीकरण गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

**मानवीय सहयोगका न्यूनतम मापदण्डः** (Sphare Standard)

- प्रतिदिन प्रतिव्यक्ति न्यूनतम ५ लिटर पानी उपलब्ध गराउने र पहिलो ४ हप्ताभित्र प्रतिव्यक्ति प्रतिदिन उपलब्ध गराइने पानीको परिमाणलाई १५ लिटर पूर्‍याउने ।
- शिविरमा बस्ने विस्थापित मानिसहरू तथा घर तथा व्यक्तिगत सम्पत्ति नष्ट भएका व्यक्तिहरूका लागि पानी सङ्कलन गर्नका लागि बाल्टिन र पानी शुद्ध गर्नका लागि ३० दिनसम्म खानेपानी शुद्ध गर्ने चक्की (Tablets) अथवा वाटर गार्ड (Water Guard) उपलब्ध गराउने ।
- शिविरमा बसोबास गर्ने विस्थापित मानिसहरूका लागि उपयुक्त सरसफाइ एवं महिलाहरूका लागि नुहाउने सुविधाका निमित्त अस्थायी चर्पी (हरेक २० व्यक्तिका लागि एक चर्पी र पहिलो हप्ताभित्र हरेक १० व्यक्तिका लागि एक चर्पीका दरले बढाउने गरी) को निर्माण गर्ने ।
- शिविरमा बसोबास गर्ने प्रभावित मानिसहरूलाई स्वास्थ्य कार्यालय तथा खानेपानी कार्यालयका कर्मचारी, साझेदार गैह्र-सरकारी सङ्गठन, महिला सामूदायिक स्वास्थ्य स्वयंसेवक एवं रेडक्रसका स्वयंसेवकहरूसँग मिली स्वास्थ्य तथा सरसफाइ सम्बन्धी सामग्रीहरू (KITs) वितरण गर्ने र स्वच्छता प्रवर्द्धन सम्बन्धी गतिविधिहरू (पानी शुद्ध पार्ने उचित तरिका र साबुनद्वारा हात धुने सञ्चालन गर्ने ।

**खानेपानी, स्वच्छता तथा सरसफाइ क्षेत्रका सदस्यहरूको सूची, क्षमता तथा श्रोत आँकलन :**

| क्र.सं. | जिल्लाका क्षेत्रगत साझेदारहरूको नाम | उपलब्ध स्रोत रकम वा सामग्री | सम्पर्क व्यक्ति | टेलिफोन नं वा इमेल |
|---|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाइ | खानेपानी तथा सरसफाइका सामग्रीहरू, पानी शुद्धीकरणका लागि सामग्रीहरू (विलिजिङ पाउडर), पानी सञ्चालनका लागि केही पाइप, | प्रमुख | ९८४१७७१०५२ |
| २ | UNICEF | बिपद्को समयमा आवश्यकताअनुसार उपलब्ध गराउन सकिने क्षेत्रीय गोदामघर नेपालगञ्ज बाँकेमा रहेको | वास अधिकृत | ९८४७८५२३५३ |
| ३ | नेपाल रेडक्रस सोसाइटी | स्वयंसेवक परिचालन | सभापति | ९८५७८३०६१२, ९८५७८५७०९९ |
| ४ | खानेपानी उपभोक्ता महासङ्घ | समन्वय, सहकार्य / स्वयंसेवक परिचालन | अध्यक्ष | ९८५७८७६७१७ |
| ५ | रूकुमेली समाज विकास केन्द्र | सरसफाइका सामग्रीहरू उपलब्ध गराउन सकिने, ७ जना कर्मचारी परिचालन गर्न सकिने, आपत्कालीन अवस्थामा परामर्श सेवा प्रदान गर्न सकिने | प्रतिनिधिहरू | ९८५११६२३१५ ९८४७८५२३७६ ९८६८४३८५३५ |
| ६ | स्थानीयतहको खानेपानी तथा सरसफाइ हेर्ने इकाइ (वास शाखा) | खानेपानी तथा सरसफाइका सामग्रीहरू, पानी शुद्धीकरणका लागि सामग्रीहरू, केही पाइप, | इन्चार्ज | अनुसूची बमोजिम |

| | | | | |
|---|---|---|---|---|
| ७ | नेपाल जनजागरण मञ्च | खानेपानी तथा सरसफाइका सामग्रीहरू, पानी शुद्धीकरणका लागि सामग्रीहरू, जनचेतनामुलक कार्यक्रमहरू | अध्यक्ष | ९८६४९५९८८२ |

## आपत्कालीन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधिः (बिपद्भन्दा पहिले)

| क्र.सं | क्रियाकलापहरू | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|---|
| १ | जिल्लाका क्षेत्रगत साझेदारहरू बिच क्लस्टर सदस्यको बैठक गर्ने, समन्वय स्थापित गर्ने संयन्त्रका बारेमा सहमति कायम गर्ने । | खानेपानी तथा सरसफाइ डिजिभन कार्यालय र स्थानीय तह | मंसिर, फागुन र जेठ |
| २ | प्रभावित क्षेत्रमा उत्पन्न हुनसक्ने सङ्कट आकलन तथा खानेपानी तथा सरसफाइका लागि योजना निर्माण | खानेपानी तथा सरसफाइ डिजिभन कार्यालय र स्थानीय तह , नेपाल रेडक्रस सोसाइटी | बैशाख सम्म |
| ३ | सुरक्षित खानेपानी सुचारू गर्न आवश्यक पर्ने सामग्री तथा जनशक्ति तयारी अवस्थामा राख्ने | स्थानीय तह , खानेपानी तथा सरसफाइ डिजिभन कार्यालय | बैशाख सम्म |
| ४ | जानकारीको विश्लेषणका लागि सम्पर्क ब्यक्ति तोक्ने । | खानेपानी तथा सरसफाइ डिजिभन कार्यालय, स्थानीय तह | चैत्र |
| ५ | बिपद् जानसक्ने सम्बन्धित क्षेत्रको तथ्याङ्क लिई त्यस क्षेत्रमा उत्पन्न हुनसक्ने खानेपानी समस्याको आँकलन गर्ने | खानेपानी तथा सरसफाइ डिजिभन कार्यालय, सरोकारवालाहरू | फागुन |
| ६ | आपत्कालीन परिस्थितिमा प्रभावित हुनसक्ने खानेपानी योजनाहरू र प्रभावितहुनसक्ने घरपरिवार सङ्ख्याको आधारमा आवश्यक सामग्रीको न्यूनतम मौज्दातविभिन्न निकायहरूसँग उपलब्ध मौज्दात विवरण लिने | खानेपानी तथा सरसफाइ डिजिभन कार्यालय, सरोकारवालाहरू | असार |
| ७ | अपुग सामग्रीको पहिचान गर्ने पुस्तिका, पोस्टर, सूचना तथा सञ्चार सम्बन्धी सामग्रीहरू पूर्वतयारी अवस्थामा राख्ने । | खानेपानी तथा सरसफाइ डिजिभन कार्यालय, सरोकारवालाहरू | असार |

## बिपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना (बिपद्को अवधिमा लागु हुने)

| सहयोग गतिबिधि के? | जिम्मेवार निकाय को ? | कहिलेसम्म ? |
|---|---|---|
| **सहयोगसम्बन्धी गतिविधि –तत्कालका लागि (०-९० दिनसम्म)** | | |
| ➢ क्षेत्रगत सदस्यहरूको आकस्मिक बैठक सञ्चालन ।<br>➢ बिपद् अवस्थाको विश्लेषण ।<br>➢ प्रतिकार्यको तयारी गर्ने ।<br>➢ सूचना डेस्क स्थापना | खानेपानी तथा सरसफाइ डिबिजन कार्यालय, सरोकारवालाहरू | पहिलो दिन |
| ➢ स्थलगत वस्तुस्थितिको जानकारी लिनको लागि अन्य क्षेत्रसँग र सम्बन्धित क्षेत्रमा सम्पर्क गरी जानकारी लिने । | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, सरोकारवालाहरू | दोस्रो दिन |
| ➢ क्षेत्रगत सदस्यहरूबीच बिपद् विश्लेषण गरी क्षतिको लेखाजोखा गर्नको लागि एक टोली बिपद् स्थलमा खटाउने। | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, सरोकारवालाहरू, जिल्ला समन्वय समिति | पहिलो हप्ता |
| ➢ प्रविधिक टोलीद्वारा सङ्कलित विवरणको आधारमा प्रदूषित खा.पा. तथा सरसफाइ सम्बन्धी जनचेतना फैलाउन अर्को टोली परिचालन । | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, स्थानीय तह , सरोकारवालाहरू | दोस्रो हप्ता |
| ➢ सुरक्षित, स्वच्छ खा.पा. तथा सरसफाइ कायम गर्नको लागि उपयुक्त, गुणस्तर परिमाणमा पानीमा प्रभावित परिवारमा पहुँच पुर्‍याउनको लागि पानीको वितरण तथा अस्थायी शौचालय निर्माण गर्न सचेतना कार्यक्रम सञ्चालन गर्ने । | खानेपानी तथा सरसफाइडिभिजन कार्यालय, स्थानीय तह , सरोकारवालाहरू | पहिलो महिना |
| ➢ सुरक्षित शौचालय निर्माण, प्रभावित क्षेत्रमा सञ्चालित कार्यक्रमको अनुगमन, स्थायी खा.पा. योजना सञ्चालनका लागि पाईप आदि सामग्री व्यवस्था गर्न सरोकारवाला निकाय र तालुक निकायमा समन्वय गर्ने । | जिल्ला समन्वय समिति, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, स्थानीय तह , सरोकार वालाहरू | दोस्रो महिना |

| | | |
|---|---|---|
| ➢ सहयोगको अनुगमन तथा पृष्ठपोषणका लागि टोली खटाउने, समग्र प्रतिकार्यको विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।<br>➢ सम्बन्धित सबै सरोकारवाला निकायलाई प्रगति प्रतिवेदन पठाउने ।<br>➢ जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने । | जिल्ला समन्वय समिति, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, स्थानीय तह , सरोकार वालाहरू | तेस्रो महिना |

**च) क्षेत्र** (Cluster) **सामाजिक सुरक्षा तथा आपत्कालीन संरक्षण**

**नेतृत्व प्रदान गर्ने निकाय (**Cluster Lead**) :** जिल्ला प्रशासन कार्यालय र स्थानीय तहका महिला बालबालिका तथा सामाजिक विकास शाखा

**बिपद् सम्बन्धी परिस्थितिः** प्रकोपबाट सम्भावित मानवीय असर

- ➢ मानवअधिकार तथा मौलिक अधिकार उलङ्घनका घटनामा बृद्धि ।
- ➢ विस्थापित व्यक्तिहरूको आधिकारिक कागजातहरू जस्तैः नागरिकता, जग्गाधनी पुर्जा, शैक्षिक कागजातहरू, बैंकिङ कागजातहरू तथा अन्य महत्त्वपूर्ण कागजातहरू हराएको कारण उद्धार तथा राहतमा समस्या ।
- ➢ जनधनको क्षति, अनाथहरूको सङ्ख्यामा वृद्धि ।
- ➢ मानिसहरूको आन्तरिक विस्थापन ।
- ➢ घाइते बालबालिका ।
- ➢ बढ्दो दुरूपयोग र शोषण, दूर्व्यवहार, भेदभाव ।
- ➢ विछोडिएका तथा एकल बालबालिका ।
- ➢ सम्भावित मानसिक आघात (Psychosocial Trauma) तथा मनोवैज्ञानिक विपत्ति ।
- ➢ लैङ्गिकतामा आधारित हिंसा (Gender Based Voilence-GBV) को बढ्दो जोखिम ।
- ➢ सामना गर्ने संयन्त्र (Coping Mechanism) मा अवरोध ।
- ➢ मानव बेचविखनको जोखिम ।
- ➢ प्रभावित व्यक्तिहरूमा यौन शोषणको जोखिम् ।
- ➢ अपाङ्, बृद्ध एकल महिलाहरू र लैङ्गिक अल्पसङ्ख्यकको सुरक्षा तथा संरक्षणमा कमी ।
- ➢ शान्ति सुरक्षाको अभाव तथा सामान्य असुरक्षाको वातावरण ।
- ➢ केही समुदाय अथवा समुहहरूका लागि मानवीय सहयोगमा पहुँच नहुनु अथवा पहुँच अपर्याप्त हुनु ।

**समष्टिगत उद्देश्य :**

- ➢ महिला तथा बालबालिका लगायत जोखिममा रहेका समुहहरूले आपत्कालीन परिस्थितिको कारणबाट उत्पन्न हिंसा, शोषण, दूर्व्यवहार तथा हेलाबाट संरक्षण गर्ने ।

**विशिष्ट उद्देश्य :**

- ➢ नेपालका बिपद् तथा अन्य आपत्कालीन परिस्थितिहरूमा उपलब्ध गराइने सहयोग कार्यक्रमहरूमा जोखिममा रहेका समूहहरूका लागि मानव अधिकार सम्बन्धी कानून, अन्तर्राष्ट्रिय मानवीय कानुन तथा राष्ट्रिय कानुनले प्रत्याभूत गरेका मौलिक अधिकारहरूको संरक्षण गर्दै भएका कुरा सुनिश्चित गर्ने ।
- ➢ जोखिममा रहेका समूहहरूको संरक्षण सुनिश्चित गरी आपत्कालीन सहयोगको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने ।
- ➢ आपत्कालीन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दूर्व्यवहार, मानव बेचविखन तथा हेलाका जोखिमहरूलाई सम्बोधन गरी प्रकोपबाट प्रभावित मानिसहरूको संरक्षण गर्ने र त्यस्ता दूर्व्यवहारबाट प्रभावित भई जीवित व्यक्तिहरूका लागि सेवासम्बन्धी प्रावधानहरूमा सहयोग उपलब्ध गराउने ।
- ➢ लैङ्गिक हिंसा रोकथाम, प्रेषण प्रणाली स्थापना तथा सबलीकरण, महिला तथा किशोरीहरूका लागि मर्यादा कायम गर्ने प्रभावकारी संयन्त्र बनाउने ।
- ➢ यौन तथा लैङ्गिक हिंसाबाट प्रभावित तथा गर्भवती र सुत्केरी महिलाहरूको लागि महिलामैत्री स्थान (Female Friendly Spaces) को स्थापना तथा लैङ्गिक हिंसा प्रतिकार्यका लागि अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन

केन्द्र (One Stop Crisis Management Center-OSCMC) लाई प्रभावकारी गराउने ।

- बाल–मैत्री ठाउँ तथा मनोसामाजिक परामर्शसम्बन्धी सहयोग स्थापना गरी सुरक्षित वातावरणमा बालबालिका तथा महिला रमाउँदछन् भन्ने कुरा सुनिश्चित गर्ने ।
- बिछोड भएका बालबालिका, खास गरी पाँच वर्षको उमेरभन्दा मुनिका केटाकेटी तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य सम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोगपछि उपयुक्त सेवा तथा संरक्षणका सुविधासहित परिवारको खोजी गर्ने कार्यमा सहयोग प्राप्त गर्दछन् भन्ने कुरा सुनिश्चित गर्ने ।
- यौन दूर्व्यवहार तथा हिंसाका विरूद्ध तिनको अनुगमन, प्रतिवेदन तथा पैरवी गर्ने प्रणालीको स्थापना गरी बालबालिका र महिलाहरूको यौन दूर्व्यवहार तथा शोषणको रोकथाम गर्ने ।
- लैङ्गिक हिंसा प्रभावितहरूका लागि सुरक्षित आवास र पुनःस्थापना केन्द्रको व्यवस्था मिलाउने ।
- प्रभावित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने र जटिल मानसिक स्वास्थ्य सेवा आवश्यक भएकाहरूलाई सम्बन्धीत स्वास्थ्य सेवा प्रदान गर्ने ।
- जोखिममा रहेका समूहलाई संरक्षण, राहत तथा उद्धार, अत्यावश्यक स्वास्थ्य सेवा जानकारीहरू विभिन्न माध्यमबाट उपलब्ध गराउने ।
- जोखिममा रहेका व्यक्तिहरूलाई सुरक्षित आवासको व्यवस्थाका लागि शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्रसंग समन्वय गरी सुनिश्चित गर्ने ।

**संरक्षणमा मानवीय सहयोगको न्यूनतम मापदण्ड** (Sphare standard)ः

- प्रभावित जनसमूदायको अधिकारको कुनैपनि उलङ्घन, दूर्व्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने, संयन्त्रको स्थापना गर्ने अथवा स्थापित संयन्त्रलाई प्रयोगमा ल्याउने ।
- विभिन्न समूदायका सदस्यहरूबाट, विशेषतः अति गरिब तथा पछाडि पारिएका समूहबाट मानवीय सहयोग तथा आधारभूत सेवा सुविधामा समान पहुँच सहयोग पाए नपाएको अनुगमन गर्ने ।
- साझेदारहरूका बीचमा अभिलेख राख्ने तथा दर्ता गर्ने प्रणालीमा एकरूपता सुनिश्चित गर्ने ।
- बालमैत्री, महिला मैत्री, अपाङ्गता मैत्री ठाउँ लगायत बालबालिका तथा महिलाहरूका लागि सुरक्षित वातावरण सिर्जना गर्ने ।
- शिक्षा तथा संरक्षण सम्बन्धी सहयोग कार्यक्रममा मनोसामाजिक सहयोगलाई एकीकरण गर्ने ।
- हेरचाह गर्ने व्यक्तिहरूबाट बालबालिकाहरू बिछोडिने कार्यको रोकथाममा सहयोग गर्ने ।
- विछोडिएका तथा परिवारको साथ नभएका बालबालिकाहरू, खास गरी पाँच बर्षको उमेरभन्दा मुनिका बालबालिका तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य जाँचको सहजीकरण गर्ने र खोजी तथा पुनर्मिलनमा संलग्न साझेदारहरूलाई सहयोग उपलब्ध गराउने ।
- परिवारबाट बिछोडिएका तथा साथ नभएका बालबालिकाहरू र अन्य जोखिम्मा परेका समूह जस्तैः परिवार नभएका, जेष्ठनागरिक तथा दीर्घ रोगबाट पीडित समूहका मानिसहरूलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने । (वास तथा अन्य सेवाको व्यवस्था) ।
- मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रूपमा विस्थापित मानिसहरूलाई नियमित रूपमा सूचना प्रवाह भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- फिर्ता हुने कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिक रूपमा.वि.स्थापित व्यक्तिहरूलाई संलग्न बनाउन प्रयास गर्ने ।
- शिविर तथा पुनर्वासका क्षेत्रहरूमा पर्याप्त सुरक्षाका लागि पैरवी गर्ने ।

**अगुवा निकायः** स्थानीय तहका महिला तथा बालबालिका शाखाहरू

**यस क्षेत्रका क्षेत्रगत सदस्यहरू (Cluster Members) को सूची, क्षमता तथा श्रोतको आकलन :**

| क्र सं | अगुवा वा सहयोगी संस्थाहरू | उपलब्ध स्रोत/साधन | | | सम्पर्क व्यक्तिको नाम तथा पद | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| | | आर्थिक | सामग्रीगत स्रोत | मानविय दक्ष स्रोत | | |
| १ | जेष्ठ नागरीक, महिला बालबालिकातथा सामाजिक विकास शाखा | केहि | समूदायमा रहेका ३ महिला सहकारी स्थानीय तहमा रहेका महिला बालबालिका तथा सामाजिक विकास शाखाहरू | | | अनुसूची बमोजिम |
| २ | संयुक्त राष्ट्रसंघीय जनसङ्ख्या कोष (UNFPA) | | मर्यादा सामग्री, महिला मैत्री स्थान | | भुवन सेजुवाल | ९८४८३००५३४ |
| ३ | जिल्ला प्रहरी महिला सेल | | आवश्यक सुरक्षाको व्यवस्था मिलाउने | | प्रहरी प्रमुख | ९८५७८६५५५५ |
| ४ | शिक्षा विकास तथा समन्वय इकाइ/ स्थानीय तहका शिक्षा विकास शाखाहरू | | विद्यालय आपत्कालीन आश्रयस्थल | शिक्षक विद्यार्थी | कार्यालय प्रमुख | अनुसूची बमोजिम |
| ५ | स्वास्थ्य कार्यालय | | औषधी तथा स्वास्थ्य उपचार | स्वास्थ्य कार्यालय | प्रमुख | ९८५७८४५१४६ |
| ६ | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | | पाइप, पानी शुद्धीकारणका सामग्रीहरू, महिला तथा किशोरी मैत्री शौचालय निर्माण सामग्री | कर्मचारी | कार्यालय प्रमुख | ९८४१७७१०५२ |
| ७ | रूकुमेली समाज विकास केन्द्र | | सरसफाइ सेवा, | केही कर्मचारी | अध्यक्ष | ९८४७८५२३५३ |
| ८ | हुरेड कार्स नेपाल | | आवश्यकताअनुसार | केही कर्मचारी | अध्यक्ष | ९८५७८३०६१२ |
| ९ | युएमएन रूकुम कलष्टर | | सरसफाइका सामग्रीहरू | | टिमलिडर | ९८५१०९६५३८ |
| १० | नेपाल जनजागरण मञ्च | | जनचेतनात्मक कार्यक्रम तथा केही मर्यादा सामग्री | केही कर्मचारी | अध्यक्ष | |
| ११ | स्थानीय तहमा रहेको महिला बालबालिका तथा सामाजिक विकास शाखामा कार्यरत कर्मचारीहरूको विवरण अनुसूचीमा राखिएको छ । सबै स्थानीय तहले आ-आफ्नो क्षेत्रगत अवधारणा अनुसारसक्रिय बनाई योजना समेत बनाउनु पर्नेछ । | | | | | |

**बिपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना (बिपदको अवधिमा लागु हुने)**

| सहयोग गतिबिधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| **सहयोगसम्बन्धी गतिविधि-तत्कालका लागि (०-३० दिनसम्म)** | | |
| क. सूचना सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि सम्बन्धित क्षेत्रका सबै सदस्यहरूसँग समन्वय बैठक गर्ने ।<br>ख. जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रमा प्रभावित क्षेत्रको अवस्थाको बारेमा जानकारी प्रदान गर्ने र सूचना लिने । | स्थानीय तह महिला बालबालिका तथा सामाजिक विकास शाखा | पहिलो दिन |
| क. परिस्थिति सम्बन्धी आफ्नो क्षेत्रको पहिलो प्रतिवेदन तयारी गर्ने जसमा प्रभावित बालबालिका, जेष्ठनागरिक, एकल महिला, गर्भवती तथा सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, किशोरीहरू तथा अन्य जोखिम्मा रहेका व्यक्तिहरूको सङ्ख्या तथा अवस्था उल्लेख गर्ने ।<br>ख. अद्यावधिक प्रतिवेदनहरूको अनुशरण गर्ने ।<br>ग. लैङ्गिक हिंसा प्रेषण प्रणाली स्थापना गर्ने आवश्यक सेवा तथा सम्पर्क नम्बरहरू आधाविधिक गर्ने<br>घ. २४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चार माध्यमका लागि समाचार प्रकाशन गर्ने । | महिला, बालबालिका तथा सामाजिक विकास शाखा | दोस्रो दिन |

| | | |
|---|---|---|
| **प्रारम्भिक प्रतिवेदन तथा अन्य संरक्षणसँग जोडिएका परिस्थितिको लेखाजोखा तथा समीक्षा गर्ने ।**<br>क. प्रभावित परिवारको अनुमान गर्नका लागि प्रभावित स्थानीय तहसँग सम्बन्धित उपलब्ध तथ्याङ्क/जानकारीको समीक्षा गर्ने ।<br>ख. प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको समीक्षा गर्ने । क्लष्टर सदस्यहरु र स्थानीय तह महिला तथा बालबालिका इकाइले । | महिला, बालबालिका तथा सामाजिक विकास शाखा | दोस्रो दिनदेखि निरन्तर |
| **प्रारम्भिक जानकारीहरूका आधारमा प्रारम्भिक मानवीय सहयोग**<br>क. तत्काल उपलब्ध गराइएका मानवीय सेवाहरूमा महिला, बालबालिका, गर्भवती तथा सुत्केरी महिला, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठनागरिकहरूको पहुँच भए नभएको सुनिश्चितता गर्ने ।<br>ख. सुत्केरी, गर्भवती तथा जोखिममा रहेका किशोरीहरू तथा महिलाहरूलाई मर्यादा सामग्री (Dignity Kit) वितरण गर्ने ।<br>ग. मानवीय सेवाको आवश्यकता देखिएको प्रभावित समूदायमा सेवा उपलब्धताको लागि पैरवी गर्ने ।<br>घ. लैङ्गिक हिंसा रोकथाम तथा व्यवस्थापनका लागि आवश्यक समन्वय र व्यवस्था मिलाउने । | क. स्थानीय तह महिला, बालबालिका तथा सामाजिक विकास शाखा, UNFPA<br>ख. विषय क्षेत्रगत सदस्यहरू | प्रभावित क्षेत्रमा मानवीय सेवा उपलब्ध गराउन शुरू गरेपछि निरन्तर रूपमा । |
| स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना (Cluster CP) को समीक्षा गर्ने | DDMC | ७ दिनभित्र |
| पारिवारिक रूपमा बिछोडिएका बालबालिकाहरू खोजी गर्ने र पुनर्मिलन कार्य गराउने । | स्थानीय तह महिला, बालबालिका तथा सामाजिक विकास शाखा, | पहिलो हप्ता |
| संरक्षणका विभिन्न क्रियाकलापका लागि विभिन्न निकायहरूबाट प्राप्त सहयोगको लागि गरिएको प्रतिबद्धता कार्यान्वयन गर्ने । | स्थानीय तह महिला, बालबालिका तथा सामाजिक विकास शाखा, | ७-१० दिन |
| मानवीय सहयोगको अनुगमन गर्न र सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउनका निमित्त टोली खटाउने | स्थानीय तह महिला, बालबालिका तथा सामाजिक विकास शाखा, | दोस्रो हप्तादेखि निरन्तर |
| **जोखिममा रहेका समूहहरूको पहिचान लगायत पहिलो ३० दिनभित्र तत्कालीन मानवीय सहयोग/सम्झौता ।**<br>क. ५ वर्ष मुनिका बालबालिकाहरूको लागि आवश्यक पोषणयुक्त खाना र लत्ता कपडा ।<br>ख. सुत्केरी र ६ महिनासम्मका बच्चाका आमाहरूको लागि आवश्यक पोषणयुक्त खाना र लत्ता कपडा ।<br>ग. परिवारबाट विछोडिएका बालबालिकाहरूलाई बाल पुनर्स्थापना गृहमा राख्ने व्यवस्था मिलाउने ।<br>घ. लैङ्गिकतामा आधारित हिंसामा परेका बालबालिका तथा महिलाहरूलाई पुनर्स्थापना गृहमा राख्ने व्यवस्था मिलाउने । संरक्षणको आवश्यकता भएका वृद्धवृद्धा र अपांगता भएका व्यक्तिहरूलाई पुनर्स्थापना गृहमा राख्ने व्यवस्था मिलाउने । | स्थानीय तह महिला, बालबालिका तथा सामाजिक विकास शाखा, | पहिलो दिन देखि निरन्तर |
| **सहयोग सम्बन्धी गतिविधि – अन्तरिम अवधिका लागि (३०-९०) दिनको अवधीमा** | | |
| क. क्षेत्रगत समन्वय बैठक गर्ने ।<br>ख. मनोसामाजिक असर देखिएका व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने<br>ग. बिपद्को अवस्थामा महिला तथा बालबालिकामा पर्नसक्ने थप जोखिमको बारेमा जनचेतनामूलक कार्यक्रमहरू गर्ने जस्तैः लैङ्गिक हिंसा, मानव बेचबिखन, बाल संरक्षण, मनोविमर्श सेवा, यौन हिंसा तथा सहयोगबारे जानकारी आदि ।<br>घ. बिपदपछि हुने लैङ्गिक हिंसा, यौन हिंसा तथा बाल हिंसाका घटनाहरूको सिफारिस प्रणालीमा काम गर्ने ।<br>ङ. शिविरभित्र संरक्षण आवश्यक भएमा महिला, बालबालिका तथा जेष्ठ नागरिकका लागि सुरक्षित स्थान पहिचान गर्ने ।<br>च. बिपद्पछि हुनसक्ने मानव बेचविखन तथा ओसारपसार रोक्नका लागि गतिबिधि सञ्चालन गर्ने । | स्थानीय तह महिला, बालबालिका तथा सामाजिक विकास शाखा, | दुई हप्तामा एक पटक |
| मानवीय सहयोगको अनुगमन गर्ने । मानवीय सहायता प्रतिवेदन तयारी तथा जिल्ला बिपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्ने । | स्थानीय तह महिला, बालबालिका तथा सामाजिक विकास शाखा, | निरन्तर |

**संरक्षण बिषयगत क्षेत्रसँग सम्बन्धित बिपद् तथा लैगिंक हिंसा प्रभाविताहरूलाई प्रदान गरिने सेवाहरूको नक्साङ्कन, रूकूम पूर्व**

| सि.नं. | सेवाहरू | सेवा प्रदायक निकाय | सम्पर्क ब्यक्ति | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य जाँच तथा उपचार सेवा | एकद्वार सङ्कट ब्यवस्थापन केन्द्र, जिल्ला अस्पताल, रूकूम (पूर्वी भाग) | डिला भुसाल | ९८४७८२६९०५ | |
| २ | मनोसामाजिक परामर्श तथा बिमर्श सेवा | सुरक्षित आवास गृह | सुगन्धा मल्ल | ९८४३५५५१६५ | |
| ३ | लैङ्गिक हिंसा प्रभावितहरूको लागि आवासीय सेवा | सुरक्षित आवास गृह | सुगन्धा मल्ल | ९८४३५५५१६५ | |
| ४ | सुरक्षा र संरक्षण | नेपाल प्रहरी, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र | प्र.नि. कृष्ण बहादुर खत्री | ९७४६९३०९०३ | |
| ५ | कानूनी सहायता र सहयोगको लागि | वैतनिक वकिल/कानून व्यवसायी | अधिवक्ता किरण गौतम<br>अधिवक्ता मधुकर पाण्डे | ९८५११८३७३६<br>९८४९४२१९५७ | |
| ६ | बिपद्मा प्रभावितहरूको तत्कालीन सहयोगका लागि मर्यादा सामग्रीहरूको मौज्दातको अवस्था | सिस्ने गा.पा.मा रहेको सङ्ख्या : २१ | करण खड्का | ९८५८०३६३३३ | |
| | | भूमे गा.पा.मा रहेको सङ्ख्याः ८ | उपेन्द्र यादव | ९८४७९८१०३७ | |
| | | पुथाउत्तरगङ्गा गा.पा.मा रहेको सङ्ख्या : ० | | | |
| | | स्वास्थ्य कार्यालय : ४ इमरर्जेन्सी किट | निमप्रसाद गिरी | ९८५७८२२५३५ | |
| ७ | प्रेषण | रूकुम पूर्व अस्पतालबाट दाङ, नेपालगञ्ज, बुटवल | | | |
| | | सेफ हाउसबाट आवश्यकताअनुसार जिल्ला प्रहरी कार्यालय, अदालत, अस्पताल, कानूनी सहायता केन्द्र, न्यायिक समिति, वडा कार्यालयमा र दाङ जिल्लाको OCMC | सुगन्धा मल्ल | ९८४३५५५१६५ | |

**छ) क्षेत्र (Cluster): आपत्कालीन शिक्षा**

**नेतृत्व प्रदान गर्ने निकाय:** शिक्षा विकास तथा समन्वय इकाइ

**बिपद् सम्बन्धी परिस्थितिः प्रकोपका सम्भावित मानवीय असर (शिक्षा)**

रूकुम (पूर्वी भाग) जिल्लामा सञ्चालनमा रहेका कूल १२७ विद्यालय, विद्यालय रहेको स्थान तथा भौगोलिक अवस्था, समग्र जिल्लामा हुन सक्ने बिपद्लाई विश्लेषण गर्दा ४१ विद्यालयहरू पहिरो, भूकम्प, बाढी तथा हावाहुरीका कारण प्रभावित हुन सक्ने देखिन्छ जसका कारण कुल ३५०० विद्यार्थीहरू प्रभावित हुन सक्ने छन् ।

- विद्यालय भवनहरू र शिक्षण सिकाइका सामग्रीहरूको क्षति ।
- शिक्षक विद्यार्थीहरू क्षति ।
- विद्यार्थीहरूको विद्यालयसम्म पहुँच नहुनु ।
- विद्यालयमा क्षति हुनाले शैक्षिक क्रियाकलाप अवरोध ।
- आन्तरिक रूपमा विस्थापितहरूका लागि प्रभावित नभएका विद्यालयहरू आवासको रूपमा प्रयोग हुन्छन् । मेजमानी प्रदान गर्ने विद्यालय (Host Schools) को पढाइमा अवरोध
- केटाकेटी तथा शिक्षकहरूमा बिपद्को मनोवैज्ञानिक असरले गुणस्तरीय सिकाई एवं सिक्ने प्रक्रियामाथि प्रभाव पार्छ ।
- पाठ्यपुस्तक
- शौचालय
- खेल मैदान
- कम्पाउण्ड/पर्खाल/Fencing
- खानेपानी
- कम्प्युटर
- खेल सामग्री

**समष्टिगत उद्देश्य :**

- व्यक्तित्व विकास गर्न, संरक्षण प्राप्त गर्न र सामान्य अवस्था एवं स्थायित्वमा फर्काउने कार्यको सहजीकरण गर्नका निमित्त विद्यालय जाने उमेरका तथा प्रभावित सम्पूर्ण केटाकेटीहरूको गुणस्तरीय शिक्षामा निरन्तर तथा तत्काल पहुँच सुनिश्चित गर्ने ।
- सुरक्षित सिक्ने वातावरण उपलब्ध गराएर बिपद्बाट परेको मनोवैज्ञानिक असरको सामना गर्ने कार्यमा केटाकेटीहरू र शिक्षकहरूलाई मद्दत गर्न योगदान पु¥याउने ।

**विशिष्ट उद्देश्य :**

- बिपद्बाट प्रभावित विद्यालय जाने उमेरका केटाकेटी तथा शिक्षकहरूलाई गुणस्तरीय शिक्षाको निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवं सिक्ने वातावरण उपलब्ध गराउन नेपाल सरकार तथा स्थानीय सरोकारवालाहरूलाई सहयोग उपलब्ध गराउने ।
- पाठ्यपुस्तक लगायतका सामग्री उपलब्ध गराउने ।
- प्रभावकारी आपत्कालीन पूर्वतयारी तथा सहयोगलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत समूहका सदस्यहरू (Cluster Members) का बिचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदान-प्रदान सुनिश्चित गर्ने ।
- आपत्कालीन परिस्थितिमा पहिलो सहयोग उपलब्ध गराउने व्यक्तिका रूपमा सरोकारवालाहरूको क्षमता बढाउने ।
- द्रुत तथा चालु (Rapid and On–going) शिक्षाका लागि लेखाजोखा सञ्चालन गरिन्छ भन्ने कुरा सुनिश्चित गर्ने र आपत्कालीन परिस्थितिमा रहेका केटाकेटीहरूको शिक्षाका लागि युनिसेफका प्रमुख प्रतिवद्धताहरू (UNICEFs Core Commitments to Children in Emergencies for Education) का न्यूनतम मापदण्डबाट निर्देशित भएर उपयुक्त सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- आपत्कालीन परिस्थितिमा सहयोग उपलब्ध गराउनका लागि रणनीतिक साझेदारी तथा अन्य साझेदार/क्षेत्रहरू (Cluster) सँग सम्बन्ध स्थापना तथा त्यसलाई सुदृढ पार्ने ।
- बालवालिका एवम् अभिभावकहरूका लागि परामर्श सेवा उपलब्ध गराउने ।
- बृहत्तर बिद्यालय सुरक्षा नीतिलाई आवलम्वन गरी कार्य गर्ने ।

**शिक्षामा मानवीय सहयोगसम्बन्धी न्यूनतम मापदण्डः** (Sphare standard)

- बिपद् परेको पहिलो हप्ताभित्र शिक्षासम्बन्धी सुविधा र शिक्षामा संलग्न व्यक्तिहरूका बारेमा द्रुत लेखाजोखा (Rapid Assessment) सञ्चालन गर्ने ।
- शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय क्षेत्रगत सदस्यहरूसँगको समन्वयमा तथा प्रभावित समूदायहरूसँगको परामर्शमा प्रभावित/आन्तरिक रूपमा विस्थापित बालबालिकाहरूको शिक्षालाई जारी राख्नका लागि तिनका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ पत्ता लगाउने ।
- सम्भव भएसम्म यथासक्य चाँडो अर्थात् सिद्धान्त पहिलो दुई हप्ताभित्र, न्यूनतम मापदण्ड बमोजिम ६ देखि ८ हप्ताभित्र न्यूनतम पूर्वाधारसहित विद्यालय जाने बालबालिकाहरूका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ तथा स-साना बालबालिकाहरूका लागि सुरक्षित ठाउँ खडा गर्ने ।
- विद्यालयहरू पुनः खुला गराएर र शिक्षणसिकाइका सामग्री उपलब्ध गराएर र अर्ध-संरचनागत (Semi Structured) मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर पढाइ जारी राख्ने र शिक्षक तथा विद्यार्थीहरूको पुनः एकीकरण प्रारम्भ गर्ने ।
- आन्तरिक रूपमा विस्थापितहरूका लागि प्रभावित नभएका विद्यालयहरू आवासको रूपमा प्रयोग हुन्छन् । आतिथ्य प्रदान गर्ने विद्यालय (Host Schools) को पढाइमा अवरोध
- केटाकेटी तथा शिक्षकहरूमा बिपद्को मनोवैज्ञानिक असरले गुणस्तरीय सिकाई एवं सिक्ने प्रक्रियामाथि प्रभाव पार्छ ।
- विद्यालयबाहिर रहेका बालबालिकाहरू अस्थायी रूपमा खडा गरिएका सिक्ने ठाउँमा भर्ना गरिएको छ/छैन अथवा तिनको शिक्षाका लागि वैकल्पिक व्यवस्था गरिएको छ/छैन जानकारी लिने ।
- पीडित बालबालिकाहरूका निमित्त नियमित शिक्षा प्रणालीमा क्रमशः तिनलाई नियमित पार्दै लगिने ।
- प्रभावित क्षेत्रका स्कूलहरूमा भएको पुराना किताब सङ्कलन गरी सुरक्षित ठाउँमा राख्ने ।
- आवश्यकताका आधारमा परामर्श सेवा उपलब्ध गराउने ।
- बालबालिका एवम् अभिभावकहरूका लागि परामर्श सेवा उपलब्ध गराउने ।
- पाठ्यपुस्तक

➢ शौचालय
➢ खेल मैदान
➢ कम्पाउण्ड/पर्खाल/Fencing
➢ खानेपानी
➢ कम्प्युटर
➢ खेल सामग्री

**समष्टिगत उद्देश्य :**

➢ व्यक्तित्व विकास गर्न, संरक्षण प्राप्त गर्न र सामान्य अवस्था एवं स्थायित्वमा फर्काउने कार्यको सहजीकरण गर्नका निमित्त विद्यालय जाने उमेरका तथा प्रभावित सम्पूर्ण केटाकेटीहरूको गुणस्तरीय शिक्षामा निरन्तर तथा तत्काल पहुँच सुनिश्चित गर्ने ।
➢ सुरक्षित सिक्ने वातावरण उपलब्ध गराएर बिपद्बाट परेको मनोवैज्ञानिक असरको सामना गर्ने कार्यमा केटाकेटीहरू र शिक्षकहरूलाई मद्दत गर्न योगदान पुर्याउने ।

**विशिष्ट उद्देश्य :**

➢ बिपद्बाट प्रभावित विद्यालय जाने उमेरका केटाकेटी तथा शिक्षकहरूलाई गुणस्तरीय शिक्षाको निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवं सिक्ने वातावरण उपलब्ध गराउन नेपाल सरकार तथा स्थानीय सरोकारवालाहरूलाई सहयोग उपलब्ध गराउने ।
➢ पाठ्यपुस्तक लगायतका सामग्री उपलब्ध गराउने ।
➢ प्रभावकारी आपत्कालीन पूर्वतयारी तथा सहयोगलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत समूहका सदस्यहरू (Cluster Members) का बिचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदान-प्रदान सुनिश्चित गर्ने ।
➢ आपत्कालीन परिस्थितिमा पहिलो सहयोग उपलब्ध गराउने व्यक्तिका रूपमा सरोकारवालाहरूको क्षमता बढाउने ।
➢ द्रुत तथा चालु (Rapid and On–going) शिक्षाका लागि लेखाजोखा सञ्चालन गरिन्छ भन्ने कुरा सुनिश्चित गर्ने र आपत्कालीन परिस्थितिमा रहेका केटाकेटीहरूको शिक्षाका लागि युनिसेफका प्रमुख प्रतिवद्धताहरू (UNICEFs Core Commitments to Children in Emergencies for Education) का न्यूनतम मापदण्डबाट निर्देशित भएर उपयुक्त सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
➢ आपत्कालीन परिस्थितिमा सहयोग उपलब्ध गराउनका लागि रणनीतिक साझेदारी तथा अन्य साझेदार/क्षेत्रहरू (Cluster) सँग सम्बन्ध स्थापना तथा त्यसलाई सुदृढ पार्ने ।
➢ बालवालिका एवम् अभिभावकहरूका लागि परामर्श सेवा उपलब्ध गराउने ।
➢ बृहत्तर विद्यालय सुरक्षा नीतिलाई आवलम्वन गरी कार्य गर्ने ।

**शिक्षा क्षेत्रका क्षेत्रगत सदस्यहरू (Cluster Members) को सूची, क्षमता तथा श्रोत मापन**

| क्र.सं. | जिल्लाका क्षेत्रगत साझेदारहरूको नाम | उपलब्ध स्रोत तथा सामग्री | सम्पर्क ब्यक्ति | टेलिफोन र इमेल |
|---|---|---|---|---|
| १ | शिक्षा विकास तथा समन्वय इकाइ | समन्वय, नेतृत्व, सञ्चार, निर्देशन, जनशक्ति परिचालन, परामर्श, प्रतिवेदन आदि | तिलक गौतम | ९८४८१५२४०० |
| २ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखा रूकुमकोट | आर्थिक, भौतिक परिचालन, जनशक्ति, समन्वय, निर्देशन आदि | मङ्गल सिं बुढा | ९८४८३९६०८२ |
| ३ | भूमे गाउँ कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखा खावाङबगर | आर्थिक, भौतिक परिचालन, जनशक्ति, समन्वय, निर्देशन आदि | कौशल कुमार तिवारी | |
| ४ | पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखा तकसेरा | आर्थिक, भौतिक परिचालन, जनशक्ति, समन्वय, निर्देशन आदि | रामप्रसाद खड्का | ९८४९३९१७७० |
| ५ | नेपाल रेडक्रस सोसाइटी रूकुम पूर्व जिल्ला शाखा | जनशक्ति परिचालन, समन्वय, अस्थायी आश्रय स्थल निर्माणमा सहयोग | दामोदर गौतम | ९८५७८३०६९२<br>९८५७८५७०९९ |
| ६ | मिक नेपाल | जनशक्ति परिचालन, सूचना सम्प्रेषण, आर्थिक सहायता | अविनाश बुढा | ९८४७७७४८९९ |

| | | | | |
|---|---|---|---|---|
| ७ | रूकुमेली समाज विकास केन्द्र(RSDC) | आवश्यकता आधारमा आर्थिक सहयोग, जनशक्ति परिचालन एवम् सूचना सम्प्रेषण | नर बहादुर लम्साल | ९८५११६२३१५ |
| ८ | हुरेड कार्स नेपाल | आवश्यकका आधारमा आर्थिक सहयोग, जनशक्ति परिचालन, भौतिक पूर्वाधार निर्माण एवम् सूचना सम्प्रेषण | प्रचण्ड मल्ल | ९८४३४५६८२७ |
| ९ | यु एम एन रूकुम क्लष्टर | आर्थिक तथा भौतिक सहायता | शिव अधिकारी | ९८५१०९६५३८ |
| १० | नेपाल जनजागरण मञ्च | आर्थिक तथा भौतिक सहायता | मोहन खड्का | ९८४२४९४२७० |
| ११ | सामूदायिक वन उपभोक्ता महासङ्घ जिल्ला शाखा | काठ, दार, दाउराको उपलब्धता, आपसी समन्वय, वृक्षारोपण | निर्जङ्ग के.सी. | ९८६८१५७६३८ |
| १२ | नेपाल बिद्युत प्राधिकरण | विद्युतीकरण, अस्थायी/स्थायी लाइन, तार, पोल | सुरेश प्रसाद चौधरी | ९८५७८५४६२६ |
| १३ | डिभिजन बन कार्यालय | काठ, दार, दाउरा, उपलब्धता, वृक्षारोपणमा सहयोग र रूखहरू ढलेर भएको अवरोधको निकास | विश्व के.सी. | ९८६८६५४६५७ |

## आपत्कालीन परिस्थितिको पूर्वतयारीः (आपत्कालीन परिस्थितिभन्दा पहिले)

| क्र स | क्रियाकलापहरू | मुख्य जिम्मेवारी | कहिले गर्ने |
|---|---|---|---|
| १ | स्थानीय तहमा | शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह र सहयोगी निकायहरू | मंसिरमा |
| २ | आपत्कालीन आश्रय पहिचान तथा व्यवस्थापन बैठक | शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह र सहयोगी निकायहरू | पुस |
| ३ | जनशक्ति व्यवस्थापन तथा परिचालन अन्तरक्रिया | शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह र सहयोगी निकायहरू | माघ |
| ४ | समन्वय, सहकार्य बैठक छलफल | शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह र सहयोगी निकायहरू | चौमासिक रूपमा |
| ५ | बिपद् सहायता सामग्री ब्यवस्थापन | शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह र सहयोगी निकायहरू | बैशाखमा |
| ६ | विद्यालयहरूको आकस्मिक योजना बनाउने | सम्वन्धित बिद्यालयहरू | जेठ सम्ममा |
| ७ | विगतमा प्रभावित विद्यालयको अध्ययन, विश्लेषण गरी बाढी, भूकम्प सम्बन्धमा प्र.अ., शिक्षक तथा वि.ब्य. समितिलाई विद्यालय स्तरीय चेतनामुलक कार्यक्रम गर्ने, गराउने, शिक्षकहरूलाई प्राथमिक उपचार तालिम | प्र अ, शिक्षक तथा बिद्यालय | माघ तथा फागुन |
| ८ | वैकल्पिक विद्यालय स्थापना र सञ्चालनका लागि आवश्यक सामग्री तथा श्रोत व्यक्तिहरूको पहिचान गर्ने | प्र.अ., शिक्षक तथा बिद्यालय | चौमासिक रूपमा |
| ९ | उच्च जोखिम क्षेत्रका शिक्षक, सामाजिक कार्यकर्ता (मानवीय श्रोत र अन्य श्रोत समेतको रोष्टर निर्माण गर्ने र सचेत गराउने | प्र.अ., शिक्षक तथा बिद्यालय सहयोगी निकाय, सरोकारवालाहरू, सञ्चार क्षेत्र | चौमासिक रूपमा |
| १० | उच्च जोखिम क्षेत्रमा प्रचार प्रसारका लागि सूचना सञ्चारका सामग्रीहरू व्यवस्थापन गर्ने | प्र.अ., शिक्षक तथा बिद्यालय सहयोगी निकाय, सरोकारवालाहरू, सञ्चार क्षेत्र | चौमासिक रूपमा |
| ११ | स्थानीय सञ्चार माध्यम मार्फत जनचेतनाका गतिबिधि सञ्चालन गर्ने | प्र.अ., शिक्षक तथा बिद्यालय सहयोगि निकाय, सरोकारवालाहरू, सञ्चार क्षेत्र | निरन्तर |
| १२ | विद्यालय बिपद् सुरक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने | विद्यालय सहयोगी निकाय, सरोकारवालाहरू, सञ्चार क्षेत्र | जेठसम्म |

## बिपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना (बिपद्को अवधिमा लागु हुने)

| सहयोग गतिबिधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| **सहयोग सम्बन्धी गतिविधि – तत्कालका लागि (०–३० दिनसम्म)** | | |
| **जानकारी सङ्कलनका लागि क्लष्टर समन्वय बैठक**<br>➢ आर्थिक तथा मानवीय श्रोतको आपत्कालीन जोहो<br>➢ सूचना केन्द्रको स्थापना तत्काल शैक्षिक क्षतिको सूचना सङ्कलन गर्ने<br>➢ सुरक्षित स्थानमा शिविर स्थापना गर्ने<br>तत्काल स्थानीय तह तथा अन्य क्षेत्रमा भएका सूचना केन्दहरूसँग सम्पर्क स्थापना गरी जानकारी सङ्कलन गर्ने | शिक्षा विकास तथा समन्वय इकाइ | पहिलो दिन |
| **परिस्थिति सम्बन्धी प्रतिवेदन तयार पार्ने :**<br>क. पहिलो प्रतिवेदन ।<br>ख. अद्यावधिक प्रतिवेदनहरू अनुशरण गर्ने ।<br>ग. २४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चारमाध्यमका लागि समाचार प्रकाशन गर्ने । | शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह | दोस्रो दिन |
| **प्रारम्भिक लेखाजोखाको प्रतिवेदन तयार पार्नका निमित्त आधार रेखाका तथ्याङ्को समीक्षा गर्ने :**<br>क. प्रभावित विद्यालय तथा विद्यार्थीको अनुमान गर्नका लागि प्रभावित विद्यालय सेवा क्षेत्रबाट उपलब्ध तथ्याङ्क/जानकारीको समीक्षा गर्ने ।<br>ख. प्रभावित क्षेत्रमा रोकिएको शैक्षिक सेवा अस्थायी रूपमा सुचारू गराउन जिम्मेवारी तोक्ने । | शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह | दोस्रो र तेस्रो दिन |
| क. स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना (Cluster CP) को समीक्षा गर्ने | शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह | ७ दिनभित्र |
| **बिपद्बाट बढी जोखिममा रहेका समूहहरू**<br>क. अपाङ्ग बालबालिकाको पहिचान ।<br>ख. परिवारबाट बिछोडिएका ।<br>ग. आमाबाबु गुमाएका ।<br>घ. मनोसामाजिक आघातमा परेका बालबालिकालाई मानवीय सहायताका लागि श्रोत खोजेर सम्झौता गर्ने ।<br>ङ. शिविरभित्रै बाल सिकाइ कक्षा सञ्चालन गर्ने । | शिक्षा विकास तथा समन्वय इकाइ, सम्बन्धि स्थानीय तह | पहिलो हप्तादेखि १ महिनाभित्र |
| **क्षेत्रगत निकायहरूको (Cluster) समन्वय बैठक**<br>क.सूचना तथा जानकारी आदानप्रदान, अवस्था विश्लेषण, कार्यक्रमको पूर्वतयारी तथा साझा सहमति, श्रोतको खोजी तथा व्यवस्थापन । | शिक्षा विकास तथा समन्वय इकाइ, सम्बन्धि स्थानीय तह | हप्तामा एकपटक |
| **आवश्यकताको विस्तृत लेखाजोखा सञ्चालन गर्ने ३०–९० दिनसम्म** | | |
| **स्रोतहरूको परिचालन गर्नका लागि आवश्यकता विश्लेषण**<br>क. प्रस्तावना तयार पार्ने ।<br>ख. दातृ निकायहरूसँग प्रस्तावना सहित श्रोतको माग गर्ने । | शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह, क्लष्टर सदस्यहरू | ३–४ हप्ता |
| ग. परिस्थितिसम्बन्धी अद्यावधिक प्रतिवेदनलाई निरन्तर अद्यावधिक गर्ने | शिक्षा विकास तथा समन्वय इकाइ, सम्बन्धि स्थानीय तह | हप्तामा एकपटक |
| घ. मानवीय सहायताका साथै क्षतिग्रस्त शैक्षिक संस्थाको पुनः निर्माण गर्ने | शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह, सम्बन्धि सहयोगी निकाय | दोस्रो र तेस्रो महिनामा |
| ङ. मानवीय शैक्षिक सहयोगको निरन्तरताका साथै नियमित अनुगमन | शिक्षा विकास तथा समन्वय इकाइ, सम्बन्धि स्थानीय तह, सहयोगी निकाय | निरन्तर |
| च. विद्यालयलाई अस्थायी आवास बनाएका बिपद् प्रभावितहरूलाई क्रमशः घर पठाउने । | शिक्षा विकास तथा समन्वय इकाइ, सम्बन्धि स्थानीय तह, सहयोगी निकाय | दोस्रो हप्ता |
| छ. आवश्यकतानुसार अस्थायी सिकाइ केन्द्र निर्माण गरी शिक्षण कार्य गर्ने । | शिक्षा विकास तथा समन्वय इकाइ, सम्बन्धि स्थानीय तह, सहयोगी निकाय | आवश्यकता अनुसार |

| | | |
|---|---|---|
| ज. आवश्यकताका आधारमा परामर्श सेवा उपलब्ध गराउने । | शिक्षा विकास तथा समन्वय इकाइ, सम्बन्धि स्थानीय तह, सहयोगी निकाय | दोस्रो हप्ता |
| झ. जिल्ला बिपद् ब्यवस्थापन समितिको सिफारिसको आधारमा भौतिक क्षति भएका विद्यालयहरूको पुनः निर्माण, पाठ्यपुस्तक क्षति भएका विद्यार्थीहरूको पाठ्यपुस्तक खरिद आदिका लागि रकम यकिन गरी सम्बन्धित निकायसँग माग गर्ने । | शिक्षा विकास तथा समन्वय इकाइ, सम्बन्धि स्थानीय तह , सहयोगी निकाय | पांचौ हप्ता |

## ज) क्षेत्र : राहत पुनः निर्माण पुनःस्थापना

यस क्षेत्रमा नेतृत्व प्रदान गर्ने निकाय (Cluster Lead) जिल्ला समन्वय समिति/स्थानीय तह सबै क्षेत्रगत सदस्यहरूको सूचि, क्षमता तथा श्रोत आँकलनः-

| क्र.सं | क्षेत्रगत साझेदार निकायको नाम | उपलब्ध स्रोत | सम्पर्क ब्यक्ति | टेलिफोन वा इमेल |
|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति रूकुम (पुर्वी भाग) | स्थानीय तह को समन्वयमा सरोकारवालाहरू सबै | जि. स. स. प्रमुख जि. स. अधिकारी | ९८४०४९४१५५, ९८४३९३२१०३ |
| २ | सिस्ने गाउँपालिका | राहत, पुनस्थापना तथा पुनः निर्माण | अध्यक्ष प्र. प्र.अ. | ९८६३९३५१४२, ९८५७२४२३५ |
| ३ | भूमे गाउँपालिका | | अध्यक्ष प्र. प्र.अ. | ९८६०२३७३०८, ९७६२५२७१११ |
| ४ | पूथा उत्तरगङ्गा गाउँपालिका | | अध्यक्ष प्र. प्र.अ. | ९८५७८२४२८१, ९८५७८८०३०३ |
| ५ | जलस्रोत तथा सिँचाइ विकास सव डिभिजन कार्यालय | बिपद् पश्चात् सिँचाइ संरचना पुनःनिर्माण र ग्याभिन प्रोटेक्सन गर्ने र बायो इन्जिनियरिङ लगायतका कार्य गर्ने । | प्रमुख | ९८५७८२००१८ |
| ६ | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | बिपद् पश्चात् खानेपानी संरचना पुनःनिर्माण र प्रविधिक सल्लाह | प्रमुख | ९८४१७७१०५२ |
| ७ | नेपाल रेडक्रस रूकुम पूर्व जिल्ला शाखा | राहात, खाद्य तथा गैह्रखाद्य सामग्री, तयारी खाना | सभापति | ९८५७८३०६१२ ९८५७८५७०९९ |
| ८ | सामूदायिक वन महासङ्घ | बिपद् व्यवस्थापन कोष खडा/काठ सहयोग | अध्यक्ष | ९८६६९२३२१३ |
| ९ | उद्योग वाणिज्य सङ्घ | राहत, खाद्य तथा गैह्रखाद्य सामग्री, तयारी खाना | अध्यक्ष | ९८५८०२७०९९ |
| १० | नेपाल चेम्बर अफ कमर्श रूकुम शाखा | राहत, खाद्य तथा गैह्रखाद्य सामग्री, तयारी खाना | अध्यक्ष | ९८५१२२२९३० |
| ११ | निर्माण व्यवसायी सङ्घ | निर्माणजन्य सामग्री ढुवानी तथा सहयोग | अध्यक्ष | ९८५११३८१५९ |

## आपत्कालीन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधिः (बिपद्भन्दा पहिले)

| क्र सं | क्रियाकलापहरू | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|---|
| १ | जिल्लाका क्षेत्रगत साझेदारहरूका बीच क्लस्टर सदस्यको बैठक गर्ने, समन्वय स्थापित गर्ने संयन्त्रका बारेमा सहमति कायम गर्ने । | जिल्ला समन्वय समिति, क्लष्टर सदस्यहरू | मङ्सिर, फाल्गुण र असार |
| २ | प्रभावित क्षेत्रमा उत्पन्न हुनसक्ने सङ्कट आँकलन गरी क्षेत्रगत जिम्मेवारी बाँडफाँड गर्ने । | जिल्ला समन्वय समिति, क्लष्टर सदस्यहरू | वैशाखसम्म |
| ३ | स्थानीय तहमा उद्धार तथा राहतमा प्रयोग हुनसक्ने औजार उपकरणको तयारी र क्षेत्रगत भण्डारण गर्न समन्वय गर्ने | जिल्ला समन्वय समिति, क्लष्टर सदस्यहरू | जेठ |
| ४ | बर्षायाममा अवरोध पुऱ्याउने भएकाले खोला छेउमा पोल, गाडी, डोरी टागेर आपत्कालीन खोला तर्न तयारी अवस्थामा राख्ने । | जिल्ला समन्वय समिति, क्लष्टर सदस्यहरू | असार मसान्तसम्म |
